
# लेखापरीक्षण प्रतिवेदन

# मैवाखोला गाउँपालिका, ताप्लेजुङ

## आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# मैवाखोला गाउँपालिका, ताप्लेजुङ

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वियन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वियनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वियनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**कोशी प्रदेश लेखापरीक्षण निर्देशनालय**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-५

च.न.:FAR/2080-81/LOC/31

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

श्री अध्यक्षज्यू,
मैवाखोला गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
ताप्लेजुङ ।

## कैफियतसहितको राय

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन,बजेटको तुलनात्मक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले पेश गरेको प्रासी र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु. ४ करोड ६ लाख ८४ हजार, एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.२ करोड ७९ लाख ६९ हजार, स्वास्थ्य क्षेत्र कार्यक्रमको रु.२ लाख १० हजार र पर्यटन पुर्वाधार विकास आयोजनाको रु.४३ लाख ८ हजार समेत गरी रु.७ करोड ३१ लाख ४१ हजार समावेश गरेको छैन।

२. गाउँपालिकाको रु. ८२ करोड ८८ लाख ७ हजार लेखापरीक्षण गरिएकोमा रू. ७ करोड ९५ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु. १ लाख ३५ हजारको प्रतिक्रियाबाट फस्यौंट भई बाँकी बेरुजुमा असुल गर्नुपर्ने रू. ३ करोड ९० लाख ३९ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड ३९ लाख ५९ हजार र नियमित गर्नुपर्ने रु.१ करोड ६९ लाख ६२ हजार रहेको छ। गत वर्षसम्मको बेरुजुमध्ये फस्यौंट भई .३ करोड ४७ लाख ५१ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.१० करोड ४७ लाख १२ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७, सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान,लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने मैवाखोला गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

## अन्य बेहोरा

यो गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।

## वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी मैवाखोला गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

## वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेकोनेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( बालकृष्ण थापा )

नायब महालेखापरीक्षक

# चालु वर्षको बेरुजु

चालु वर्षको बेरुजु

## बेरुजु वर्गीकरण

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | | पेस्की |
| ७९ | १३० | ७,००,९५,४६४ | ० | १ | १,३५,००० | ० | ७९ | १२९ | ६,९९,६०,४६४ | ३,९०,३९,२९२ | १,६९,६२,४८८ | १,३९,५८,६८१ | ० | ० | ३,०९,२१,१६८ | | ० |

## अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| ताप्लेजुङ | ६,९२,७३,००० | | ३,४५,२१,६३९ | ३४७५१३६१ | | ६,९९,६०,४६४ | १०४७११८२५ |

## बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७९/८० | ८४ | विद्यालय भौतिक पूर्वाधार निर्माण- | १,४९,५०,००० |
| २ | २०८०/८१ | ९९ | विल भरपाई | १,३५,००० |
| ३ | २०७४/७५ | २७ | बाघधारा मुहान संरक्षण उपभोक्ता समिति | ५,३७९ |
| ४ | २०७४/७५ | २४ | श्री गंगा आ वि मर्मत समिति | ५,४५६ |
| ५ | २०७४/७५ | २४ | ढुंगेसाघु सामुदायिक भवन मर्मत उपभोक्ता समिति | १०,६९० |
| ६ | २०७४/७५ | २२ | तिनतिरे चागे तेल्लाबुङ तेम्बे सडक | ६,६७७ |
| ७ | २०७४/७५ | २२ | तिनतिरे चागे तेल्लाबुङ तेम्बे सडक | ३,९०० |

| | | | | |
|---|---|---|---|---|
| ८ | २०७४/७५ | २२ | नवज्योती आ वि | ६,४१६ |
| ९ | २०७४/७५ | २२ | श्री सैरेनी डाँडा प्रा वि | ११,६५१ |
| १० | २०७४/७५ | २२ | मदन भण्डारीको घर ठेस गारो निर्माण उपभोक्ता समिति | १०,२४१ |
| ११ | २०७६/७७ | ३६ | सोझै खरिद | ८,०५,५६२ |
| १२ | २०७६/७७ | ४० | सोझै खरिद | ४,९९,८६३ |
| १३ | २०७६/७७ | ४५ | सोझै खरिद | ५,००,००० |
| १४ | २०७६/७७ | ४६ | सोझै खरिद | १८,१३,१२४ |
| १५ | २०७६/७७ | ४८ | उपभोक्ता समितिको कार्य निर्माण व्यवसायिबाट | १,५८,९३,२८० |
| जम्मा | | | | ३,४६,५६,६३९ |

# (८०१०१५०५३०० - मैवाखोला गाउँपालिका, ताप्लेजुङ )

## परिचय

१ **(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ६ वडा, ३४ सभा सदस्य, १३८ वर्ग किलोमिटर क्षेत्रफल तथा १०२१३ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।०५। १६ देखि २०८१।०५। १९ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदन समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको आय – व्ययतर्फ रु.८२८८०६१५७.६९ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा डा. नवराज चापागाँईको छूट पारिश्रमिक कर रु १६५००० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

महालेखापरीक्षकको बार्षिक लेखापरीक्षण योजना २०८१ अनुसार स्वीकृत भएको इकाइगत लेखापरीक्षण योजना बमोजिम कार्यालयले पेश गरेको आर्थिक बिवरण, प्रगति प्रतिवेदन, लिखित प्रतिनिधित्व पत्र र अन्य बिवरण तथा लेखापरीक्षणका मानदण्ड तथा मार्गदर्शन समेतलाई आधार मानी गाउँपालिकाको आर्थिक बर्ष २०८०।८१ को लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। स्रेस्ताको सम्पूर्ण जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ। स्रेस्ताको जोडजम्मा तर्फ कार्यालयले गरेको जोडजम्मालाई आधार लिइएको छ। सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन। लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोराहरू निम्नानुसार छन्

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

## २ वित्तीय प्रतिवेदन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको एकिकृत वित्तिय प्रतिवेदन (म.ले.प.फा.नं २७०) पेश भएको छ । यस सम्बन्धमा निम्नअनुसार देखिएको छः

गैवाखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, ताप्लेजुङ
कार्यालयको कोड : ८०१०१५०५३००
वित्तीय प्रतिवेदन

म.ले.प.फा.नं. २७०-०१

आ.व. : २०८०/८१ अवधी : २०८०/०४/०१ - २०८१/०३/३१

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)

| क्र.स./आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | | |
| ११००० | कर | | ६,११,०४,२१६.८५ | ०.०० | ६,११,०४,२१६.८५ | ५,८१,६३,१५६.६७ | ०.०० | ५,८१,६३,१५६.६७ |
| १३००० | अनुदान | | २७,७३,५५,९१८.१२ | ०.०० | २७,७३,५५,९१८.१२ | ३०,९९,१८,०७०.९५ | ०.०० | ३०,९९,१८,०७०.९५ |
| १४००० | अन्य राजस्व | | २७,३९,००९.७४ | ०.०० | २७,३९,००९.७४ | २,००,०००.०० | ०.०० | २,००,०००.०० |
| १५००० | विविध प्राप्ति | | ७,५०,२०८.०४ | ०.०० | ७,५०,२०८.०४ | ०.०० | ०.०० | ०.०० |
| क | कुल जम्मा प्राप्ति | | ३४,१९,४९,३५२.७५ | | ३४,१९,४९,३५२.७५ | ३६,८२,८१,२२७.६२ | | ३६,८२,८१,२२७.६२ |
| ३ | चालु | | २३,०२,४६,६२७.०४ | ०.०० | २३,०२,४६,६२७.०४ | २५,९१,२७,७६०.५० | ०.०० | २५,९१,२७,७६०.५० |
| २१००० | पारिश्रमिक / सुविधा | | १४,९५,०९,९७५.०४ | ०.०० | १४,९५,०९,९७५.०४ | १०,०९,८२,०३३.०० | ०.०० | १०,०९,८२,०३३.०० |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | ७,८६,०७,५५४.०० | ०.०० | ७,८६,०७,५५४.०० | ८,१३,५८,०८८.१० | ०.०० | ८,१३,५८,०८८.१० |
| २६००० | अनुदान | | ७,८०,०००.०० | ०.०० | ७,८०,०००.०० | ७,०४,८६,६००.४० | ०.०० | ७,०४,८६,६००.४० |
| २७००० | सामाजिक सुरक्षा | | ८,००,०००.०० | ०.०० | ८,००,०००.०० | ५९,०३,४३९.०० | ०.०० | ५९,०३,४३९.०० |
| २८००० | अन्य खर्च | | ५,४९,०९८.०० | ०.०० | ५,४९,०९८.०० | ३,९७,६००.०० | ०.०० | ३,९७,६००.०० |
| ४ | पूंजीगत | | १०,६७,४७,१८४.०० | ०.०० | १०,६७,४७,१८४.०० | १२,५४,४०,८२३.५४ | ०.०० | १२,५४,४०,८२३.५४ |
| ३१११० | भवन तथा संरचना | | ७,३०,३८,५४१.०० | ०.०० | ७,३०,३८,५४१.०० | ३,६३,२३,६६०.३४ | ०.०० | ३,६३,२३,६६०.३४ |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | | ९,१९,३०८.०० | ०.०० | ९,१९,३०८.०० | ६२,३६,०५७.०० | ०.०० | ६२,३६,०५७.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | | २०,२९,९९२.०० | ०.०० | २०,२९,९९२.०० | ३०,५०,६११.०० | ०.०० | ३०,५०,६११.०० |
| ३११५० | सार्वजनिक निर्माण | | २,९२,५०,४९६.०० | ०.०० | २,९२,५०,४९६.०० | ७,८४,२५,४४८.२० | ०.०० | ७,८४,२५,४४८.२० |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | | १५,०८,८४७.०० | ०.०० | १५,०८,८४७.०० | १४,०५,०४७.०० | ०.०० | १४,०५,०४७.०० |
| ख) | कुल जम्मा भुक्तानी | | ३३,६९,९३,८११.०४ | | ३३,६९,९३,८११.०४ | ३८,४५,६८,५८४.०४ | | ३८,४५,६८,५८४.०४ |
| ग) | बचत /कमी (ग = क-ख ) | | ४९,५५,५४१.७१ | | ४९,५५,५४१.७१ | (१,६२,८७,३५६.४२) | | (१,६२,८७,३५६.४२) |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थपघट (+/-) | | (३५,८०,४३५.९०) | | (३५,८०,४३५.९०) | ४३,८९,०६४.६८ | | ४३,८९,०६४.६८ |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | ७१३.२४ | | ७१३.२४ | | | |
| ङ) | यस आ.व.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | | १३,७५,१०५.८१ | | १३,७५,१०५.८१ | (१,१८,९८,२९१.७४) | | (१,१८,९८,२९१.७४) |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | | ५,१४,२२,४८६.२२ | | ५,१४,२२,४८६.२२ | ५,१४,१०,९४८.११ | | ५,१४,१०,९४८.११ |
| छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | | | | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | | ५,२७,९७,५९२.०३ | | ५,२७,९७,५९२.०३ | ३,९५,१२,६५६.३७ | | ३,९५,१२,६५६.३७ |

| लेखाप्रमुख | कार्यकारी अधिकृत | महालेखापरीक्षकको कार्यालय |
|---|---|---|

पालिकाबाट प्रमाणिकरण मिति :

## ३ वित्तीय विवरणको यथार्थता

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (शुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको एकिकृत वित्तिय प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ। पालिकाले यो वर्ष खर्च गरेको सामाजिक सुरक्षा तथा

संरक्षणको रु.४,०६,५४,०१५।०० र एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.२,७९,६९,१७६, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.२,१०,००० र पर्यटन पुर्वाधार विकास आयोजनाको रु.४३,०८,०८८।०० समेत गरी रु.७,३१,४१,२७९ सुत्रको अनुसूचीमा लेखाङ्कन गरेको छैन। जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरण पूर्ण नहुँदा पालिकाले तयार गरेको एकिकृत वित्तिय प्रतिवेदनले (म.ले.प.फा.नं २७०) आर्थिक अवस्थाको यथार्थ चित्रण गरेको छैन। तसर्थ सबै आर्थिक कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

४ **फरक जिम्मेवारी**

पालिकाले गत वर्षमा अन्तिम मौज्दात रहेको रकमलाई यस वर्ष जिम्मेवारी सार्नुपर्दछ ।यस पालिकाले सुत्र प्रणाली मार्फत तयार गरेको स्थानीय सरकारको एकिकृत वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं.२७०) को परीक्षण गर्दा गत वर्षको मौज्दात र यो वर्षको जिम्मेवारीमा देहाय वमोजिम रु.१३,३८,५४०.२९ फरक देखिएको छ । पालिकाले गत वर्षको अन्तिम मौज्दात रहेको रु ३,८४,४६,३१४.३५ जिम्मेवारी देखिएकोमा यो वर्ष रु. ५,१४,२२,४८६.२२ जिम्मेवारी सारेको कारणवाट रु. १,१३,३८,५४०.२९ बढी जिम्मेवारी सारेको छ। यसरी गत वर्षको अन्तिम मौज्दात भन्दा बढी जिम्मेवारी सारेको सम्वन्धमा खुलासा गरेको छैन ।बढी जिम्मेवारी सारेको सम्बन्धमा खुलासा गर्नुपर्दछ।

| **क्र.सं.** | **विवरण** | | **गतवर्षको अन्तिम मौज्दात** | **यो वर्षको जिम्मेवारी** | **फरक** |
|---|---|---|---|---|---|
| **१** | ग १.१ - आन्तरिक राजस्व खाता | | ० | ० | ० |
| **२** | ग १.२ - बाँडफाँडबाट प्राप्त राजस्व खाता | | ० | ० | ० |
| **३** | ग १.३ - आन्तरिक अनुदान खाता | | ० | ० | ० |
| **४** | ग ३.१ स्थानीय तह धरौटी खाता | | ५७,४४,६५३.६६ | ६५,६३,४६८.४९ | ८,१८,८१४.८३ |
| **५** | ग ४.१ स्थानीय तह सञ्चित कोष खाता | | ३,२७,०१,६६०.६९ | ३,२७,०१,६६१.६५ | ०.९६ |
| **६** | ग ५.१ स्थानीय तह विविध कोष खाता - विविध कोष खाता (ग.५.१) | | ० | ५५,७७,३६०.९० | (५५,७७,३६०.९०) |
| **७** | ग ७.२ स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता - विपत व्यवस्थापन कोष | | ० | ६५,७९,९९५.१८ | (६५,७९,९९५.१८) |
| | **जम्मा** | | **३,८४,४६,३१४.३५** | **५,१४,२२,४८६.२२** | **(१,१३,३८,५४०.२९)** |

५ **अनुदान फिर्ता**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ अनुसार सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई बाँकी रहेको शसर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। सुत्रबाट तयार भएको पालिकाको यस वर्षको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) को अनुसूची २१ मा फिर्ता गरेको अनुदान रु.१,०३,५०,६८८।८८ मिति २०८०।३।२९ मा फिर्ता गरेको विवरण पेश भएको छ ।

| अनुदान विवरण | कुल प्राप्ती रकम | खर्च रकम | फिर्ता गर्नुपर्ने रकम | फिर्ता गरेको रकम | गर्न बाँकी रकम |
|---|---|---|---|---|---|
| संघिय शसर्त चालु | १५,२४,२३,००० | १४,४२,२२,२७९.१२ | ८२,००,७२०।८८ | ८२,००,७२०।८८ | ० |
| संघिय शसर्त पुँजिगत | १,५८,००,००० | १,५६,४५,२८५.०० | १,५४,७१५।०० | १,५४,७१५।०० | ० |
| समपुरक अनुदान पुजिगत | ५७,४८,१६४ | ३७,८९,९११ | १९,५८,२५३।०० | १९,५८,२५३।०० | ० |
| प्रदेश शसर्त चालु | १०,७५,००० | १०,५५,००० | २०,०००।०० | २०,०००।०० | ० |
| प्रदेश शसर्त पुँजिगत | ६,५०,००० | ६,३३,००० | १७,०००।०० | १७,०००।०० | ० |
| **जम्मा** | | | **१,०३,५०,६८८।८८** | **१,०३,५०,६८८।८८** | **०** |

## ६ बैङ्क हिसाब विवरण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरण अनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात बिच रु.१५,७९,३९८.८९ फरक देखिएको छ । पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

| खाता | श्रेस्ता अनुसार | वैङ्क अनुसार | फरक |
|---|---|---|---|
| विविध खर्च खाता | ५६,७०,७०४.१८ | १७,९८,६२४ | ० |
| प्रकोप व्यवस्थाप कोष खाता | | ३८,७२,०८०.१८ | |
| स्धानीय तह धरौटी खाता | ९४,६९,६८४.४९ | ९४,६९,६८४.४९ | ० |
| स्थानीय तह सञ्चित कोष खाता | ३,७६,५०,१००.५० | ३,७६,५०,१००.५० | ० |
| चालु खर्च खाता | -१४२६।४८ | ० | -१४२६।४८ |
| लैङ्गिक हिंसा निवारणका लागि संघर्ष कोष | ० | ३,००,००० | ३,००,००० |
| दलित शसक्तिकरणका लागि अध्यक्ष कोष | ० | ५,००,००० | ५,००,००० |
| आपतकालिन वाल उद्वारकोष | ० | १,००,००० | १,००,००० |
| स्थानीय आपतकालिन राहात तथा उद्धारकोष | ० | ४७५८२५ | ४,७५,८२५ |
| विभाज्यकोष खाता | ० | ५००० | ५००० |
| वित्तिय व्यवस्था खर्च खाता | ० | २००००० | २००००० |
| **जम्मा** | | | **१५७९३९८.८९** |

## ७ बजेट पेश, पारित र अख्तियारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपाधक्ष्य श्री कमल कुमारी लिम्बुले मिति २०८०।३।९ मा रु.३७ करोड २० लाख ३६ हजार ८०० को बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।३।२५ मा पारित भएको

छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।०३।२९ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

८ **बजेट सीमा निर्धारण समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरी मिति २०८०।२।२५ को वजेट सिमा निर्धारण समितिको निर्णय वमोजिम रु ३५,९४,१०,८०० को सिमा निर्धारण गरेको छ। सोही सिमाका अधिनमा रही वजेट व्यवस्थापन गरेतापनी कानुनले तोकिएको सिमामा विषयगत शाखा तथा वडालाई सिमा उपलब्ध नगराएको तथा कानुनमा भएको क्षेत्रगत सिमा निर्धारण, प्राथमिकीकरण तथा बजेट तर्जुमा दिग्दर्शन तयार गरेको छैन। ऐनमा व्यवस्था भएअनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

९ **आवधिक योजना**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागु गर्नुपर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८०।८१ मा आर्थिक वर्ष २०८०/८१ देखी २०८४/८५ सम्मको लागि प्रथम पञ्चवर्षीय आवद्यिक योजना तयार गरेको देखिन्छ। उक्त आवधिक योजनाले सुखी र समृद्ध मैवाखोलाको आधार, अर्गानिक कृषि, शिक्षा, स्वास्थ्य पर्यटन र पूर्वाधार भन्ने दीर्घकालीन सोच हाँसिल गर्न स्तरयुक्त भौतिक पूर्वाधारको विकासको माध्यमवाट जनताको आर्थिक समाजिक क्रियाकलापमा पहुँच सुनिश्चित गर्ने, विद्यमान जल, जमिन, जङ्गल तथा जटिबुटीको समुचित उपयोगको वातावरण निर्माण गर्दै कृषि र वनमा आधारित उद्योग व्यवसायको प्रवर्द्धन गर्ने लगायतका ५ वटा उद्देश्यहरु तय गरेको देखिन्छ।उल्लेखित लक्ष्य हाँसिल गर्न र तोकिएका परिमाणात्मक लक्ष्य हाँसिल गर्न ५ वर्षमा रु.७ अर्व ५२ करोड लाख वजेट लाग्ने तय भएको देखिन्छ। सो अवधिमा गाँउपालिकाको सामाजिक आर्थिक लगतयको विभिन्न विषयमा रु.१ अर्व ६४ करोड तथा पालिका गौरवका योजनामा रु. ५ अर्व ८८ करोड लाग्ने अनुमान गरेको देखिन्छ ।तथापी गाँउपालिकाले वार्षिक कार्यक्रम छनौट गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषय र कार्यक्रमहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी सोही अनुरुप बार्षिक बजेट तथा कार्यक्रम तय गरी सोको कार्यान्वियन गर्नुपर्दछ ।

१० **बजेट तथा कार्यक्रम तर्जुमा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको देखिएन । पालिकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

११ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले कानुनमा भएको व्यवस्था वमोजिम त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी हुन सकेको अवस्था रहेको छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीयतहले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक योजना तयार भएतापनी सो कार्यान्वयनका लागि रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

• पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरी सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।

• पालिकाकामा कार्यरत कर्मचारीको कार्य विवरण बनाई सोको आधारमा कार्यसम्पादन मुल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन ।

• पालिकाले २०७८।७९ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसूची -२११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

• पालिकाले सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार तथा सार्वजनिकरण गरेको पाईएन।

• राजस्व सङ्कलन सम्बन्धमा सूचना प्रविधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको छैन।

• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको आयोजना बैँङ्क खडा गरेको देखिएन ।

• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

• पालिकाले जिन्सी सामानको एकिकृत विवरण तयार गरेको भएतापनी सहायक जिन्सी खाता अध्यावधिक गरेको छैन ।

• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।

• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो गरेको देखिएन ।

• पालिकाले आयोजना तथा कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो कार्यान्वियन गरेको छैन।

• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।

• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार नगरेको तथा पालिका क्षेत्रको फोहोरमैला ब्यबस्थापनका लागि कार्ययोजना तयार गरेको पाईएन।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४(२ ङ) अनुसार प्रमुख प्रशासकिय अधिकृतले आयोजनाहरुको फरफारकका लागि प्रतिवेदन तयार गरि कार्यपालिकाको बैठकमा पेश गर्ने काम र कर्तव्य तोकिएकोमा सो कार्य पुरा भए गरेको पाईएन ।

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार कार्यालयले भ्रमण काजमा खटाउँदा भ्रमण अभिलेख व्यवस्थित गरी भ्रमण अभिलेख खाता अद्यावधिक गर्ने गरेको छैन।

• पालिकाले शिक्षातर्फको कार्यक्रम कार्यान्वियन पुस्तिकामा उल्लेख भए वमोजिम संस्थागत विद्यालयहरूको अभिलेख तयार गरेको भएतापनी, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्नेमा विविध खर्च गर्दा खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गरेको देखिएन ।

• पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो।

• पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ८८ मा कार्यालयले बेरुजुको लगत राख्नुपर्ने व्यवस्था छ । पालिकाले म. ले. प. फाराम ८०१ -बेरुजु लगत, म. ले. प. फाराम ८०२- बेरुजुको कार्यालयगत प्रतिवेदन, म. ले. प. फाराम ८०३ -बेरुजुको केन्द्रिय कार्यालयगत लगत, म. ले. प. फाराम ८०४- बेरुजुको कार्यालयगत केन्द्रिय प्रतिवेदन, म.ले.प. फाराम ८०५- सम्परीक्षण गोश्वारा अभिलेख लगायतका विवरण अद्यावधिक राखेको देखिएन।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउनुपर्ने व्यहोरा गत विगत वर्षमा समेत औँल्याइएकोमा स्थिति एथावत् छ। उल्लेखित विषयमा सुधार गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

## १२ योजनाको प्राथमिकीकरण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिबी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकताका आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार योजनामा बजेट विनियोजन गरेको छ।

| **रु. १ लाख सम्म** | | **रु. १ लाख देखि ५ लाख सम्म** | | **रु. ५ लाख देखि १० लाख सम्म** | | **रु. १० लाख देखि २० लाख सम्मका** | | **रु. २० लाख भन्दा बढीको** | | **जम्मा** |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **संख्या** | **रकम** | **संख्या** | **रकम** | **संख्या** | **रकम** | **संख्या** | **रकम** | **संख्या** | **रकम** | |
| २ | १००००० | ४६ | ९८,००,००० | १४ | ८७,५०,००० | ९ | ५४५०००० | ८ | ७,८५,६१,००० | १०,५९,६१,००० |

उपर्युक्त विवरण अनुसार पालिकाले कुल ७९ योजनामध्ये ४८ योजनाहरु ५ लाख भन्दा साना र योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये सम्पुर्ण योजनाहरु कार्यान्वियन गरेको विवरण प्राप्त भएको छ । पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

## १३ आन्तरिक लेखापरीक्षण

स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। यस पालिकाले आर्थिक वर्ष २०८०।८१ आर्थिक अन्तरसरकारी अख्तियारी तर्फको आन्तरिक लेखापरीक्षण कोष तथा लेखा नियन्त्रक कार्यालयवाट गराएतापनी गाउँपालिकातर्फको सम्पूर्ण कारोबारको आन्तरिक लेखापरीक्षण गरे/ गाराएको छैन।जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको देखिन्छ । पालिकामा आन्तरिक लेखापरीक्षकका लागि सहायक पाँचौ स्तरको १ दरबन्दी रहेतापनी हाल पदपूर्ती समेत भएको छैन । पालिकाले आन्तरिक लेखापरीक्षकको पदपुर्ती गराई कानुनमा भएको व्यवस्था वमोजिम आन्तरिक लेखापरिक्षण अनिवार्य गर्ने गराउनेतर्फ ध्यानजानु पर्दछ ।

## १४ खरिद अभिलेख

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९ (१) मा सार्वजनिक निकायले हरेक खरिद कारबाहीको निम्ति छुट्टै फाईल खडा गरी उपनियम २ ले तोके बमोजिमका कागजातहरु सहित अद्यावधिक अभिलेख राख्नु पर्ने र उपनियम ३ मा यस्तो अभिलेख खरिद कारबाही टुङ्गो लागेको सात वर्ष सुरक्षित राख्नु पर्ने व्यवस्था छ। कार्यालयले बोलपत्र र सिलबन्दी दरभाउपत्रबाट भएका खरिद कारबाहीका लागी फाईल खडा गरेको भएता पनि खरिद नियमावलीले तोके बमोजिमका सबै कागजातहरु सिलसिलेबार रुपमा राखि फाईल तयार गरेको छैन। साथै ठेक्का सम्बन्धी गोश्वरा लगत (म.ले.प.फा.नं.५०७) समेत तयार गरी राखेको पाइएन। जसले गर्दा खरिद कारबाही, ठेक्का व्यवस्थापन र सम्झौता कार्यान्वयन सम्बन्धी कारोबारको पारदर्शिता र प्रभावकारीताको खरिद कारबाहीको अद्यावधिक अभिलेख राखी खरिद कारवाहीलाई प्रभावकारी बनाउने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

## १५ वार्षिक खरिद योजना/ गुरुयोजना

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ।यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत पालिका तर्फ वार्षिक रु. १०,६७,४७,१८४ तथा अन्तरसरकारी अख्तियारी तर्फ रु.३,२२,७७,२६४ समेत रु.१३,९०,२४,४४८।०० पूँजीगत प्रकृतिको खरिद तथा निर्माण कार्य गरेको छ। पालिकाको नीति तथा कार्यक्रम वमोजिम कतिपय कार्यक्रम बहुवर्षिय प्रकृति समेत रहेको देखिन्छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा सार्वजनिक खरिद ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना तयार नगरी खरिद कार्य गरेको देखियो। अतः पालिकाले नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

## १६ कन्टिजेन्सी खर्च

पालिकाले कन्टीजेन्सी रकम खर्च गर्दा कार्यविधि तयार गरेर मात्र खर्च गर्नु पर्दछ । यो वर्ष कुल रु.६,४७,२१३.०० कट्टी गरेकोमा रु.६,४७,२१३.०० कन्टिजेन्सी खर्च चालु प्रकृतिका सुचना प्रकाशन, कार्यालय सामान तथा परामर्श खर्च लगायतका चालु कार्यक्रममा खर्च गरेको छ। उक्त खर्चगर्दा पालिकाले कन्टीजेन्सी खर्च सम्बन्धीकार्यविधि तयार गरेको छैन। संघ र प्रदेशले जारी गरेका खर्चको मितव्ययिता सम्बन्धी निर्देशिका र कन्टिन्जेन्सी कार्यविधि अनुरुप पालिकाले कार्यविधि तयार गरी कन्टीजेन्सी खर्च गर्नेतर्फ पालिकको ध्यान जानु पर्ने देखिन्छ।

## १७ सार्वजनिक जग्गा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा पलिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्ति, अन्य सार्वजनिक सम्पत्ति, सार्वजनिक प्रयोग स्थल, जग्गा वा अन्य संरचनाको अद्यावधिक अभिलेख राखी त्यस्ता सम्पत्तिको रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध गर्नुपर्ने व्यवस्था छ। पालिकाले मालपोत कार्यालयबाट सरकारी तथा सार्वजनिक जग्गाको अभिलेख लिई सार्वजनिक संरचनाको समेतको त्यस्ता सम्पत्तिको अद्यावधिक अभिलेख राखी तथा अनुगमन गरेको देखिएन। तथापी पालिकाले हालसम्म आफ्नो स्वामित्वमा प्राप्त भएको जग्गाको अभिलेख तयार गरेको छ ।पालिकाले सार्वजनिक जग्गाको अद्यावधिक अभिलेख

प्राप्त गरी अनुगमन नभएको कारण समेतबाट सार्वजनिक, पर्ति जग्गाले ओगटेको क्षेत्रफल रहे, नरहेको र त्यस्ता सार्वजनिक तथा सामुदायिक सम्पत्ति बेचबिखन गर्न वा अरु कुनै प्रकारवाट हक हस्तान्तरण वा लिजमा दिए, नदिएको सम्बन्धमा एकिन हुन सकेन। कानून बमोजिम सबै मालपोत कार्यालयबाट सरकारी सार्वजनिक जग्गाको अभिलेख प्राप्त गरी सरकारी/सार्वजनिक जग्गाको एकिकृत अभिलेख प्राप्त गरी सार्वजनिक जग्गा तथा सम्पत्तिको संरक्षण गरिनुपर्दछ ।

१८ **त्रैमासिक पूँजीगत खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्य सम्पादन सम्पन्न गरी कार्यक्रम क्रार्यान्वियन गर्नुपर्ने व्यवस्था छ।गाउँपालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ। यो बर्ष पालिकाको रु.१० करोड ६७ लाख ४७ हजार पूँजीगतखर्च भएको चौथो त्रैमासिकमा कुल पूँजीगत खर्च मध्ये रु.६ करोड ४३ लाख ७३ हजार अर्थात कुल खर्चको ६०.३० प्रतिशत तथा आषाढ महिनामा मात्र रु.४ करोड २४ लाख ४३ हजार अर्थात कुल खर्चको ३९. ७६ प्रतिशत खर्च भएको देखिन्छ ।वर्षान्तमा हतारमा काम गराउँदा वर्षान्तमा खर्चको चाप बमोजिम जनशक्तिको अभाव हुन गई कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

| बजेट शिर्षक उपशिर्षक | **कुल खर्च** | **त्रैमासिक खर्च (रु हजारमा )** | | | | |
|---|---|---|---|---|---|---|
| | | **प्रथम त्रैमासिक** | **दोस्रो त्रैमासिक** | **तेस्रो त्रैमासिक** | **चौथो त्रैमासिक** | **आषाढ महिना** |
| अन्तर सरकारी अख्तियारी | १०६७४७.०० | ०.०० | ६१७७.०० | ३६१९७.०० | ६४३७३.०० | ४२४४३.०० |
| खर्च प्रतिशत | १००.०० | ०.०० | ५.७९ | ३३.९१ | ६०.३० | ३९.७६ |

१९ **क्षेत्रगत बजेट र खर्च**

स्थानीय तहको एकिकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०८०/८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति अनुसार सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सवैभन्दा कम १.५२ प्रतिशत र सामाजिक विकास तर्फ सवैभन्दा बढी ५०.५९ प्रतिशत खर्च भएको देखिन्छ। क्षेत्रगत सन्तुलन कायम गरी बजेट व्यवस्थापन र खर्च गर्नुपर्दछ।

| **क्र.सं.** | **क्षेत्र/उप क्षेत्र** | **विनियोजन** | **खर्च** | **खर्च (%)** | **कुल खर्च मध्ये प्रतिशत** |
|---|---|---|---|---|---|
| १ | आर्थिक विकास | १५२३८००१. | १०८२६६६१. | ७१.०५ | ३.२१ |
| २ | सामाजिक विकास | १८०१३१९०२. | १७०४९३८४४. | ९४.६५ | ५०.५९ |
| ३ | पूर्वाधार विकास | ७५३६५९९९. | ७१७८९४०३. | ९५.२५ | २१.३ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ६८७००००. | ५१२००९८. | ७४.५३ | १.५२ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ९५८२८८९८. | ७८७६३८०५.०४ | ८२.१९ | २३.३७ |
| **कुल जम्मा** | | **३७,३४,३४,८००.** | **३३,६९,९३,८११.०४** | **९०.२४** | **१००.** |

२० **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन।

स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भूमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

२१ **सामुदायिक वनको आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ (ख) १ अनुसार सामुदायिक वन उपभोक्ता समितिले वन पैदावर विक्री तथा उपयोग सम्बन्धीआफ्नो वार्षिक कार्य योजना बनाई सम्बन्धित स्थानीय तहबाट स्वीकृति गराउनुपर्ने र उक्त कार्य योजना अनुसार वन पैदावरको विक्री वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। यस पालिकाक्षेत्र वन कार्यालयको अभिलेख वमोजिम ११ वटा सामुदायिक वन रहेको जनाएतापनी पालिकाले सो सामुदायिक वनको अभिलेख तयार नगरेको तथा कुनैपनी सामुदायिक वनले कार्ययोजना पेश गरी स्विकृत गरेको छैन। पालिकाले आफ्नो कार्यक्षेत्र भित्रमा सामुदायिक वनको वार्षिक कार्य योजनाको अभिलेख र सोको कार्यान्यवन अवस्था सम्बन्धमा अनुगमन मूल्याङ्कन नगरेको, प्राप्त हुनुपर्ने राजस्व यकिन नगरेको र यसको लागि नीतिगत व्यवस्था तथा कार्ययोजना तयार गरी कार्यान्वियन गरेको देखिएन। कानुन वमोजिम आन्तरिक आयको अभिवृद्धि गर्न पालिकाको ध्यान जानुपर्ने देखिन्छ।

२२ **सहकारी नियमन र विवरण दाखिला**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८ (४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकिकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र १० वटा सहकारी संस्था रहेको देखिन्छ । पालिका भित्रका सहकारी संस्थाहरुले एकिकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा दर्ता भएको संख्या २ वटा रहेको भएतापनी सहकारी संस्थावाट सुचना प्रणालीमा विवरण दाखिला गरेको देखिदैन। पालिकाभित्र रहेका कुनैपनी सहकारीले समष्टिगत प्रतिवेदन नवुझाएको, मासिक प्रगति नवुझाएको, साधारण सभाको जानकारी नगराएको, र साधारण सभाको प्रतिवेदन समेत पठाएको अवस्था छैन। तसर्थ पालिकाले विद्यमान कानुन र सूचना प्रणाली वमोजिम सवै प्रकारका विवरण दाखिला नगर्ने सहकारी उपर अनुगमन गरी कारबाही गर्नुपर्ने देखिन्छ ।

२३ **बजेट अवण्डा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको वजेट नमुना छनौटका आधारमा विश्लेषण गर्दा यो वर्ष स्पष्ट कार्यक्रम नखुलाई देहाय वमोजिमका ४ शिर्षकमा रु.१ करोड १ लाख अबण्डा बजेट व्यवस्थागरी विभिन्न १९ योजना तथा कार्यक्रममाङ्क खर्च गरेको देखिन्छ। बजेट अवण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ। जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन। तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउन बजेट अवण्डामा राख्ने परिपाटिको अन्त्यगर्ने तर्फ पालिकाको ध्यान जानुपर्दछ। अवण्डा बजेटबाट पालिकाले समय समयमा छुट्टै निर्णय गरी कार्यान्वियन गरेका केही योजनाका उदाहारण देहाय अनुसार छन् :

| सि नं | शिर्षक | बजेट रकम | संचालित कार्यक्रम संख्या | खर्च रकम |
|---|---|---|---|---|
| १ | अध्यक्ष रोजगार कार्यक्रम (कार्यपालिकाले योजना छनौट गर्नेगरी) | ६०००००० | १४ | ५६,९४,९२२.०० |
| २ | ईन्टरनेट कोर प्रणाली स्थापना | १६००००० | - | खर्च नभएको |
| ३ | नविकरणीय उर्जा प्रवर्द्धन कार्यक्रम | १०००००० | ३ | ९,९९,७७८.०० |
| ४ | पशुपालन तर्फ ५० प्रतिशत अनुदान | १५००००० | २ | ४,००,०००.०० |

२४ **डीपीआर खर्च**

बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाता बाट गराई प्रतिवेदन प्राप्त गरको विवरण पेश गरेको छ।यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन।पालिकाले गत विगत वर्षमा तयार गरेका डिपिआरको समेत कार्यान्वियन नगरी डिपिआर थप गरेको मनासिव देखिएन। डी.पी.आर.तयार गर्दा पालिकाको आफ्नो प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनुपर्दछ। साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वियनका लागि बजेट व्यवस्थापन गरी कार्यान्वियन गर्नुपर्दछ।

| **क्र सं** | **नाम कार्यक्रमको नाम** | **परामर्शदाता** | **स्वीकृत बजेट** | **खर्च रकम** | **कार्यान्वियन अवस्था** |
|---|---|---|---|---|---|
| गत वर्षको | | | | | |
| १ | मैवाखोला गाउँपालिकाको वडा नं. ६,५ र १ को थुकियादो, खार्ते , खोलाखेत क्षेत्रको प्रारम्भिक वातावरणीय अध्ययन आइ.इ.इ. प्रतिवेदन तयार | जानकी कन्सल्टयान्सी | ५,००, | ४९६।०७० | नभएको |
| २ | वडा नं. ५ को सडकहरुको विस्तृत परियोजना प्रतिबेदन तयार ( टिम्बुरे कल्भर्ट देखि वडा नं. ६ सम्मको खण्ड ) | | १९०० | १८९४।२८६।८० | भएको |
| ३ | वडा नं. ६ को नयाँ तथा पुराने सडकहरुको डि.पि.आर निर्माण | श्री सक्सेस डिजाइनर्स डिजाइनर्स एण्ड डेभलपस | ८,०० | ७९६।७६० | भएको |
| ४ | साँघु मिल्के जलजले गोरुजुरे हुँदै सोदुपोखरी सम्म पदमार्ग | | १००० | ९,९८।५७५ | भएको |
| ५ | मैवाखोला गाउँपालिकाको प्रशासकीय भवनको विस्तृत प्रतिवेदन तयार | भिजनरी डिजाइन प्रा.लि. | १२०० | ११९९।४९५ | भएको |
| ६ | मैवाखोला वार्ड नं. १ को माङ्हिम विस्तृत परियोजना प्रतिबेदन तयार | हर्मिज इन्जिनियरिङ सोलुशन | ४०० | ३९८।१८३ | भएको |
| ७ | मैवाखोला मा.वि. प्रस्तावित नमुना मा.वि. को विस्तृत परियोजना प्रतिवेदन र गुरुयोजना तयार | कर्णाली इन्जिनियरिङ्ग एण्ड ईन्भारोभेन्टल कन्सल्टेन्टेस | १२,०० | ११९७।८०० | भएको |
| ८ | मैवाखोला गाउँपालिकाको डिजिटल भिलेज प्रोफाइल तयार | गोल्डेन आई इन्जिनियरिङ्ग एण्ड रिसर्च सेन्टर प्रा.लि | २००० | १३९६।९०६ | नभएको |
| ९ | मैवाखोला गाउँपालिकाको आवधिक योजना निर्माण | साक्षता कन्सल्टेन्ट प्रा.लि. | १४५० | १४४१।३१५ | नभएको |
| १० | मैवाखोला गाउँपालिकाको राजस्व सुधार योजना निमाण | फाइन्ड अल नेपाल | ५,०० | ४९४।३७५ | नभएको |
| ११ | मैवाखोला गाउँपालिकाको मध्यम कालिन खर्च संरचना तर्जुमा तयार | स्ट्रन्थ इन्जिनियरिङ्ग प्रा.लि. | ५,०० | ४९५।५०५ | नभएको |
| १२ | गाउँपालिकाको मुख्य सडकहरुको विस्तृत परियोजना प्रतिवेदन ( मजुवा देखि टिम्वुरे खण्ड ) | डि.वि. कन्सल्टयान्ट प्रा.लि. | **२०००** | **१९९६।९८३** | भएको |
| यो बर्षको | | | | | |
| १ | मैवाखोला गाउँपालिकाको भु-उपयोग निति | एपोलो इन्जिनियरिङ एण्ड कम्पनि प्रा.लि. | १४०० | १३९५.५५ | नभएको |
| २ | मैवाखोला गाउँपालिकाको सडक गुरुयोजना | सक्सेस डिजाइन एण्ड डेभलपर्स प्रा.लि. | २००० | १९९५.८६ | नभएको |
| ३ | सोनाम पेमा छ्योलिङ गुम्वा डि.पि.आर. | रिडार्क नेपाल प्रा.लि. | ४०० | ३९६.८५६ | भएको |
| ४ | गुराँस पार्क गुरुयोजना र डि.पि.आर. | वाइ वि डिजाइनर्स एण्ड डेभलपमेन्ट प्रा.लि. | २००० | १७९९.९९२ | भएको |

## २५ सेवाप्रवाह

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा स्थानीय तहको एकल काम कर्तव्य र अधिकार २२ वटा, संघ र प्रदेशको सहकार्यमा प्रयोग हुने साझा अधिकार ११ वटा र स्थानीय तहको अन्य काम कर्तव्य र अधिकार २ वटा समेत ३५ कार्य सूचि तोकिएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्त भएको छ ।स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाह मध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सुधार गरी कार्यान्वियन गर्नु पर्ने देखिन्छ ।

| सिन | विवरण | सेवा प्राप्तीका लागि पेश भएको निवेदन संख्या | सिफारिस संख्या |
|---|---|---|---|
| १ | नागरिकता सिफारिस | 414 | 414 |
| २ | घरवाटो सिफारिस | 83 | 83 |
| ३ | नाता प्रमाणीत | 213 | 213 |
| ४ | जन्म मृत्यु वसाई सराई | 428 | 428 |
| ५ | अन्य सिफारिस | 1212 | 1212 |

## २६ कानून निर्माण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । जस अनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट विभिन्न नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस गाउँपालिकाले हालसम्म १९ वटा ऐन, ३ नियमावली, २७ वटा कार्यविधि १ निर्देशिका लगायत ५१ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको विवरण प्राप्त भएको छ।। पालिकाले कार्यक्षेत्र भित्रका आवश्यक कानूनहरु निर्माण गरी सभा र कार्यपालिकाबाट स्वीकृत गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

## २७ न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १ र यो बर्ष थप भएको ५ गरी कूल ६ विवाद दर्ता भएकोमा ३ वटा फर्स्यौट भई ३ बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

## २८ करार कर्मचारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कोदफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्य बोझको विश्लेषणगरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामकोलागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्तावगर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ। तर पालिकाले विभिन्न ७ पदमा ५२ जना कर्मचारीहरु करारमा राखि रु. २,११,०६,०१० खर्च लेखेको छ। त्यसै गरी सोही ऐनको दफा ८३(८) वमोजिम पालिकाले नगरप्रहरी, सवारीचालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्ट्रिसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारबाट सेवालिन सकिने व्यवस्था गरेको छ।स्थानीय तहले माथि उल्लेखित पदवाहेकको अधिकृत आठौँ १, इन्जिनियर १, सहायक पाँचौ ३ तथा सहायक चौथो २४ लगायतको विभिन्न ४ पदमा २९ जना करार नियुक्ति गरी बर्षभरीमा रु.१,३५,१३,७७६ भुक्तानी गरेको देखिन्छ । दरबन्दी स्विकृत भएका पदहरुमा स्थायी पदपुर्ती गर्ने गराउने तर्फ पालिकाको ध्यान जानुपर्दछ ।

## २९ प्रशासनिक खर्च

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१(४)मा प्रदेश तथा स्थानीय तहले आफुले उठाएको राजस्व र यस ऐन बमोजिम राजस्व बाँडफाँडवाट प्राप्त हुने रकमबाट प्रशासनिक खर्च पुग्ने गरी राजस्व र व्ययको अनुमान पेश गर्नुपर्ने व्यवस्था छ। त्यस्तै राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले जारी गरेको मार्गदर्शनमा, प्रशासनिक खर्च आफ्नो आन्तरिक आयबाट व्यवस्थापन गर्ने तर अत्यावश्यक प्रशासनिक खर्चको लागि आफ्नो आन्तरिक आय अपर्याप्त भएको अवस्थामा मात्र राजस्व बाँडफाँडबाट प्राप्त रकम किफायती रुपमा उपयोग गरी बाँकी रकम विकास निर्माण र सार्वजनिक सेवामा खर्च गनुपर्ने गरी बजेट विनियोजन गर्नुपर्ने मार्गदर्शन तय गरेको छ। पालिकाले आफ्नो आन्तरिक आय रु. ६५,२८,७५८.८६ प्राप्त गरेको देखिएकोमा प्रशासनिक खर्च वापत रु. ७,८५,६३,८०५.०४ भएको देखिन्छ। उक्त खर्च आन्तरीक आयको तुलनामा 1203.47 प्रतिशत गरेको देखिएको छ । राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले जारी गरेको मार्गदर्शन बमोजिम प्रशासनिक खर्च आफ्नो आन्तरिक आयबाट पुर्ण रुपमा व्यवस्थापन गरेको देखिएन। राजस्व बाँडफाँडबाट प्राप्त हुने रकमवाट मुलत सामाजिक सेवा, विकास निर्माण र सार्वजनिक सेवामा विनियोजन नगरी दैनिक प्रशासनिक कार्यमा विनियोजन गरी खर्च गरेकोले आन्तरिक श्रोत उचित व्यवस्थापन गरी मार्गदर्शन बमोजिम प्रशासनिक खर्चमा नियन्त्रण गर्नुपर्ने देखिन्छ ।

## ३० समानीकरण अनुदान रकमको उपयोग

राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले जारी गरेको मार्गदर्शनमा संघीय विभाज्यकोषबाट स्थानीय तहमा प्राप्त हुने वित्तीय समानीकरण रकमको उपयोग गर्दा सो रकमबाट वजेट विनियोजन गरी अध्ययन भ्रमण, वैदेशिक भ्रमण र अन्य प्रशासनिक एवं सञ्चालन आदिमा खर्च गर्न नपाईने व्यवस्था छ। आयोगको मार्गदर्शन विपरित पालिकाले समानिकरण अनुदानवाट चालु प्रकृतिका कार्यमा रु.२,२५,६९,३३१.०० खर्च गरेको देखिएकोले यस्तो खर्च नियन्त्रण गरिनुपर्दछ।

## ३१ पेश्की बाँकी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम पेश्की लिने कर्मचारीले तोकीएको कार्य सम्पन्न गरी कार्यालय फर्कीएको १५ दिन भित्र फाटबाँरी पेश गरी पेश्की फर्छ्यौट गर्नुपर्ने तथा अन्य संघ संस्था र निर्माण व्यवसायीलाई दिएको पेश्की सम्झौतामा तोकीएको म्यादभित्र फर्छ्यौट गर्नुपर्ने उल्लेख छ। पालिकाको गतवर्ष तथा यस वर्ष भुक्तानी दिएको पेश्की रु.१,५०,००,०००।०० फस्र्यौट गर्न बाँकी रहेको देखिन्छ। नियमानुसार मोविलाईजेशन पेश्की रकम फस्र्यौट गर्नुपर्ने देखिन्छ ।

| क्र.सं. | पेश्की लिएको मिति | गो. भौ. न. | पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | जम्मा |
|---|---|---|---|---|---|
| १ | २०८०/१२/०४ | २५ | प्रशासकीय भवन निर्माण समपुरक तर्फ क्रमागत | आर.आर.- आर. के. - टिएम जे.भी. | १,००,००,०००.०० |
| २ | २०८०/१२/२३ | ३९ | प्रशासकीय भवन निर्माण समपुरक तर्फ क्रमागत | आर.आर.- आर. के. - टिएम जे.भी. | ५०,००,०००.०० |
| जम्मा | | | | | **१,५०,००,०००.००** |

## ३२ आर्थिक सहायता

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था छैन। पालिकाले यस वर्ष अध्यक्ष स्वास्थ्य सहयोग कोषमा रु. १० लाख वजेट विनियोजन गरेकोमा आकस्मिक स्वास्थ्य सेवा तथा दीर्घरोगहरुको उपचारका लागी आर्थिक सहायता गरी विभिन्न न्युनतम रु.३०,००० देखी ५०,००० सम्म ८ जनालाई भुक्तानी गरी रु.३,९०,००० खर्च गरेको छ। पालिकाको आन्तरिक आय न्युन रहेको अवस्थामा सहायता खर्चमा मितव्ययिता कायम गरी खर्च नियन्त्रण गर्नुपर्ने देखिन्छ ।

३३ **अवकाश कोष**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवा शर्त सम्बन्धीकानुन बमोजिम अबकाश हुदा प्राप्त गर्ने योगदानमा आधारीत उपदान वा निवृत्तभरण, औषधीउपचार लगायतका सुबिधा उपलब्ध गराउनको लागी एक अवकाश कोष स्थापना गरीने र सो कोषमा स्थानीय तहले आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ। यो वर्ष पालिकाले एकमुष्ठ रु.१४ लाख वजेट विनियोजन गरेर देहाय वमोजिमका गोश्वारा भौचर तथा मितिवाट चालु खर्च खातावाट खर्च लेखी कर्मचारी कल्याण कोषमा जम्मा गरेको देखिन्छ । स्थानीय तहले आफ्नो दरबन्दीमा कार्यरत कर्मचारीको खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबर रकम थप गरी रकम पठाएको छैन र कोष सञ्चालन सम्बन्धी कानूनी व्यवस्था भएको नदेखिएकोले कानूनको व्यवस्था गरी अवकासकोषमा योगदानमा आधारित रकम जम्मा गर्ने व्यवस्था गर्नुपर्ने देखिन्छ ।

| सिन | गोश्वरा भौचर मिमि | खाताको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| १ | ६४० २०८१।३।२४ | कर्मचारी कल्याण कोष | १०,००,००० |
| २ | ५५३ २०८१।३।१७ | कर्मचारी कल्याण कोष | ४,००,००० |
| | | जम्मा | १,४०,००० |

३४ **नामनामेसी नखुलेको धरौटी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६८(घ१) अनुसार कस्ले के वापत धरौटी राखेको हो भन्ने कुरा स्पष्ट नभई बैंक खातामा मौज्दात रहेको रकम कार्यालयले राजस्व खातामा आम्दानी बाध्नुपर्ने व्यवस्था छ । पालिकाले पेश गरेको धरौटी विवरण अनुसार देहाय वमोजिमका नाममा रु. २१,७४,४०३।१८ मौज्दात रहेको देखिन्छ। यसरी धरौटी राख्ने व्यक्ति संस्था तथा निर्माण व्यवसायि वा सप्लायर्सको विवरण नखुलेको उक्त रकम नियमावलीमा भएको कार्यविधि पुरा गरी फिर्ता गर्ने तथा बाँकी रकम राजस्व आम्दानी बाँध्नुपर्दछ ।

| **सिन** | **खाता नं** | **विवरण** | **फिर्ता रकम** |
|---|---|---|---|
| १ | ११ | विभिन्न नाम नखुलेको | १३,७२,११३।१८ |
| २ | १६ | वैङ्कवाट प्राप्त धरौटी नाम नखुलेको | ८,०२,२९०।०० |
| **जम्मा** | | | **२१,७४,४०३।१८** |

३५ **जिन्सी निरिक्षण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ। पालिकाले मिति २०८१।५।०६ मा जिन्सी निरीक्षण गरी पेश गरेको प्रतिवेदन मा मर्मत गर्नपर्ने भनि औँल्याइएका स्टेपलाईजर १ केभिए ६ थान, दराज २ थान, डेक्सटप कम्प्युटर थान ५, प्रिन्टर थान ६, विभिन्न इन्भर्टर थान ४ लगायतका सामानहरु मर्मत संभार गर्नुपर्ने तथा प्रतिवेदनमा लिलाम गर्नुपर्ने भनि औँल्याइएका मालसामानहरु समेत पुन: यकिन गरी नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ।

३६ **खप्ने मालसामानको हस्तानतरण**

पालिकाले यो बर्प खर्च भएर नजाने मालसामान खरिद गरि जिन्सी आम्दानी वाँधेकोमा आफ्नै कार्यालय अन्तगर्तका शाखा तथा स्वास्थ्य संस्थालाई मालसामान प्रयोगका लागि उपलब्ध गराउदा ८१ पटकमा १२४ थान मालसामान ५२,७३,८८८.९८ मुल्यका

खप्ने मालसामान हस्तान्तरण फारामा तयार गरी पठाएको र पालिकाको एकिकृत जिन्सी खातामा घटाएको देखिन्छ। सहायक जिन्सी खातमा जनाई दिनुपर्ने मालसामान खर्च लेखी प्रदान गरेकोमा लेखापरीक्षणका क्रममा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीवाट सो सामाग्री पुनः दाखिला गरी जिन्सी खातामा आम्दानी वाँधेको छ । जिन्सी सामानको हस्तान्तरणका सम्वन्धमा पालिकाले एकिन गरी आगामी दिनमा सुधार गर्नुपर्दछ।

३७ **पदाधिकारी सुविधा**

नेपालको संविधानको धारा २२७ मा गाउँसभा तथा नगरसभाका सदस्यले पाउने सुविधा सम्बन्धमा प्रदेश कानून बमोजम हुने व्यवस्था अनुसार कोशी प्रदेश सभाले गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको। उक्त ऐनमा भएको व्यवस्था अनुसार पालिकाले यस वर्ष पदाधिकारी सुविधामा कुल रु.४७,५०,५००।०० खर्च लेखेको छ।

| सि.नं | विवरण | अध्यक्ष | उपाध्यक्ष | वडाअध्यक्ष **६ जना** | कार्यपालिका सदस्य **६ जना** | सभाका सदस्य **१९ जना** | जम्मा **३३ जना** |
|---|---|---|---|---|---|---|---|
| १ | बैठक/ अनुगमन भत्ता | १२०००० | १२०००० | २८८००० | १४४००० | ० | ६७२००० |
| २ | यातायात खर्च | ० | १२०००० | १४४००० | १८०००० | ४५४००० | ८९८००० |
| ३ | टेलिफोन, मोबाइल | ३६००० | ३६००० | १४४००० | १०८००० | २२७००० | ५५१००० |
| ४ | पुस्तक, पत्रीका , ईन्टरनेट | २४००० | २४००० | ७२००० | ७२००० | २२७००० | ४१९००० |
| ५ | समन्वय तथा सहजीकरण/ खाजा खर्च | ६०००० | ६०००० | २१६००० | १०८००० | ३४०५०० | ७८४५०० |
| ६ | अतिथि सत्कार | १०८००० | ६०००० | २८८००० | १४४००० | ३४०५०० | ९४०५०० |
| ७ | खानेपानी/बिजुली | ३०००० | ३०००० | ७२००० | ३६००० | ११३५०० | २८१५०० |
| ८ | सरसफाई | ३०००० | ३०००० | ७२००० | ७२००० | ० | २०४००० |
| ९ | चाडपर्व खर्च | ० | ० | ० | ० | ० | ० |
| जम्मा | | ४०८००० | ४०८००० | १२९६००० | ८६४००० | १७०२५०० | ४७५०५०० |

३८ **आय अनुमान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत एकमुष्ठ अनुमानित रु.५५,००,००० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु.४४,७७,३३७.७७ अर्थात अनुमानको तुलनामा ९० प्रतिशत मात्र आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

३९ **राजस्वको लेखाङ्कन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५९ मा राजस्वको आम्दानी गर्दा आम्दानी दाखिला गरी गोश्वारा भौचर तयार गरी दोहोरो लेखा प्रणालीको सिद्वान्त अनुसार राजस्व लेखा अद्यावधिक हुनुपर्ने व्यवस्था छ। एकिकृत वित्तीय विवरण अनुसार पालिकाले रु.४४,७७,३३७.७७ आम्दानी देखाएको रकमको म.ले.प. फारामहरु दैनिक वडा कार्यालय तथा पालिकाले

असुल गर्ने राजस्वको दैनिक आम्दानी टिपोट, दैनिक दाखिला, मास्केवारी एवं स्रोतगत राजस्व आम्दानी देखिने गरी अभिलेख राखेको देखिएन। राजस्व आम्दानीमा प्रयोग हुने फारमहरु प्रयोग नगरी एकमुष्ट राजस्व आम्दानी देखाउदा आर्थिक विवरणमा देखाएको आम्दानीको यथार्थता एकिन गर्न सकिदैन। राजस्व आम्दानीमा प्रयोग हुने सम्पूर्ण म.ले.प. फारमहरु प्रयोग गरी राजस्व आम्दानीको अभिलेख अद्यावधिक हुनुपर्दछ ।

४० **आन्तरिक आय**

| केन्द्रीय अनुदानबाट खर्च ( अन्तर सरकारी अख्तियारी वाहेक) | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| २७४३९३७९४।१२ | ६५२८७५८.८६ | २.३८ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २.३८ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

४१ **कर तथा शुल्क असुली -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकिकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| क्र.सं. | राजस्व संकेत | आम्दानी शीर्षक | अनुमान | यस महिना सम्मको आम्दानी | आम्दानी प्रतिशत |
|---|---|---|---|---|---|
| १ | ११३१३ | सम्पती कर | १४०००००. | १४०२२४०. | १००.१६ |
| २ | ११३१४ | भुमिकर/मालपोत | ०.०० | १९६३.३२ | - |
| ३ | ११३१७ | वहाल कर | ३६००००. | ३६०००३. | १००. |
| ४ | ११४५२ | पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | ६००००. | ६१८०२. | १०३. |
| ५ | ११६९१ | अन्य कर | १००००००. | १२२६३२४.५ | १२२.६३ |
| ६ | १४१५१ | सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ०.०० | १३५५००. | - |
| ७ | १४२२१ | न्यायिक दस्तूर | ८००.०० | ८००.०० | १००. |
| ८ | १४२२४ | परीक्षा शुल्क | २००००. | २३०००. | ११५. |
| ९ | १४२४३ | सिफारिश दस्तुर | ४०००००. | ४०१०००. | १००.२५ |
| १० | १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | ०.०० | १२००. | - |
| ११ | १४२४९ | अन्य दस्तुर | ०.०० | ५५२०. | - |
| १२ | १४२५३ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | १०००००. | १०००००. | १००. |
| १३ | १४२६५ | अन्य क्षेत्रको आय | ५८४२००. | ५८४१९८. | १००. |
| १४ | १४५२९ | अन्य राजस्व | १४७५०००. | १४७५०००. | १००. |
| १५ | १५१११ | बेरूजू | १०००००. | ७५०२०८.०४ | ७५०.२१ |
| जम्मा | | | ५५०००००. | ६५२८७५८.८६ | **११८.७** |

आयको विवरण अनुसार पालिकाले आय शिर्षक नतोकी एकमुष्ठ रु. ५५ लाख आय अनुमान गरेकोमा सुत्र प्रणालीमा विभिन्न १५ शिर्षकमा रु.६५,२८,७५८.८६ आय प्राप्त गरेको देखिन्छ। पालिका भित्र रहेका करदाताहरुको अभिलेख नरहेको एवं बुझाउन ल्याएको

अवस्थामा मात्र कर एवं शूल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन। तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

४२ **राजस्व अभिलेख**

कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु यस प्रकार छन:

• पालीकाले राजस्व सङ्कलनको लागि नगदी रसिद र मालपोत रसिद गरी दुई प्रकारका रसिद छपाउने गरेकोमा अघिल्लो आ.व.को बाँकी के कति रहेको, यस वर्ष कति ठेलि छपाई गरेको, कति ठेलि प्रयोग गरेको र कति ठेली बाँकी रहेको सोको पुर्ण विवरण खुल्ने गरी रसिद नियन्त्रण खाता नराख्दा रसिद ठेली तथा सोबाट प्राप्त भएको राजस्वको एकिन गर्न सकिएन ।

• पालीकाबाट रसिद ठेलिहरु छपाई गरेर विभिन्न व्यक्ति, एम्बुलेन्स चालक, रोलर तथा जेसिबि लगाएतलाई दिने र सम्बन्धितले बैक खातामा जम्मा गर्न नगद तथा सोको नगदि रसिद पालिकामा लिएर बुझाउने गरेको देखियो ।

• पालिकाले राजस्व आम्दानीलाई दैनिक आम्दानी बाधीँ सोको गोश्वरा भौचर उठाउनु पर्नेमा गोश्वरा भौचर नउठाउँदा पालीकामा प्राप्त राजस्व र बैकमा जम्मा भएको राजस्वको बीचमा हिसाब मिलान गर्न सकिएन ।

• पालिकले राजस्व उठाउन विभिन्न व्यक्तिलाई नियुक्ति गरेर तोकिए बमोजिमको रकम सम्बन्धितले राजस्व दाखिला नगरी स्वंयम व्यक्तिले नै राख्ने गरी नियुक्ति तथा कार्यादेश दिएको पाइयो ।

• पालिकाले जेसिबी, एम्बुलेन्स र लोडरको लगबुक नराख्दा सोबाट प्राप्त हुनपर्ने रकम र प्राप्त भएको रकम समयमै बैंङ्क, दाखिला गरे नगरेको सम्बन्धमा एकिन गर्न सकिएन ।

पालिकाको क्षेत्रभित्र जलविद्युत आयोजना निर्माणाधिन रहेको र उक्त आयोजनामा प्रयोग भएको प्राकृतिक स्रोतबाट प्राप्त हुने राजस्व र अन्य आयका स्रोतको सम्बन्धमा समेत पालिकाले आवश्यक मापदण्ड बनाई राजस्व सङ्कलनमा ध्यान दिनुपर्ने देखिन्छ ।

४३ **राजस्व दाखिला**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(१) मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदी रकमको हकमा सोही दिनमा वा सोको भोलीपल्ट र जिन्सी मालसामान भए सात दिनभित्र यथास्थानमा दाखिला गरी स्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ ।संकलित राजस्व लामो समयसम्म बैक दाखिला गरेको देखिदैन। तसर्थ कार्यालयले समयमै राजस्व दाखिला गराउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । पालिका र पालिका अन्तर्गत सङ्कलन भएको श्रावण महिनाको राजस्व र सोको दाखिला विवरण परीक्षण गर्दा देहाय अनुसार देखियो:

| सि.न. | वडा नं | महिना | संकलित राजस्व रु. | दाखिला मिति |
|---|---|---|---|---|
| १ | १ | श्रावण देखि कार्तिक सम्म | ८५५३० | २०८०।८।१३ |
| २ | २ | श्रावण देखि आश्विन सम्म | ४५८७४.२५ | २०८०।७।१ |
| ३ | ३ | श्रावण देखि पैष सम्म | १३११५० | २०८०।१०।३ |
| ४ | ४ | श्रावण देखि कार्तिक सम्म | ५२९३७ | २०८०।०८।०६ |
| ५ | ५ | श्रावण देखि आश्विन सम्म | ७५००० | २०८०।०८।०१ |
| ६ | ६ | श्रावण देखि भाद्र सम्म | २६६० | २०८०।०५।०६ |

वडा अनुसार संकलित राजस्व विवरण देहाय बमोजिम रहेको छ:

| सि.न. | वडा नं | संकलित राजस्व रकम रु. |
|---|---|---|
| १ | १ | ३४२३००.०० |
| २ | २ | ३७३२३०.७५ |
| ३ | ३ | ५६०७३२.०० |
| ४ | ४ | ४२१३८३.०० |
| ५ | ५ | ३८३२२९.०० |
| ६ | ६ | ३६३५३८.०० |
| ७ | पालिका | १३७७५०.०० |
| | **जम्मा** | **२५,८१,१६२.००** |

## ४४ राजस्व दाखिलामा छुट

४४.१ स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ६९(२)(क) बमोजिम स्थानीय तह आफुले उठाएको राजस्व तथा आय बाट प्राप्त रकम स्थानीय संञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । त्यस्तै आर्थिक कार्याविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २८(१) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट दाखिला गरी श्रेस्ता खडा गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले एम्बुलेन्स, जे.सि.बि, रोलर र निकासि पुर्वाधार शुल्क वापत देहाय बमोजिमको राजस्व सङ्कलन गरेकोमा संकलित राजस्व मध्ये निकासि पुर्वाधार शुल्क सङ्कलन गर्ने व्यक्तिले २० प्रतिशत र एम्बुलेन्स चालकले १० प्रतिशत रकम स्वंयम व्यक्तिले नै प्रोत्साहन स्वरुप आफैसँग राख्ने गरेको देखियो ।यसरी ऐन बमोजिम दाखिला गर्नुपर्ने राजस्व दाखिला गरेको नदेखिएकोले सम्बन्धित व्यक्तिबाट नियमानुसार लाग्ने ब्याज सहित असुल गर्नुपर्ने रु.

| सि.न. | सङ्कलन गर्ने व्यक्ति | प्रयोग गरेको ठेलि संख्या | संकलित राजस्व रु. | सोबाट प्राप्त रकम मध्ये दाखिला गरेको रकम रु. | न्युन दाखिला गरेको रु. |
|---|---|---|---|---|---|
| १ | सुमन वनेम(८० प्रतिशत) | १५ | १०००७५.०० | ८०,०६०.०० | २००१५।०० |
| २ | ग्याम्जो शेर्पा(८० प्रतिशत) | ४ | ७५७० | ६०५६.०० | १५१४ |
| ३ | बिशाल लिम्बु(८० प्रतिशत) | ८ | ३४१६२ | २७३३०.०० | ६८३२ |
| ४ | एम्बुलेन्स चालक(९० प्रतिशत) | १ | ६१३८८९ | ५५२५००.०० | ६१३८९ |
| | **जम्मा रु.** | | | | **८९७५०.००** |

| असुल गर्नुपर्ने | ८९,७५० |
|---|---|

४४.२ पालिकाको लोडर प्रयोग गरे वापत रु.४,११,२१२।०० राजस्व सङ्कलन गरेकोमा लोडरको लकबुक राखको देखिएन जसले गर्दा उक्त लोडर कति समय प्रयोग गरियो र सोबाट के कति राजस्व सङ्कलन हुनुपर्ने हो सोको एकिन गर्न सकिएन। तसर्थ लोडरको लगबुक राखि प्रयोग भए बमोजिमको राजस्व सङ्कलन गर्नतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

## ४५ आय ठेक्काको पूर्व तयारी

उद्योग वाणिज्य तथा आपूर्ती मन्त्रालयवाट जारी भएको ढुङ्गा गिटी वालुवा उत्खनन् विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ को बुँदा ४ मा गाउँपालिका वा नगरपालिकाले उत्खनन् र सङ्कलन सम्बन्धी कार्ययोजना तयार गरी गाउँ वा नगर कार्यपालिकाबाट स्वीकृत गर्ने, प्रत्येक वर्ष ठेक्का बन्दोवस्त गर्नुपूर्व स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लिखित परिमाणलाई स्थलगत प्राविधिक अध्ययनको आधारमा अध्यावधिक गरी पुनः यकिन गर्ने, नदीजन्य पदार्थको सङ्कलन, उत्खनन् र बिक्री कार्यको लागि ठेक्का व्यवस्था गर्नु पूर्व अनुसूची-१ बमोजिमको चेकलिष्ट तयार गरी प्राविधिकबाट स्थलगत अनुगमन गराई ठेक्का बन्दोवस्त गर्नुपर्ने व्यवस्था रहेकोमा सो मापदण्डमा भएका सबै व्यवस्थाको पालना नगरी वातावरणीय अध्ययन प्रतिवेदनको परिमाणका आधारमा लागत अनुमान गरी देहाय बमोजिमका दुई ठेक्का आव्हान गरेको देखियो । मापदण्डमा भएका सवै व्यवस्थाको पालना गरी ठेक्का वन्दोवस्त गर्ने गराउने तर्फ पालिकाको ध्यान जानु पर्दछ

| क्र.सं. | ठेक्का नंम्बर | ठेक्काको विवरण | उत्खनन गर्न पाउने परिमाण | न्युनतम अङ्क |
|---|---|---|---|---|
| १ | R०४/२०८०।८१ | मैवाखोला वडा नं ५ खार्ते ढुङ्गा गिटि रोडा तथा बालुवा सङ्कलन | परिमाण नतोकि ठेक्का लगाएको | १००००० |
| २ | R०६/२०८०।८१ | मैवाखोला वडा नं ६ थुकियादो ढुङ्गा गिटि रोडा तथा वालुवा सङ्कलन | परिमाण नतोकि ठेक्का लगाएको | ५०००० |

४६ **बालुवा उत्खनन**

ढुङ्गा गिटि वालुवा उत्खनन् विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ को वुँदा ४ को उपबुँदा ५,६ र ७ मा नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन र बिक्री वितरणको ठेक्का प्राप्त गर्ने व्यक्तिसँग अनुसूची- २(ख) बमोजिमको ढाँचामा ठेक्का सम्झौता गरी अनुसूची -२(ग) बमोजिमको ढाँचामा पट्टा फाराम दिनु पर्ने,उत्खनन् तथा सङ्कलन स्थलसम्म जाने र फर्कने मार्ग गाउँपालिका वा नगरपालिकाले तोक्नु पर्ने र तोकिएको मार्गमा उत्खनन् तथा सङ्कलनका लागि साधनसहित प्रवेश गर्दाका बखत अनुसूची- ३ बमोजिम प्रवेश आदेश लिएर मात्र प्रवेश गर्ने व्यवस्था मिलाई सोको अभिलेख समेत राख्नुपर्ने उल्लेख छ।पालिकाले यो वर्ष देहाय वमोजिमको ढुङ्गा गिटि वालुवा उत्खनन सम्बन्धीठेक्का व्यवस्थापन गरेकोमा पट्टा फाराम नदिएको आदेश तथा सूचना बमोजिम पालिकावाट निकासीका लागि रसिद छपाई प्रयोग नगरेको तथा निकासी पश्चात् निरीक्षण वा परीक्षण गरी निकासी परिमाण एकिन गरेको छैन। पालिकाले स्विकृत गरेको आइइ प्रतिवेदन वमोजिम कुल ३४,४४० घनमिटर गिट्टि ढुङ्गा वालुवा उत्खनन गर्ने गरी स्विकृत भएको देखिन्छ । उक्त प्रतिवेदनले उल्लेखित क्षेत्रवाट वार्षिक रु. ८५,०७,१२३ उठ्ने उल्लेख गरेको देखिन्छ। पालिकाले उल्लेखित परिमाण मध्ये क्षेत्र सिमा तथा परिमाण समेत नतोकी साथै लागत अनुमाननै नगरी एकमुष्ठ न्यूनतम कवोल अङ्क कायम गरी प्रस्ताव आव्हान गरेको देखियो । उक्त ठेक्का अवधि भित्र सङ्कलनकर्ताले के कती परिमाण ढुङ्गा गिटि वालुवा सङ्कलन गरे नगरेको सम्बन्धमा पालिकाबाट अनुमगन गरी प्रतिवेदन गरेको देखिएन । जसले गर्दा ठेक्का प्राप्त गर्नेले के कती परिमाणमा मात्र ढुङ्गा,गीट्टी, बालुवा सङ्कलन गरेको भनि आश्वस्त हुने अवस्था देखिएन । कानुन , सम्झौता तथा सूचनामा उल्लेख भएका सबै व्यवस्थाको पालना गरी आन्तरिक आय ठेक्का व्यवस्थापन गर्नुपर्दछ ।

| क्र.सं. | ठेक्का नंम्बर | ठेक्काको विवरण | निर्माण व्यवसायी | उत्खनन गर्न पाउने परिमाण | न्युनतम अङ्क | कवोल रकम |
|---|---|---|---|---|---|---|
| १ | R०४/२०८०।८१ | मैवाखोला वडा नं ५ खार्ते ढुङ्गा गिटि रोडा तथा बालुवा सङ्कलन | तेल्लवुङ्ग कन्सट्रक्सन एण्ड सप्लायर्स | परिमाण नतोकि ठेक्का लगाएको | १००००० | १००५०० |
| २ | R०६/२०८०।८१ | मैवाखोला वडा नं ६ थुकियादो ढुङ्गा गिटि रोडा तथा वालुवा सङ्कलन | तेल्लवुङ्ग कन्सट्रक्सन एण्ड सप्लायर्स | परिमाण नतोकि ठेक्का लगाएको | ५०००० | ५०५०० |
| ३ | R०६/२०८०।८१ | मैवाखोला वडा नं १ खोलाखेत ढुङ्गा गिटि रोडा तथा बालुवा सङ्कलन | तेज कुमार लिम्वु | परिमाण नतोकि ठेक्का लगाएको | ३०००० | ३०५०० |

४७ **आय ठेक्कामा मूल्य अभिवृद्धि कर**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को १५(३) मा मूल्य अभिवृद्धि कर लाग्ने वस्तुको बिक्री गर्दा मूल्य अभिवृद्धि कर असुल गरी दर्तावालाबाट सङ्कलन गरिने राजस्व शिर्षक नं.३३११७ मा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले ढुङ्गा गिट्टी बालुवाको ३ वटा आय

ठेक्का लगाउदा मुल्य अभिबृद्धिकर रु.२३,५९५ थप असुल गर्नुपर्नेमा असुल नगरेकाले असुल गरी संचित कोष दाखिला गर्नुपर्ने रु

| क्र.सं. | ठेक्का नंम्बर | ठेक्काको विवरण | | जम्मा रकम (मुअकर वाहेक) | मू.अ.कर |
|---|---|---|---|---|---|
| R०४/२०८०।८१ | मैयाखोला वडा नं ५ खार्ते ढुङ्गा गिटि रोडा तथा वालुवा सङ्कलन | तेह्लवुङ्ग कन्स्ट्रक्सन एण्ड सप्लायर्स | परिमाण नतोकि ठेक्का लगाएको | १००५०० | १३०६५ |
| R०६/२०८०।८१ | मैयाखोला वडा नं ६ थुकियादो ढुङ्गा गिटि रोडा तथा वालुवा सङ्कलन | तेह्लवुङ्ग कन्स्ट्रक्सन एण्ड सप्लायर्स | परिमाण नतोकि ठेक्का लगाएको | ५०५०० | ६५६५ |
| R०६/२०८०।८१ | मैयाखोला वडा नं १ खोलाखेत ढुङ्गा गिटि रोडा तथा वालुवा सङ्कलन | तेज कुमार लिम्वु | परिमाण नतोकि ठेक्का लगाएको | ३०५०० | ३९६५ |
| **जम्मा** | | | | **१८१५००** | **२३५९५** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २३,५९५ |

## ४८ राजस्व वाँडफाँड

स्थानीय तहले प्रदेश आर्थिक ऐन, २०८० को दफा ६ बमोजिम असुल गरेको देहाय अनुसारको रकम राजस्व वाँडफाँड गर्नुपर्नेमा सो राजस्व सोझै आन्तरिक राजस्व खातामा दाखिला गरी प्रदेशमा पठाएको नपाइएकोले निम्नानुसारको रकम प्रदेश सञ्चित कोषमा बाँडफाँड गरी पठाउनु पर्ने रु.

| आय शीर्षक | संकलित रकम | प्रदेशलाई पठाउनु पर्ने ४० प्रतिशत | पठाएको रकम | पठाउन बाँकी रकम |
|---|---|---|---|---|
| प्राकृतिक स्रोत सङ्कलन तथा विक्रि शुल्क (ढुङ्गा गिट्टी बालुवा) | १,६३,३५० | ६५,३४० | ० | ६५,३४० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६५,३४० |

## ४९ दोहोरो भुक्तानी

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ ।पालिकाले यो वर्ष वहुउद्देशीय कवर्डहल निर्माण कार्यका लागि निर्माण व्यवसायी अरुण कन्सट्रक्सनसँग सम्झौता गरी कुल प्राविधिक मुल्याङ्कन रु.१,०६,९६,९७६ गरी भुक्तानी गरेको देखिन्छ । उक्त निर्माण कार्यको दोस्रो रनिङ्ग विलमा विमा वापतको रु.९४,४४७ समावेश गरी भुक्तानी गरेकोमा पुन तेस्रो रनिङ्ग विलमा समेत रु.९४,४४७ समावेश गरी भुक्तानी गरेकोले दोहोरो मुल्याङ्कन गरी भुक्तानी गरेको रकम असुल गर्नुपर्ने देखिएको रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९४,४४७ |

## ५० प्राविधिक विल र कार्य सम्पन्न

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का विलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको, लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक कामको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन। प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति

लगायतका इन्जिनियरिङ नर्म्स अनुसार विलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको विल बनाउँदा नापजाँचलाई वास्तविक बनाउनुपर्ने व्यहोरा गत विगत वर्षमा समेत सुझाव गरिएकोमा उल्लेख्य सुधार भएको छैन। कानुनमा भएको सवै व्यवस्थाको पालना गरी विल, कार्य सम्पन प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ ।

## ५१ त्रुटि सच्याउने अवधिको अभिलेख

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ (१) मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र सम्बन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको (एज बिल्ट) नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ। त्यस्तै सोही नियमको उपनियम २ मा त्रुटी सच्चाउने दायित्व अवधि समाप्त भएपछि ड्रइङ डिजाइन र स्पेशिफिकेशन वमोजिम भए नभएको जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ। नियममा भएको उक्त प्रावधानको प्रभावकारी रुपले कार्यान्वयन गर्न र गुणस्तरीय निर्माण कार्यमा सघाउ पुर्याउनको लागि निर्माण सम्पन्न भई डि.एल.पी मा रहेका ठेक्काको अभिलेख राखी नियममा उल्लेख भए अनुसार प्राविधिक कर्मचारीबाट जाँचबुझ गराउनुपर्नेमा डि.एल.पीमा रहेका ठेक्काको अभिलेख तयार गरेको देखिएन। यस्तो अवस्थामा डि.एल.पि समाप्त भएका ठेक्काको प्राविधिक कर्मचारी खटाई नियममा भएको प्रावधान अनुसार जाँचवुझ गराई कार्यसम्पन्न प्रतिवेदन तयार भए नभएको, ठेक्का स्वीकृत गर्ने पदाधिकारी र कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने एउटै पदाधिकारी भएको अवस्थामा एक तह माथिको अधिकारी समक्ष कार्य सम्पन्न प्रतिवेदन पेश गरे नगरेको सम्वन्धमा एकिन गर्न सकिएन। अतः नियमावलीमा भएको व्यवस्था वमोजिम त्रुटि सच्याउने अवधिका ठेक्काहरुको अभिलेख तयार गरी कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने गराउने, त्रुटि भएका ठेक्काहरुको त्रुटि सच्याउने लगायतका कार्यहरु गर्ने गराउने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ।

## ५२ अधुरा आयोजना

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ। यस स्थानीय तहले यो वर्ष देहायअनुसारका २ योजनाको कार्य सम्पन्न हुन नसकी जिम्मेवारी सारेको छ। यस प्रकारको दायित्व विगत वर्षहरुको समेत सार्दै आएको छ भने सम्पन्न नगरी अधुरो रहेको कारण सोको उपयोग हुन नसकेको छैन तथा योजना अलपत्र अवस्था समेत रहेका छन् । यस सम्बन्धमा पालिकाले जिम्मेवारीपूर्वक सम्झौताका शर्त वमोजिम निर्माण कार्य सम्पन्न गर्नुपर्दछ ।

| क्र.स. | योजनाको नाम | निर्माण व्यवसायी | संझौता मिति | सम्पन्न गर्नुपर्ने मिति | यो वर्ष सम्मको खर्च(हजारमा) | भौतिक प्रगति % | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | गुराँस पार्क निर्माण | भगवती निर्माण सेवा | २०७८।०३।२४ | २०८१।०३।२८ | २,६४,०० | ८६% | |
| २ | १५ शैय्याको अस्पताल निर्माण | विकोई सेवालुङ जे.भि. | २०७८।०३।२५ | २०८१।०३।२५ | ४६९०० | ४०% | |

## ५३ प्रधानमन्त्री रोजगार कार्यक्रम

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ६ वडामा २७ योजना सञ्चालन गरी यस वर्ष ८९ जनालाई औषत ८८ दिनले ७,९२० दिन रोजगारी उपलब्ध गराई रु.५२,७२,७२७ श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी

योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ। उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

५४ **१५ शैय्या अस्पताल निर्माण**

गाँउपालिकाले एकिकृत स्वास्थ्य पुर्वाधार विकास कार्यक्रम अन्तर्गत १५ शैय्याको तेम्वे अस्पताल निर्माणका लागि ठेक्का नं MRM/works/NCB/2077/78-08 मार्फत निर्माण व्यवसायी विकोई सेवालुङ्ग जेभी सँग रु.१३,१४,६७,६४२।६१ (मूल्य अभिवृद्धी कर समेत) मा २४ महिनामा निर्माण कार्य सम्पन्न गर्नेगरी २०७८।२।२४ मा सम्झौता भएको छ ।निर्माण कार्यको प्रथमपटक म्याद थप गरी सम्पन्न गर्नुपर्ने अवधि मिति २०८१।३।२५ सम्म कायम भएको छ ।उक्त निर्माण कार्य गत विगतवर्षमानै भेरिएसन गरी भेरिएसन पश्चात्को सम्झौता रकम रु. १४,५७,२५,४३७।८४ कायम गरेको देखिन्छ । यस सम्वन्धमा देखिएका व्यहोराहरु देहाय वमोजिम रहेका छन ।

५४.१ **न्युन कार्य प्रगतिः** सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ बमोजिम सार्वजनिक निकायले खरिद सम्झौता बमोजिम तोकिएको समयमा कार्य सम्पन्न गर्नुपर्ने व्यवस्था छ। निर्माण व्यवसायीसँग भएको सम्झौता वमोजिम उक्त निर्माण कार्य २०८०।३।२५ मा सम्पन्न गर्नुपर्नेमा विविध कारण जनाई कार्यपालिकाको मिति २०७९।७।२२ को निर्णयवाट २०८१।३।२५ सम्म म्याद थप भएको देखिन्छ। निर्माण व्यवसायीले यो बर्षको अन्त्यसम्म दोस्रो रनिङ्ग विल सम्म रु.४,७९,३६,९६६।२३ (मुल्य समायोजन मुअकर समेत) मुल्याङ्कन गरी भुक्तानी भएको देखिन्छ । तथापी उक्त निर्माण कार्य यो वर्षको अन्त्यसम्म २० प्रतिशत भौतिक प्रगति तथा २८ प्रतिशत मात्र वित्तीय प्रगति भएको पालिकाले जनाएको छ।पालिकाले मिति २०८१।३।२५ पश्चात उक्त निर्माण कार्यको म्याद थप समेत भएको छैन। पालिकाले पटक पटक निर्माण व्यवसायीले निर्माण कार्यको प्रगति हाँसिल गर्न पत्राचार गरेतापनी हाल निर्माण व्यवसायीले निर्माण कार्य समेत सुचारु गरेको छैन। पालिकाले सम्झौताका शर्त तथा खरिद कानुन वमोजिम निर्माण व्यवसायीलाई थप जवाफदेही वनाई निर्माण कार्य सम्पन्न गरी अस्पतालवाट सेवा प्रवाह गराउनेतर्फ पालिकाको ध्यान जानुपर्दछ ।

५४.२ **भेरिएसन वेगर बढी भुक्तानीः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाई भेरिएसन आदेश जारी गर्नसक्ने व्यवस्था छ। पालिकाले अस्पताल भवन निर्माण कार्यको दोस्रो रनिङ्ग विल सम्म कुल रु.४,१९,६०,७६२।०४ को प्राविधिक मुल्याङ्कन गरी भुक्तानी गरेकोमा देहायका आइटममा भेरिएसन पश्चातको विओक्युमा रहेको आइटम भन्दा बढी मुल्याङ्कन गरी भुक्तानी गरेको देखिन्छ। यसरी बढी परिमाण आवश्यक भई भेरिएसन समेत स्विकृत भैसकेको अवस्थामा भेरिएसन आदेश पश्चात समेत देहायका आइटममा सम्झौता परीमाण भन्दा बढी भुक्तानी गरेको देखिएकाले उक्त रकम नियमसम्मत नदेखिएको रु

| सिन | आइटम नं | विवरण | विओक्यु परिमाण | भुक्तानी परिमाण | दर | बढी मुल्याङ्कन रकम |
|---|---|---|---|---|---|---|
| १ | 2.1 | Stone soling | 302.69 | 323.80 | 2000 | 42,220 |
| २ | 2.2 | Stone mesnary | 143.73 | 173.07 | 7000 | 2,05,380 |
| ३ | | Stone mesnary | 1540.45 | 1166.57 | 7972.45 | 29,80,739.60 |
| | | **जम्मा** | | | | **32,28,339.60** |
| | | **मुअकर** | | | | **4,19,684.14** |
| | | **कुल जम्मा** | | | | **36,48,023.75** |

| अनियमित भएको | ३६,४८,०२३ |
|---|---|

५४.३

**मुल्य समायोजन-** सार्वजनिक खरिद अनुगमन कार्यालयको २०७६।९।१६ को पत्रानुसार बोलपत्रसम्बन्धी कागजातको प्राइस एड्जस्टमेन्ट डाटामा बोलपत्रदाताले कोफिसिएन्ट नभरी खाली छोडेमा निजलाई मूल्य समायोजन दिन नमिल्ने उल्लेख छ। गाउँपालिकाले प्रशासकिय भवन निर्माण गर्दा निर्माण व्यवसायीले वोलपत्र कागजात दाखिला गर्दा कोफिसिएन्ट नभरी सो विवरणमा लेटर अफ प्राइस विड अपलोड गरेको देखिन्छ। पालिकाले सम्झौता वखत समेत निर्माण व्यवसायीले कोफिसियन्ट भरेर सम्झौता गरेको अवस्था देखिदैन। पालिकाले सो अवस्थामा समेत वोलपत्र कागजातमा भएको मुल्य समायोजनको फिक्स्ड कोफिसियन्टको आधारमा यो वर्ष सम्म रु. ५९,७३,०१७ भुक्तानी गरेको छ। प्राइस एडजस्टमेन्ट डाटा नभरेको निर्माण व्यवसायीलाई मुल्य समायोजन भुक्तानी गरेको सम्वन्धमा पालिकावाट एकिन गरी भुक्तानी भएको मुल्य समायोजन असुल गर्नुपर्ने रु

| सिन | विलको विवरण | विल रकम | कफिसियन्ट | भुक्तानी मुल्य समायोजन |
|---|---|---|---|---|
| १ | प्रथम रनिङ्ग विल | १,६१,११,४२७ | १.०९ | १५,५९,१८३ |
| २ | दोस्रो रनिङ्ग विल | २,१०,२१,९९० | १.१७७३ | ३७,२६,६७३ |
| | **जम्मा** | | | **५२,८५,८५६** |
| | **मुअकर** | | | **६,८७,१६१** |
| | **कुल जम्मा** | | | **५९,७३,०१७** |

| असुल गर्नुपर्ने | ५९,७३,०१७ |
|---|---|

५४.४ पेश्की फर्स्यौट- गाँउपालिका तथा १५ शैय्याको अस्पताल निर्माणका कार्यका निर्माण व्यवसायी विकोई सेवालुङ्ग जेभी सँग भएको सम्झौताको सम्झौताका विशेष शर्तको वुँदा नं ५७.३ मा पेश्की वापत प्रदान गरेको रकम स्वीकृत सम्झौता अवधिको ८० प्रतिशत समयमा फर्स्यौट गर्नुपर्ने उल्लेख छ। अस्पताल भवन निर्माणको शुरु सम्झौता मिति २०८०।३।२४ मा नै समाप्त भएको देखिन्छ। उक्त अवधि समाप्त हुँदा समेत निर्माण व्यवसायीलाई प्रादन गरेको पेश्की रकम रु.१,९१,१६,४६९।२३ फर्स्यौट भएको देखिएन। हाल उक्त निर्माण कार्यस्थलमा निर्माण व्यवसायी नभएको र निर्माणकार्य अनिश्चित भएको अवस्थामा समेत पालिकाले निर्माण कार्यको लागि मिति २०८१।३।२१ सम्म म्याद थप गरेको देखिन्छ।निर्माण कार्यको म्याद थप भएको अवधिलाई आधार मान्दा समेत लेखापरीक्षण अवधिमा उक्त पेश्की फर्स्यौट हुनुपर्नेमा हाल निर्माण कार्य सुचार हुने नहुने निश्चितता नदेखिएको, निर्माण कार्यकै लागि पेश्की रकमको प्रयोगको आधार समेत नदेखिएकाले उक्त पेश्की रकम प्राप्त गरी दाखिला गर्नुपर्ने देखिएको रु

| असुल गर्नुपर्ने | १,९१,१६,४६९.२३ |
|---|---|

५४.५ **बढी दरमा भुक्तानी-** निर्माण व्यवसायी सँग भएको सम्झौताको जिसिसि ४५.१ मा कुनै आइटमको नयाँ दर कायम गर्नका लागि प्रत्येक आइटमको २५ प्रतिशत परिमाण र भेरिएसन हुने आइटमको लागत कुल सम्झौता रकमको २ प्रतिशत भन्दा बढी भएको अवस्थामा मात्र नयाँ दर कायम गरी भुक्तानी गर्न मिल्ने व्यवस्था छ। पालिकाले यो वर्ष अस्पताल निर्माणमा भेरिएसन गरेको र भेरिएसन मार्फत नयाँ दर समेत कायम गरी दोस्रो रनिङ्ग विलवाट रु.२,१०,२१,९९०(मुअकर वाहेक) को मुल्याङ्कन गरी भुक्तानी गर्दा निर्माण कार्यको land scaping तर्फ सम्झौता वमोजिम २५ प्रतिशत परिमाण र २ प्रतिशत लागत ननाघेका आइटममा समेत सम्झौता मुल्य भन्दा बढी दर कायम गरी भुक्तानी गरेको देखिएकोले बढी दरमा भुक्तानी गरेको रकम असुल गर्नुपर्ने देखिएको रु

| आइटम नं | आइटमको विवरण | भेरिएसन परिमाण | शुरु सम्झौता दर | नयाँ दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| ४.१ | स्टोल सोलिङ्ग | ६४.०२ | २,००० | २,६४७.३९ | ४१,४४६ |
| ५.१ | व्रिक वर्क | ८४.८ | १३,००० | १५,८४८.४८ | २,४१,५५१ |
| | **जम्मा** | | | | **२,८२,९९७** |
| | **मुअकर** | | | | **३६,७८९** |
| | **कुल जम्मा** | | | | **३,१९,७८६** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,१९,७८६ |

५४.६ **निर्माण कार्यतालिकाः** उल्लेखित निर्माण व्यवसायीसँग भएको सम्झौताको विशेष शर्तको वुँदा ३४.३ मा निर्माण व्यवसायीले हरेक ९० दिनमा कार्यतालिका अपडेट गर्नुपर्ने अन्यथा रु. ५,००,००० का दरले भुक्तानी रोक्का राख्नुपर्ने उल्लेख छ । उल्लेखित निर्माण व्यवसायीले सम्झौता वमोजिम कार्यतालिका पेश नगरेको तथा अपडेट गरेको देखिएन। सम्झौताका शर्त वमोजिम कार्यतालिका तोकीएको समयमा पेश नगरेकाले भुक्तानीवाट विथहोल्ड गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,००,००० |

५४.७ **नगरेको कार्यको भुक्तानी-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यो वर्ष १५ शैय्या अस्पतालको दोस्रो रनिङ्ग विल वापत गोश्वारा भौचर नं २, मिति २०८०।८।२० वाट रु.२,००,००,००० तथा भौ नं ८, मिति २०८०।१२।१६ वाट रु.७९,६९,१७६ समेत रु२,७९,६९,१७६ भुक्तानी गरेकोमा मेन विल्डिङ्ग सिभिल वर्क्स तर्फ नापी किताबमा समवेश भएका देहाय वमोजिमका आइटमहरु निर्माण स्थलगत परीक्षण गर्दा निर्माण कार्य नगरी नापी किताबमा समावेश गरी भुक्तानी गरेको देखियो । यस सम्वन्धमा पालिकाले नापी किताबमा समावेश गरी भुक्तानी गर्नुको कारण स्पष्ट गरी सम्बन्धित कर्मचारीलाई जिम्मेवार बनाई बढी भुक्तानी भएको रकम व्याज समेत असुलगर्नुपर्ने रु

| आइटम नं | आइटमको विवरण | विलको परीमाण | नगरेको कार्यको परिमाण | भुक्तानी दर | जम्मा बढी भुक्तानी |
|---|---|---|---|---|---|
| 1.1 | Earth work excavation | 1220.97 | 820.23 | 200 | 80148 |
| 2.1 | Stone soling | 323.80 | 208.86 | 2000 | 229880 |
| 2.2 | Stone mesnary | 173.07 | 123.43 | 7000 | 347480 |
| 4.1 | Pcc m10 | 39.65 | 26.64 | 8000 | 104080 |
| 4.2 | Pcc m15 | 113.83 | 83.76 | 10000 | 300700 |
| 4.4 | Pccm20 | 476.11 | 381.96 | 12000 | 1129800 |
| 5 | Tmt bar | 56.83 | 46.11 | 100000 | 1072000 |
| 7.1 | Formwork | 3313.81 | 1658.78 | 300 | 496509 |
| 98 | Brick transportation | 557.68 | 0 | 4000 | 2230720 |
| | | | **Total** | | **5991317** |
| | | | **Vat** | | **778871.2** |
| | | | **G total** | | **6770188** |

| असुल गर्नुपर्ने | ६७,७०,१८८ |
|---|---|

५४.८ **स्थलगत अनुगमनः** गाँउपालिका अन्तर्गत वडा नं २ तेम्बेमा निर्माणाधिन १५ शैय्या अस्पतालको भवनको स्थलगत भौतिक परीक्षण गर्नका लागि मिति २०८१।५।१८ विहान ९ वजे निमित्त प्रमुख प्रशासकीय अधिकृत , पालिकाका इन्जिनियर , योजना शाखा प्रमुख र अन्य प्राविधिक कर्मचारी सहित लेखापरीक्षण टोली निर्माण स्थलमा स्थलगत परीक्षण गर्दा निर्माण स्थलमा निर्माण व्यवसायी परिचालन नभएको , निर्माण स्थलको उत्तर पश्चिम दिशातर्फ खोल्सी रहेको , प्रोटेक्सनको लागि लगाइएको स्टोन मेशनरी वालवाट भित्ताको पानी सिपेज भै निर्माण स्थलमा जमेको, भित्ता तर्फ जमिन वग्दै आएको, निर्माण व्यवसायीले फलामे डण्डि लगायतका सामान यत्रतत्र छाडेको सो डण्डीमा खिया लागेको, व्लक २ को कार्य एकमुष्ठ गर्नुपर्नेमा कुल लम्वाई ४५.८० मिटर मध्ये २१.६० मिटर लम्वाईको मात्र भवन प्लिन्थ लेभल सम्म निर्माण गरेको , एकै पटक निर्माण गर्नपर्ने भवनको उत्तर दिशामा फिलिङ्ग गरेको माटो रहेको , निर्माण स्थलमा निर्माण सामाग्रिको मौज्दात नरहेको , निर्माण स्थलमा भएको सानो परिमाणको एग्रिगेट कमसल प्रकृतिको रहेको देखिन्छ। यसवाट स्वीकृत ड्रइङ डिजाइन भन्दा फरक तवरले आधा व्लकको काम गरेको ,नापी किताबमा नापी भएको धेरै परिमाण निर्माण स्थलमा शुरुवात सम्म नगरेको अवस्था देखियो। निर्माण कार्यको म्याद थप्दै गएको तर निर्माण व्यवसायिले थप निर्माण कार्य नगरेको अवस्थावाट निर्माण कार्य अनिश्चित देखिएको छ । सम्झौताका शर्त तथा प्रचलित खरिद कानुन वमोजिम निर्माण व्यवसायिलाई जिम्मेवार वनाई निर्माण कार्य सम्पन्न गर्नुपर्दछ ।





५५ **वीमा**

वीमाः सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा १० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा

लेखिएदेखि वाहेक सम्पूण जोखिम वहन गर्ने गरी वीमा गराउनु पर्ने तथा वीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ। पालिकाले यो बर्ष नमुना छनौटका आधारमा परीक्षण गर्दा तपशिल वमोजिमका ठेक्काहरुमा वीमा नै नगराइ निर्माण कार्य गराएको देखिन्छ। यसरी वीमा नगराइ नियमावलीले गरेको व्यवस्था विपरीत खरिद सम्झौता गर्ने पदाधिकारीलाइ जिम्मेवार वनाइ वीमा गरेर मात्र निर्माण कार्य गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

| ठेक्का नं | निर्माण व्यवसायी | सम्झौता रकम | विओक्यूमा वीमा रकम | कैफियत |
|---|---|---|---|---|
| MRM/WORKS/NCB/2077/78-08 | विकोई सेवालुङ्ग जेभी | १४,५७,२५,४३७।८४ | ८,५०,०००।०० | वीमा नगरेको |
| M/WORKS/NCB/E/2080-81-07 | नव उदय निर्माण सेवा | ३९,४४,४०१।१३ | ५०,०००।०० | वीमा नगरेको |

## ५६ मेशिन खरिद वितरण तथा संचालन

पालिलकाले यो वर्ष नविकरणीय उर्जा प्रविधि जडान अन्तर्गत देहाय वमोजिमका भौचरहरुवाट ६ थान मिल मेशिन खरिद गरेको देखिन्छ। पालिकाले सो खरिद गरी वितरण गरेको उल्लेख गरेकोमा वितरण गर्दा वितरणको मापदण्ड तयार नगरेको, मेशिन संचालनको अवस्थाको अनुगमन नगरेको, जडानको प्राविधिक प्रतिवेदन तयार नगरेको, कार्यालयवाट खरिद गर्नुपर्ने मेशिन उपभोक्तावाट खरिद गरेको अवस्था देखिन्छ। उल्लेखित मेशिनहरु जडान भएको प्राविधिक प्रतिवेदन तथा कार्यान्वियन भए नभएको एकिन गरि अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने देखिएको रु

| गोश्वरा भौचर मिति | खरिद विवरण | खरिद परिमाण | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| ३८ २०८१।३।२१ | वराल ट्रेडर्सवाट कुटानी पिसानी मिल खरिद | ३ थान | १,४९,८५० | सक्कल विजक नभएको १ थान वितरण गरेको २ थान वितरण गरेको भरपाई पेश नभएको |
| ३६ २०८१।३।२० | शुभ सप्लायर्स | ३ थान | १,३५,००० | मिक्कीफुङ्ग युवा क्लववाट खरिद गरी भुक्तानी गरेको |
| **जम्मा** | | | **२,८४,८५०** | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,८४,८५० |

## ५७ प्रशासनिक भवन निर्माण

गाउँपालिकाले पालिकाको प्रशासकिय भवन निर्माणका लागि ठेक्का नं M/WORKS/NCB/E/2080/81-06 मार्फत निर्माण व्यवसायी आर.आर.आरके.टिएम जेभी सँग रु.१२,१४,४८,१३१।९६ (मूल्य अभिवृद्धी कर समेत) मा मिति २०८३।२।२७ मा निर्माण कार्य सम्पन्न गर्नेगरी २०८०।११।१८ मा सम्झौता भएको छ । निर्माण सम्झौता पश्चात् निर्माण व्यवसायिलाई मोविलाईजेशन पेश्की स्वरुप रु.१,५०,००,००० भुक्तानी भएको देखिन्छ । यस सम्वन्धमा देखिएका व्यहोराहरु देहाय वमोजिम रहेका छन ।

५७.१ लागत अनुमानको स्वीकृती- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४ वमोजिम २० करोड रुपैया सम्म लागत अनुमान राजपत्राङ्कित प्रथम श्रेणीको कार्यालय प्रमुखले स्विकृत गर्नुपर्ने र कार्यलय प्रमुख आफैले लागत अनुमान स्विकृत गर्न नमिल्ने भएमा १ तह माथिल्लो तहवाट लागत अनुमान स्विकृत गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष पालिकाको प्रशासनिक भवन निर्माण कार्यका लागि रु.१२,१६,९९,२५० को लागत अनुमान तयार गरेकोमा नियमावलीमा भएको व्यवस्था वमोजिम लागत अनुमान स्वीकृत गरेको देखिएन । पालिकाले भवनको विस्तृत परियोजना प्रतिवेदन मिति २०७९।११।०८ को निर्णय नं १४ वाट स्वीकृत गरेको भएतापनी वोलपत्र आव्हानका वखतको विओक्यु वमोजिमको लागत अनुमान स्वीकृती वेगर वोलपत्र आव्हान गरी सम्झौता गरेको नियम सम्मत देखिएन। लागत अनुमानको स्वीकृती कानुन वमोजिम सम्वन्धित तहवाट गराई ठेक्का व्यवस्थापन गर्ने गराउने तर्फ पालिकाको ध्यान जानु पर्दछ ।

५७.२ निर्माण कार्यको दर विश्लेषणः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान गर्दा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा नियम ९ को अधीनमा रही तयार गर्नु पर्ने र निर्माण कार्यको लागत अनुमान तयार गर्दा निर्माण सम्बन्धी नर्म्स भए त्यस्तो नर्म्स बमोजिम र त्यस्तो नर्म्स नभएको अवस्थामा आवश्यक नर्म्स तयार गरी त्यस्तो नर्म्स नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत गराई स्वीकृत नर्म्स बमोजिम लागत अनुमान तयार गर्नु पर्ने व्यवस्था छ । नेपाल सरकारले भवन निर्माणको लागि शहरी विकास तथा भवन निर्माण विभागले जारी गरेको नर्म्सको प्रयोग गर्नुपर्ने देखिन्छ। पालिकाको प्रशासनिक भवन निर्माणकव लागत अनुमानमा प्रयोग भएको दर विश्लेषणको परीक्षण गर्दा brick masonry 1:4 को लागि प्रतिघनमिटर ५६० ईट्टा समावेश गरी प्रतिघनमिटर लागत रु २९,१५२.७५ कायम गरेको देखिन्छ । नर्म्समा ईट्टा साइज वमोजिम ईट्टा समावेश गर्नुपर्ने उल्लेख भएको तथा दर विश्लेषणमा तराईको ठुलो साइजको ईट्टाको प्रतिगोटा रु. ३३.३३ का दरले रेट समावेश गरेको देखिन्छ । तराईको ईटाको साइज वमोजिम प्रतिघनमिटर ४०० ईट्टा मात्र लाग्नेगरी पालिकाले अन्य योजनाको लागत अनुमान तयार गरेकोमा ५६० ईटा समावेश गरी लागत अनुमान गर्दा कुल ५२३.५५ घनमिटरमा प्रतिघनमिटर रु.६१३२।७२ बढी लागत अनुमान भै कूल रु.३२,१०,७८५ तथा brick masonry 1:6 को १८.५३ घनमिटरमा प्रतिघनमिटर रु ६१३२।७२ का दरले हुने रु.१,१३,६३९ समेत रु ३३,२४,४२४।०० बढी लागत अनुमान तयार गरेको छ । निर्माण व्यवसायिले समेत उल्लेखित आईटमहरु क्रमस रु.२८,००० र रु.३०,००० कवोल गरेको देखिएकोले लागत अनुमान गर्दा ईट्टाको संख्या बढी समावेश गर्दा थप व्ययभार परेको रु

| | |
|---|---|
| अनियमित भएको | ३३,२४,४२४ |

५७.३ **बढी मुल्यमा सम्झौताः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७९ मूल्याङ्कन समितिले आर्थिक प्रस्तावको खाम खोल्दा प्रस्तावदाता वा निजको प्रतिनिधिको उपस्थितिमा खोल्नु पर्ने, बमोजिम आर्थिक प्रस्तावको खाम खोले पछि मूल्याङ्कन समितिले प्रस्तावदाताको नाम, निजले प्राविधिक प्रस्तावमा प्राप्त गरेको अङ्क र आर्थिक प्रस्तावमा प्रस्ताव गरेको सेवा शुल्क पढेर सुनाई प्रस्तावित सेवा शुल्क, प्रस्तावित सेवा शुल्कमा कुनै छुट दिन प्रस्ताव गरिएको भए सोको व्यहोरा,अङ्क र अक्षरका बीच भिन्नता भए सो भिन्नताको विवरण लगायतका विषयहरु खुलाई मुचुल्का तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष प्रशासनिक भवन निर्माणको लागि दोस्रो पटक वोलपत्र आव्हान गरेकोमा २ वोलपत्रदाता मध्ये प्राविधिक परीक्षणमा उतिर्ण भएको वोलपत्रदाता आर आर आरके टिएम जेभीले कवोल गरेको रु.१२,१४,४८,१३१।९६ (मू.अ.कर समेत) उल्लेख गरेको देखिन्छ। उक्त वोलपत्रदाताले पेश गरेको लेटर अफ प्राइस विडमा प्रत्येक आइटममा १३ प्रतिशतका दरले छूट दिने उल्लेख गरी वोलपत्र कागजात पेश भएको लेखापरीक्षणवाट देखिएको छ। तथापी उक्त छूटलाई मुल्याङ्कन समितिले गणना नगरी कवोल गरेको अङ्क रु.१२,१४,४८,१३१।९६ (मुअकर समेत) मा सम्झौता गरि निर्माण कार्यको मोविलाइजेशन प्रदान गरी निर्माण सुरुवात भैसकेको देखिन्छ। यसरी निर्माण व्यवसायीले छुटको प्रस्ताव पेश गरेतापनी छूट प्रस्तावलाई मुल्याङ्कन समितिले समावेश नगरी सम्झौता कायम गर्दा पिएस आइटमको रु.९,००,००० वाहेकको रु १२,०५,४८,१३१।९६ को १३ प्रतिशतले हुने रु१,५६,७१,२५७।१५ बढी भुक्तानी हुने गरी सम्झौता भएको देखिन्छ। हालसम्म रनिङ्ग विलको भुक्तानी नभएकाले सम्वन्धितलाई जिम्मेवार बनाई नयाँ सम्झौता तयार गरी उल्लेखित रकम भुक्तानी नहुने सुनिश्चितता गर्नुपर्ने देखिन्छ। लेखापरीक्षणमा उल्लेखित वेरुजू औंल्याएपश्चात मिति २०८१।६।९ मा नयाँ सम्झौता भई प्रमाण पेश भएको छ। विल विजकको भुक्तानी गर्दा नयाँ सम्झौतामा भएको दरका आधारमा भुक्तानी गर्नुपर्दछ।

५७.४ **सम्झौताको शर्तहरुमा भिन्नताः** पालिकाले ठेक्का सम्झौता गर्दा वोलपत्र कागजातमा उल्लेख गरेको जेनेरल कन्डिसन अफ कन्ट्र्याक्ट तथा स्पेशल कन्डिसन अफ कन्ट्र्याक्टका आधारमा सम्झौता गर्नुपर्दछ। पालिकाले यो वर्ष प्रशासनिक भवन निर्माण कार्यका लागि निर्माण व्यवसायी आर.आर.आरके.टिएम जेभी सँग सम्झौता गरेकोमा वोलपत्र आव्हान गर्दा तयार गरी इलेक्ट्रोनिक खरिद प्रणालीमा अपलोड गरेको वोलपत्र कागजातको सम्झौताका विशेष शर्तको बुँदा नं ५३.१ मा The contract isnot subject to price adjustment राखेर वोलपत्र आव्हान गरेको देखिन्छ । सो व्यवस्थालाई मध्यनजर गरेर प्राविधिक परीक्षणमा उतिर्ण भएका एकमात्र वोलपत्रदाताले रु.१२,१६,९९,२५० को लागत अनुमान भएको ठेक्कालाई रु.१२,१४,४८,१३१।९६ (लेटर अफ प्राइस विडमा प्रदान गरेको १३ प्रतिशत छूट वाहेकको रकम) प्रस्ताव गरेको देखिन्छ । तथापी कार्यालयले सम्झौता गर्दा उक्त वोलपत्र कागजात प्रयोग नगरी छुट्टै वोलपत्र कागजात प्रयोग गरी The contract is subject to price adjustment उल्लेख गरी मूल्य समायोजन भुक्तानी गर्नेगरी सम्झौता गरेको

देखिन्छ । यसरी वोलपत्र कागजातको अध्ययन पश्चात् वोलपत्रदाताले लागत अनुमानको तुलनामा कवोल गरेको अवस्थामा पुन: सम्झौताका शर्त फरक गरी सम्झौता गरेको नियम सम्मत देखिएन । वोलपत्रदाताले वोलपत्र कागजातका आधारमा वित्तिय प्रस्ताव गर्ने भएकाले मुल्य समायोजनको रकम भुक्तानी नहुने व्यवस्था गर्नुपर्दछ ।

५८ **गुराँस पार्क निर्माण**

सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ वमोजिम सम्झौता वमोजिमको निर्माण कार्य तोकिएको अवधिमा सम्पन्न गर्नुपर्दछ।पालिकाले ठेक्का नं MRM/W0RKS/NCB/2077/78-07 मार्फत तिनजुरे मिल्के जलजले क्षेत्रमा गुरास पार्क निर्माणको लागि निर्माण व्यवसायी भगवती निर्माण सेवा सँग रु.३,०५,७९,७५४।५३ भुक्तानी गर्नेगरी २०७८।३।२८ मा सम्झौता भएको देखिन्छ । निर्माण व्यवसायीले तोकिएको कार्य निर्धारीत अवधिमा सम्पन्न गर्न नसकी दोस्रो पटक मिति २०८०।३।२० सम्म म्याद थप भएकोमा सो अवधिमा समेत निर्माण कार्य सम्पन्न गर्न सकेको देखिएन । यो वर्ष चौथो रनिङ्ग विल वापत रु.२८,३८,०८८।८४ भुक्तानी गर्दा पालिकाले पहिलेनै म्याद थपको निर्णय गरी थप कार्यसम्पादन जमानत पेश गर्न लगाई भुक्तानी गरेको देखियो । सार्वजनिक खरिद नियमावली, २०६४ मा भएको व्यवस्था वमोजिम निर्माण व्यवसायिले २१ दिन अगावै निवेदन दिनुपर्ने, म्याद थप गर्नुपर्ने मनासिव कारण अध्ययन गरी कार्यसम्पादन जामनत र विमा लगायतको कागजातको अध्ययन पछि म्याद थप गर्नुपर्ने अवधिको गणना गरी म्याद थप गर्नुपर्नेमा म्यादथप गरी जमानत लगायतका कागजात मगाएको मनासिव देखिदैन। निर्माण कार्यको तेस्रो पटक म्यादथप गरी २०८१।३।३० सम्म थप भएको देखिन्छ । यस अवधिमा कुल रु.२,६१,२२,९५१।६१ को निर्माण कार्य भएको र बाँकी कार्य हुनै बाँकी रहेको देखिन्छ। निर्माण कार्यको म्याद समाप्त भैसकेको देखिएकाले पुर्वनिर्धारीत क्षतिपूर्ती लिई निर्माण कार्य सम्पन्न गर्ने गराउने तर्प पालिकाको ध्यान जानु पर्दछ ।साथै चौथो रनिङ्ग विलमा आइटम नं ३ मा ७ थान सोलार सेट जडान गरी रु.१०,५०,००० को प्राविधिक मुल्याङ्कन गरेकोमा निर्माण स्थलमा जडान नभै खरिद गरी मौज्दात राखेको कार्यालयले जनाएको छ । सो सोलार जडान भए पश्चात् मात्र भुक्तानी गर्नुपर्ने रकम खरिदका आधारमा भुक्तानी भएकाले जडान भएको प्राविधिक प्रतिवेदन पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १०,५०,००० |

५९ **प्रोभिजनल सम**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३(२) मा रनिङ्ग विल वा अन्य कुनै विल बीजकको भुक्तानी लिनको लागि आपूर्तीकर्ता, निर्माण व्यवसायीले खरिद सम्झौता बमोजिम आवश्यक पर्ने कागजात तथा विल भर्पाइ पेस गर्नुपर्ने उल्लेख छ। पालिकाले भुक्तानी गरेको प्रोभिजनल सम अन्तर्गत देहाय वमोजिमका निर्माण कार्यमा निम्नानुसारको आइटममा रहेको रकम भुक्तानी गर्दा सक्कल विजक वेगर रु.३,४८,४६७ भुक्तानी गरेको छ । उक्त भुक्तानीको सक्कल कर विजक पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु

| गो भौ नं मिति | निर्माण कार्यको नाम | निर्माण व्यवसायि | प्रोभिजनल समको कार्य | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|---|
| ५८ २०८१। १।२५ | वहुद्देशिय कवर्ड हल निर्माण | अरुण कन्सट्रक्सन | विमा | ९४४४६ | सक्कल विजक पेश नभएको |
| ५८ २०८१। १।२५ | वहुद्देशिय कवर्ड हल निर्माण | अरुण कन्सट्रक्सन | प्रोजेक्ट वोर्ड | ५००० | विजक पेश नभएको |
| ५८ २०८१। १।२५ | वहुद्देशिय कवर्ड हल निर्माण | अरुण कन्सट्रक्सन | ल्यावटेस्ट | ५५००० | विजक पेश नभएको |
| ५८ २०८१। १।२५ | वहुद्देशिय कवर्ड हल निर्माण | अरुण कन्सट्रक्सन | प्लम्विङ् एण्ड ट्याइलेट फिटीङ्ग | १००००० | विजक पेश नभएको/ नापीको विस्तृत विवरण नभएको |
| ४४ २०८१। ३।२३ | वडा नं ३ स्वास्थ्य भवन निर्माण | तेल्लावुङ्ग कन्सट्रक्सन | विमा | १२४५१ | विजक नभएको |
| ४४ २०८१। ३।२३ | वडा नं ३ स्वास्थ्य भवन निर्माण | तेल्लावुङ्ग कन्सट्रक्सन | ल्याव टेस्ट | ४६५०० | विजक नभएको |
| १५२ २०८१। ३।२४ | मजुवा ताम्राङ् खाम्सादेन हुदै वडा नं ६ सडक निर्माण | अरुण कन्सट्रक्सन | विमा | ३५०७० | पोलिसिमात्र पेश गरेको / विजक नभएको |
| **जम्मा** | | | | **३,४८,४६७** | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,४८,४६७ |

## ६० कार्यसम्पादन जमानत

सार्वजनिक खरिद ऐन २०६३, को दफा २७ तथा नियमावली २०६४,को नियम ११० मा भएको व्यवस्था अनुसार कार्यलयले ठेक्का सम्झौता रकमको निश्चित रकमको तोकिएको अवधिको कार्य सम्पादन जमानत पेश गर्नु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष देहाय वमोजिमका निर्माण कार्यहरु सम्झौताका बखत पूर्वानुमान गर्न सकिने आइटमहरुमा समेत ३१.२० प्रतिशत थप सम्म भेरिएसन गरी निर्माण कार्यको संझौता रकम बढाएकोमा नयाँ सम्झौता रकम कायम गर्दा थप कार्सम्मपादन जमानत लिएको नदेखिएकोले उक्त थप संझौता रकमको ५ प्रतिशतले हुने रु.२१८११० कार्य सम्पादन जमानत थप गरेरमात्र निर्माण गर्ने गराउने तर्फ पालिकाको ध्यान जानु पर्दछ ।

| ठेक्का न | व्यावसायीको नाम | काम | संझौता | भेरिएसन रकम | नपुग रकम |
|---|---|---|---|---|---|
| 2080/81-02 | अरुण कन्स्ट्रक्सन | वहुउद्देशिय कवर्ड हल निर्माण | १,०६,९६,९७६ | ३३,३८,८८२ | १,६६,९४४ |
| 2080/81-03 | दोभान भ्याली निर्माण सेवा | मौवाखोला मावी ८ कोठे भवन निर्माण | ४५,०८,५८१ | १०,२३,३२२ | ५१,१६६ |

## ६१ बढी भुक्तानी

१५,२०८१।०३।२३ सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ ।पालिकाले यो वर्ष वहुद्देशिय कवर्ड हल निर्माणको अन्तिम प्राविधिक मुल्याङ्कन गर्दा निर्माण कार्यको नापी किताबमा फलामे डण्डीकोकार्यमा पिलर र विमको स्टिरप्सको नापि गर्दा कोलमको स्टिरप्स १.८ मिटर र विमको स्टिरप्स १.२ मिटर लाग्नेमा एकमुष्ठ नापी गरी ७ एम एमको डण्डीको कुल २९८३।५० केजी मुल्याङ्कन गरेकोमा स्पेशिफिकेशन वमोजिम मुल्याङ्कन गर्दा ११४७।१४ केजी मात्र लागेको देखिएकोले बढी लम्वाई कायम गरी १८३६।३६ केजी परिमाण बढी मुल्याङ्कन

गरी निर्माण व्यवसायी अरुण कन्सट्रक्सनलाई रु २४०७१० वढि भुक्तानी गरेको छ । उक्त डण्डी प्रतिकेजी रु १३१।०८ का दरले हुने रु २,४०,७१० बढीभुक्तानी भएको रकम असुल गर्नुपर्ने देखिएको रु...

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,४०,७१० |

## ६२ भौतिक पूर्वाधार निर्माण

शिक्षा तथा विद्यालय मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वियन पुस्तिका २०७९।८० को क्रियाकलाप नं ११.१.२.१ मा प्रत्येक स्थानीय तहले विद्यालय भौतिक पूर्वाधार कार्यक्रमहरु कार्यान्वियन गर्दा सम्पूर्ण निर्माण कार्य नेपाल राष्ट्रिय भवन संहिता, २०६० अनुसार गर्नु गराउनु पर्ने, स्थानीय तह अन्तर्गतका विद्यालयमा हुने भौतिक निर्माणका कार्यहरु स्थानीय तहले आफ्नो प्राविधिक मार्फत सुपरीवेक्षण गराउने र कार्यसम्पादन प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । साथै राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वियनका लागि शिक्षा तथा मानव श्रोत विकास केन्द्रद्वारा कार्यक्रम अनुरुप तोकिएको डिजाइन ड्रइङ तथा लागत अनुमान अनुसार २ कोठे तथा ४ कोठे भवन निर्माण गर्नुपर्ने व्यवस्था छ। उक्त कार्यक्रमका लागि देहायका विद्यालयलाई रु.१ करोड निकासा भएको छ। तर विद्यालय निर्माणसँग सम्बन्धित कागजात सम्बन्धित विद्यालयहरुले पालिकामा पेश गरेका छैनन् । तसर्थ निर्माणसँग सम्बन्धित कागजात तथा कार्य सम्पन्न भएको प्रतिवेदन पेश गर्नुपर्ने रु.

| गोभौनं र मिति | विद्यालयको नाम | निकासा प्रयोजन | निकासा रु. |
|---|---|---|---|
| ३५ २०८१।३।१७ | नारायणी मा वि | नमुना विद्यालय छनौट भै भवन निर्माण | १,००,००,००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,००,००,००० |

## ६३ भेरिएसन वेगर बढी भुक्तानी

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वियनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाई भेरिएसन आदेश जारी गर्नसक्ने व्यवस्था छ। पालिकाले वडा नं ३ स्वास्थ्य भवन निर्माण कार्यको अन्तिम रनिङ्ग विल सम्म कुल रु.३८,१६,१२९।०० को प्राविधिक मुल्याङ्कन गरी भुक्तानी गरेकोमा देहायका आइटममा भेरिएसन पश्चातको विओक्युमा रहेको आइटम भन्दा बढी मुल्याङ्कन गरी भुक्तानी गरेको देखिन्छ । यसरी बढी परिमाण आवश्यक पर्नुको स्पष्ट आधार र कारण खुलाई भेरिएसन आदेश जारी गरी निर्माण कार्य गराउनु पर्नेमा प्रोभिजनल सममा समावेश भएको Plumbing and Toilet Fitting work (Indian/European Commode with cestern flushing system , Connecting Spraying, Toilet holder paper, Steel stand fitting for orphanase people, Pipe Fitting tiolet to safety tanky and all toilet fittings as per necessesity ) को लागि रु १,७२,००० समावेश गरी सम्झौता गरेकोमा सो कार्य नगराई देहाय वमोजिमको आइटममा विओक्यु परिमाण भन्दा बढी मुल्याङ्कन गरी भुक्तानी भएको देखिन्छ ।भेरिएसन वेगर प्राविधिक मुल्याङ्कन गरी भुक्तानी गरेको नियम सम्मत नदेखिएको रु

| सिन | आइटम नं | विवरण | विओक्यु परिमाण | भुक्तानी परिमाण | दर | बढी मुल्याङ्कन रकम |
|---|---|---|---|---|---|---|
| १ | ८ | Pcc m20 | 40.13 | 57.67 | 11000 | 192940 |
| २ | १४ | Local wood chukosh | 0.97 | 1.10 | 88000 | 11440 |
| ३ | New item | Plaster 1:6 | 0 sqm | 293.12 | 378.47 | 110937.1 |
| ४ | १५ | Transportation of cement | 21868.68 | 28316.07 | 5 | 32236.95 |
| ५ | १६ | Transportation of sand | 37.17 | 43.57 | 2500 | 16000 |
| | | | | | | 363554.1 |

| | |
|---|---|
| अनियमित भएको | ३,६३,५५४.१ |

६४ **एकमुष्ठ मुल्याङ्कन**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यो वर्ष मौवाखोला मावी को ८ कोठे भवन निर्माणका लागि निर्माण व्यवसायी दोभान भ्याली निर्माण सेवा सँग सम्झौता गरी अन्तिम प्राविधिक मुल्याङ्कन रु.५५,२०,४२४ भुक्तानी गरेको देखिन्छ । उक्त निर्माण कार्यमा प्रोभिजनल सम आइटममा एकमुष्ठ रुपमा insurance and electrical and fitting को आइटम समावेश गरी रु.३,९५,००० समावेश गरी प्राविधिक मुल्याङ्कनमा समेत एकमुष्ठ रु.३,७०,६२३ समावेश गरी भुक्तानी गरेको देखिन्छ। नापी गर्न सकिने इलेक्ट्रिकल आइटम एकमुष्ठ प्रोभिजनल सममा समावेश गरी भुक्तानी गरेकोले खपत भएको सामाग्रिको आधारमा नापी किताब तयार गरी नियमित गर्नुपर्ने देखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ३,७०,६२३ |

६५ **बढी भुक्तानी**

५४,२०८१।०३।२४ सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यो वर्ष ठेक्का नं M/WORKS/NCB/E/2080/81-05 मार्फत मजुवा ताम्राङ्ग खाम्सादेन कामसाङ्ग रानीवन हुदै वडा नं ६ सडक स्तरोन्नतीकार्य गरी निर्माण व्यवसायी अरुण कन्सट्रक्सनलाई निर्माण कार्यको प्राविधिक मुल्याङ्कन रु.७६,७१,२८१ गरी भुक्तानी गरेको छ । निर्माण कार्यको नापी किताब परीक्षण गर्दा देहाय वमोजिमको आइटमहरु जोडजम्मा फरक पारी / दोहोरो नापी जोडी रु.१४,९८,८८८।५० बढी मुल्याङ्कन गरी भुक्तानी भएको देखिन्छ । बढी तथा दोहोरो नापी गरी बढी भुक्तानी गरेको रकम असुल गरी दाखिला गर्नुपर्ने रु

| आइटम नं | कामको विवरण | वास्तविक परिमाण | भुक्तानी परिमाण | दर | बढी भुक्तानी | कैफियत |
|---|---|---|---|---|---|---|
| ६ | Stone soling | १५६१ | ९७१ | २१०० | १२,३९,००० | वडा नं ४ र ५ को वाटो सोलिङ दोहोरो जोड भएको |
| ७ | Pcc 1:3:6 | ६३ | ७५ | ७५०० | ८७४५० | वडा नं ५ को पिसिसि दोहोरो नापी भएको |
| जम्मा | | | | | १२,२६,४५० | |
| मुअकर | | | | | १,७२,४३८।५० | |
| कुलजम्मा | | | | | १४,९८,८८८।५० | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १४,९८,८८८.५ |

६६ **बढी भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले यो वर्ष ठेक्का नं M/WORKS/NCB/E/2080/81-07 मार्फत मजुवा ताम्राङ्ग -खाम्सादेन -कामसाङ्ग रानीवन हुदै वडा नं ६ सडक स्तरोन्नतीकार्य थप कार्य गरी निर्माण व्यवसायी नव उदय निर्माण सेवालाई निर्माण कार्यको प्राविधिक मुल्याङ्कन रु.३८,२४,३१३ गरी भुक्तानी गरेको छ । निर्माण कार्यको नापी किताब परीक्षण गर्दा देहाय वमोजिमको आइटमहरु बढी नापी

गरी रु.८५,८७६ बढी मुल्याङ्कन गरी भुक्तानी भएको देखिन्छ । बढी तथा दोहोरो नापी गरी बढी भुक्तानी गरेको रकम असुल गरी दाखिला गर्नुपर्ने रु

| आइटम नं | कामको विवरण | वास्तविक परिमाण | भुक्तानी परिमाण | दर | बढी भुक्तानी | कैफियत |
|---|---|---|---|---|---|---|
| ८ | Tmt reinforcement | ३९०९.६३ | ४२१६.५३ | ११४.१३ | ३५०२६ | १३७ मिटर **RCC** ढलान भएकोमा १७० मिटर डण्डी राखी नापी गरेको |
| ११ | Cement transportation work | ४२०९०.०० | ५७०९०.०० | ३.३९ | ५०८५० | कुल सिमेन्ट खपत कमी भएकोमा बढी परिमाण समावेश गरेको |
| जम्मा | | | | | ८५८७६ | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८५,८७६ |

६७ **माङमाया ट्रसपुल निर्माण**

झोलुङ्गेपुल क्षेत्रगत कार्यक्रम अन्तर्गत पालिकामा हाडिखोला झोलुङ्गेपुल निर्माणका गर्नकालागि उपभोक्ता समिति सँग रु ४९५५१७५ को सम्झौता भएको देखिन्छ। यो वर्ष उक्त पुल निर्माणको लागि सामाग्री खरिद वाहेक रु २७१५४७५ को प्राविधिक मुल्याङ्कन गरेको र सामाग्री खरिदमा रु.१५,८८,९०७ समेत पुल निर्माणमा कुल रु.४३,०४,४४१ को निर्माण गरेकोमा उपभोक्ता समिति कुल लागतको २ प्रतिशत र गाँउपालिकाले कुल लागतको ६ प्रतिशत रकम व्यहोर्नुपर्ने व्यहोरेको नदेखिएकाले उक्त हिस्सा असुल गर्ने तथा हिसाव मिलान गरी प्रमाण पेश गर्नुपर्ने रु

| सिन | विवरण | व्यहोर्नुपर्ने रकम | व्यहोरेको रकम | असुल र स्रोत मिलान गर्नुपर्ने रकम |
|---|---|---|---|---|
| १ | उपभोक्ता समिति | ८६,०८८ | ५४,३०९ | ३१,७७९ |
| २ | गाउँपालिका | २,५८,२६६ | ० | २,५८,२६६ |
| **जम्मा** | | | | **२,९०,०४५** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,९०,०४५ |

६८ **लागत अनुमान तथा दर बिष्लेषण**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १० को उपनियम (१) मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा नियम ९ को अधीनमा रही तयार गर्नुपर्ने व्यवस्था रहेको र उपनियम २ मा उक्त लागत अनुमान तयार गर्दा प्रयोग गरिने नर्म्स सम्बन्धी व्यबस्था रहको छ । पालिकाले सञ्चालन गरेका योजनाहरुको लागि आफ्नै छुट्टै नर्म्स नभएकोले यस सम्बन्धमा प्राविधिक शाखासँग छलफल गर्दा सडक तथा भवन विभागको नर्म्स प्रयोग गर्ने गरेको जनाएको छ । उक्त नर्म्स बमोजिम ढुङ्गा फुटाउने (Stone Breaking) कार्यको लागि प्रति घनमिटर 1.5 जनशक्ति आवश्यक पर्ने उल्लेख छ ।तर प्रधानमन्त्री रोजगार कार्यक्रमका निम्न आयोजनाहरुमा ढुङ्गा फुटाउने (Stone Breaking) कार्यको लागि प्रति घनमिटर ३ जनशक्ति आवश्यक पर्ने उल्लेख गरी सोहि बमोजिम दर बिश्लेषण सहित लागत अनुमान तयार गरी कार्य सम्पन्न समेत पेश गरेको छ । जसले गर्दा निम्न कार्यमा विभिन्न मिति र गोश्वरा भौचरबाट विभिन्न व्यक्तिलाई तोकिए बमोजिम भन्दा बढी रकम भुक्तानी भएकोले पालिकाले उक्त आयोजनामा काम गर्ने व्यक्तिहरुको लगत तयार गरी सम्बन्धित व्यक्तिबाट एकिन गरी असुल गर्नुपर्ने रु.

| सि.नं. | योजना/ संस्था/समुहको नाम | stone breaking कार्य(घमि) | नर्म्स भन्दा बढी जनशक्ति | भुक्तानी दर प्रतिदिन रु. | बढी भुक्तानी रु. |
|---|---|---|---|---|---|
| १ | ठाडेलाईन गोरेटो बाटो | ४८.५० | १.५० | ६६८.०० | ४८५९७ |
| २ | सागफारा गोरेटोबाटो | ९४.०५ | १.५० | ६६८.०० | ९४२३८ |
| ३ | पिपलचोक ड्रिलिप | ४६.८९ | १.५० | ६६८.०० | ४६९८४ |
| ४ | तेल्लाबुङ रोड सोलिङ | ४६.०८ | १.५० | ६६८.०० | ४६१७२ |
| ५ | इसेरा माङजारा बाक्लो गाउँ | ३५.१० | १.५० | ६६८.०० | ३५१७० |
| ६ | चुनधारा चोक देखि मुलपानी गोरेटोबाटो | २८.१३ | १.५० | ६६८.०० | २८१८१ |
| ७ | मैवाखोला मा.वि. देखि पञ्चमी सम्म पदमार्ग | ३६.७५ | १.५० | ६६८.०० | ३६८२४ |
| ८ | कोक्साली हात्तिखावा पदमार्ग | ३४.२९ | १.५० | ६६८.०० | ३४३५९ |
| ९ | तल्लो ठोट्ने देखि लाली पदमार्ग | ३४.२९ | १.५० | ६६८.०० | ३४३५९ |
| १० | सिकारीटारबाट चुच्चे ढुङ्गा पदमार्ग | २६.६६ | १.५० | ६६८.०० | २६७१३ |
| ११ | घट्टा भुतभुते पदमार्ग निर्माण | ३८.२५ | १.५० | ६६८.०० | ३८३२७ |
| १२ | याङदेली पाङ्मा डाँडा पदमार्ग निर्माण | ८५.३५ | १.५० | ६६८.०० | ८५५२१ |
| १३ | पाख्रीन धारा सडक सोलिङ | ४२.०० | १.५० | ६६८.०० | ४२०८४ |
| १४ | हंसराजको घर देखि झोलुङ्गे पुल पदमार्ग | ८८.०५ | १.५० | ६६८.०० | ८८२२६ |
| १५ | नयाँ बर देखि माङहिम पदमार्ग | ५४.९० | १.५० | ६६८.०० | ५५०१० |
| १६ | चित्रे कदले पदमार्ग | ५०.४० | १.५० | ६६८.०० | ५०५०१ |
| १७ | घिमिरे गाउँ पुल पदमार्ग | ७३.५८ | १.५० | ६६८.०० | ७३७२७ |
| १८ | तिनमाने पदमार्ग | ५१.५३ | १.५० | ६६८.०० | ५१६२८ |
| १९ | लालकाजीको घर देखि बाँसघारे सम्म पदमार्ग | ४८.२० | १.५० | ६६८.०० | ४८२९६ |
| २० | काउले खोल्सा कुलो | ३४.९८ | १.५० | ६६८.०० | ३५०५० |
| २१ | चिम्फाक देखि मानेडाँडा पदमार्ग | ७०.८८ | १.५० | ६६८.०० | ७१०२२ |
| २२ | छ्यतेम्बा शेर्पाको घर पदमार्ग | २८.१३ | १.५० | ६६८.०० | २८१८६ |
| २३ | जनपृय आ.वि. पदमार्ग | ३७.१३ | १.५० | ६६८.०० | ३७२०४ |
| २४ | राके डाँडा दानाबुङ पदमार्ग निर्माण | ५०.१८ | १.५० | ६६८.०० | ५०२८० |
| २५ | फुबान्देन देखि सक्राते पदमार्ग | ३२७.३८ | १.५० | ६६८.०० | ३२८०३५ |
| २६ | हक्तमा पदमार्ग | ७०.६५ | १.५० | ६६८.०० | ७०७९१ |
| | जम्मा रु. | | | | १५८५४८५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १५,८५,४८४.६४ |

६९ **औषधी खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ को उपनियम ९(क) मा पहिलो पटकको सूचना बमोजिम पेश भएका दरभाउपत्रमध्ये न्यूनतम तीनवटा दरभाउपत्र सारभूत रुपमा प्रभावग्राही हुने अवस्थामा मात्र सबैभन्दा कम कबोल अंक रहेको दरभाउपत्र स्वीकृतिका लागि मूल्याङ्कन समितिले छनौट गर्नुपर्ने अन्यथा पुन: सिलबन्दी दरभाउपत्रको लागि सूचना आव्हान गर्नुपर्ने व्यवस्था छ। लागत अनुमान रु.२० लाख रहेको निःशूल्क प्रदान गरिने विभिन्न ६१ प्रकारका औषधी खरिद कार्यको लागि १५ दिनको म्याद दिई मिति २०८०।५।२२ मा शिलबन्दी दरभाउपत्रको सूचना प्रकाशन भएकोमा ३ वटा फर्मले दरभाउपत्र पेश गरेको पाइयो। पेश भएका

दरभाउपत्र मध्ये अमन फार्मेसीको रु.१९,५६,९४८।००, जनकल्याण फार्मेसीको रु.१९,६०,८४८।५० तथा कालिमा ड्रग्सको रु.२५,०५,२००।०० को दररेट पेश भएकोमा कालिमा ड्रग्सको दररेट लागत अनुमानभन्दा बढी हुनगई २ वटा फर्ममात्र सारभूत रुपमा प्रभावग्राही रहेको पाइयो। खरिद नियमावलीमा भएको व्यवस्था अनुसार न्यूनतम तीनवटा दरभाउपत्र सारभूत रुपमा प्रभागग्राही नभएको अवस्थामा पुनः सिलवन्दी दरभाउपत्रको सूचना प्रकाशन गरी खरिद प्रकृया अगाडी वढाउनुपर्नेमा सो नगरी पेश भएकामध्ये न्यूनतम कवोल गर्ने अमन फार्मेसीसँग मू अ कर वाहेक रु.१९,५६,९४८।०० को ठेक्का सम्झौता गरी गो.भौ.नं १५४।२०८०।१०।९ बाट रु.१९,८६,०००।०० भुक्तानी गरेको पाइयो। यसरी खरिद नियमावलीमा भएको प्रावधान अनुसार तीनवटा दरभाउपत्र सारभूत रुपमा प्रभावग्राही नभएको अवस्थामा पुनः सूचना प्रकाशन गरी प्रतिस्पर्धात्मक विधिवाट खरिद प्रकृया अगाडी वढाउनुपर्नेमा सो नगरी खरिद कार्य गरेको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १९,८६,००० |

७० **दर विश्लेषण फरक पारी बढी भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ। सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समिति वा लाभ ग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव-कन्ट्रयाक्टरबाट काम गराउन सकिने छैन भन्ने उल्लेख छ। नियमावलीमा भएको उक्त प्रावधानको विपरित पालिकाले उपभोक्ता समितिमार्फत निर्माण कार्य गराउनेगरी सम्झौता गरेका निम्नानुसारका योजनामा मेशिनद्वारा कार्य गराएको निर्माण व्यवसायीको विजक राखी भुक्तानी दिएको पाइयो। तर पालिकाले उक्त कार्यको दर विश्लेषण गर्दा मेशिनद्वारा माटो खन्ने कार्यको दर प्रति घनमिटर रु.७७.२५ हुनुपर्नेमा रु.१२७।०० तथा मेशिनद्वारा मिडियम ढुंगा फुटाउने कार्यको दर प्रति घन मिटर रु.१४७.२५ हुनुपर्नेमा रु.२२२.२५ कायम गरी दर विश्लेषण गरेको पाइएकोले यसरी भुक्तानी दिंदा निम्नानुसारका टोल विकास संस्थालाई बढी भुक्तानी भएको निम्नानुसारको रकम सम्बन्धित टोल विकास संस्थाबाट असूल हुनुपर्ने रु.७,७५,७३१।००

| क्रम संख्या | टोल विकास संस्थाको नाम | निर्माण कार्य | लागत अनुमान | दर विश्लेषणवाट फरक परेको रकम | असूल हुने रकम(टोल विकास संस्थाको योगदान कट्टी गरेर) |
|---|---|---|---|---|---|
| १. | ताङ्सादिन टोल विकास संस्था | ओख्रेखोला देखि दाविले | ६५२८३८ | १८८९४० | १,४४,८९२.०० |
| २. | काम्साङ टोल विकास संस्था | खहरे खोलादेखि शेर्पा जातिको समाधी स्थलसम्म नयाँ ट्र्याक | १०५२००० | ३२८०९२ | २,४९,४९९.०० |
| ३. | माङलक्छु टोल विकास संस्था | सेन्चुरी खेतदेखि थुखिया अधुरो मोटर वाटो | ५००००० | १५११०४ | १,०५,७७२.०० |
| ४. | फाफुङदेन टोल विकास संस्था | हिमालय आ वि देखि डाँडागाउँ फाङदेङ सम्म | ५००००० | ९२३९० | ६९,२९२.०० |
| ५. | सिंवाली टोल विकास संस्था | ओखलढुंगा पन्ध्रमुरे इसेरा हुँदै वाक्लो गाउँ सडक ट्र्याक ओपन | | ९५३७५ | ७१,५३१.०० |
| ६. | महादेव टोल विकास संस्था | बन बहादुरको घरदेखि गमे हल्दारको घर देखि नरेन्द्र कार्कीको घरसम्म ट्र्याक ओपन | ५००००० | १६९३७५ | १,२७३७५.०० |
| ७. | बूङधाक टोल विकास संस्था | गोलिडाँडा चौतारे सडक सोलिङ निर्माण | ४८८४४० | ९००० | ७,३७०.०० |
| **जम्मा** | | | | | **७,७५,७३१** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,७५,७३१ |

७१ **लागत अनुमान तथा दर बिष्लेषण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० को उपनियम (१) मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा नियम ९ को अधीनमा रही तयार गर्नु पर्ने व्यवस्था रहेको र उपनियम २ मा उक्त लागत अनुमान तयार गर्दा प्रयोग गरिने नर्म्स सम्बन्धी व्यबस्था रहको छ । पालिकाले सञ्चालन भएका योजनाहरुको लागि आफ्नै छुट्टै नर्म्स नभएकोले यस सम्बन्धमा प्राविधिक शाखासँग छलफल गर्दा सडक तथा भवन विभागको नर्म्स प्रयोग गर्ने गरेको जनाएको छ । सडक विभागले जारी गरेको नर्म्स बमोजिम ढुङ्गा फुटाउने(Stone Breaking) कार्यको लागि प्रति घनमिटर १.५ जनशक्ति आवश्यक पर्ने उल्लेख छ । तर अध्यक्षसंग रोजगार कार्यक्रमका निम्न आयोजनामा ढुङ्गा फुटाउने (Stone Breaking) कार्यको लागि प्रति घनमिटर ३ जनशक्ति आवश्यक पर्ने उल्लेख गरी सोहि बमोजिम दर बिश्लेषण सहित लागत अनुमान तयार गरी कार्य सम्पन्न समेत पेश गरेको छ । जसले गर्दा निम्न कार्यमा तोकिए बमोजिम भन्दा बढी रकम भुक्तानी भएको सम्बन्धमा पालिकाले एकिन गरी बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.

| सि.न. | आयोजनाको नाम | कार्य घनमिटर | नर्म्स भन्दा बढी जनशक्ति | भुक्तानी दर प्रतिदिन रु. | बढी भुक्तानी रु. |
|---|---|---|---|---|---|
| १ | आसिके घुम्ति वाट ओख्रे खोला सम्म सडक सोलिङ रोजगार उ.स. | ४३.५३ | १.५० | ८४५.०० | ५५१७४.२८ |
| २ | कोलडाँडा वाट माङमाया सडक सोलिङ रोजगार उ.स. | ११२.८८ | १.५० | ८४५.०० | १४३०७५.४० |
| ३ | ड्रिलिप सडक वाट पिङ डाँडा सम्म सडक सोलिङ रोजगार उ.स. | ५९.६४ | १.५० | ८४५.०० | ७५५९३.७० |
| ४ | पञ्चमि देखि माङमाया सम्म सडक सोलिङ तथा स्तरोन्नति रोजगार उ.स. | २१९.८४ | १.५० | ८४५.०० | २७८६४७.२० |
| ५ | नयाँ वन सिँचाई कुलो मर्मत रोजगार उ.स. | ३०.४५ | १.५० | ८४५.०० | ३८५९५.३८ |
| ६ | गाउँडे सिचाई कुलो मर्मत रोजगार उ.स. | १८.०६ | १.५० | ८४५.०० | २२८९१.०५ |
| ७ | सौरेनि जरवुट्टे सोलिङ मर्मत सम्भार रोजगार उ.स. | ४३.६५ | १.५० | ८४५.०० | ५५३२६.३८ |
| ८ | फाखोङ्देन जिरो पोईन्ट देखि लाङसेम्वा सम्म सडक सोलिङ रोजगार उ.स. | ११२.८० | १.५० | ८४५.०० | १४२९७४.०० |
| ९ | घोरेटार देखि कुवापानि हुदै देवलढुङ्गा सडक सोलिङ रोजगार उ.स. | १०५.४५ | १.५० | ८४५.०० | १३३६५७.८८ |
| १० | हाम्फावुङ गोरेटो वाटो मर्मत रोजगार उ.स. | ६४.४६ | १.५० | ८४५.०० | ८१७०३.०५ |
| ११ | सतमि देखि गोफ्लेटार सम्म पदमार्ग रोजगार उ.स. | ६३.६८ | १.५० | ८४५.०० | ८०७१४.४० |
| १२ | गोम्वा टार देखि ओसाङलुङ सम्म पदमार्ग रोजगार उ.स. | १०३.०५ | १.५० | ८४५.०० | १३०६१५.८८ |
| | जम्मा रु. | | | | १२३८९६८.५८ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १२,३८,९६८.५८ |

७२ **सोझै खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ मा सार्वजनिक निकायले स्वीकृत कार्यक्रम र योजना अनुसार रु.२० लाख रुपैँया सम्मको लागत अनुमान भएको मालसामान निर्माण कार्य सिलबन्दी दरभाउपत्र आह्वान गरी खरिद गर्नुपर्ने व्यवस्था छ भने नियम ८५ मा रु.१० लाखसम्मको लागत अनुमान भएको मालसामान वा निर्माण कार्य सोझै खरिद गर्न सकिने तर एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सिमा भन्दा बढि रकमको वा एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट एक पटक भन्दा बढी सोझै खरिद गर्न नसकिने व्यवस्था छ। पालिकाले देहायका विभिन्न गो भौ नं र मितिवाट मसलन्द तथा कार्यालय सामान, फर्निचर, कम्प्युटर, ल्यापटप, प्रिन्टर लगायतका सामग्री खरिद गर्दा प्याकेज वनाई ठेक्का प्रकृयावाट खरिद गर्नुपर्नेमा सो नगरी पटक पटक एउटै वा फरक फरक फर्मवाट कोटेशनको माध्यमवाट खरिद गरेको पाइयो। यस किसिमको खरिद कार्य मितिव्ययी तथा पारदर्शी भयो भनी आश्वस्त हुन नसकिने हुँदा

खरिद ऐन, नियमममा भएको व्यवस्था परिपालनामा पालिकाको ध्यान जानुपर्दछ। साथै खरिद नियमावलीले तोकेको सीमाभन्दा बढी रकमको एउटै फर्मवाट पटक पटक खरिद गरेको नियमसम्मत नदेखिएको रु.

| **क्रम संख्या** | **खर्च शिर्षक** | **गो भौ नं मिति** | **खरिद विवरण** | **खरिद फर्मको नाम** | **भुक्तानी रकम** | **जम्मा** |
|---|---|---|---|---|---|---|
| १. | गाउँपालिका चालु | ७३।२०८०।८।२६ | ल्यापटप प्रिन्टर खरिद | ताप्लेजुङ कम्प्युटर एण्ड सप्लायर्स | ७२८१४९.०० | २२३२०९६.०० |
| २. | गाउँपालिका चालु | १४९।२०८०।१०।९ | युपिएस व्याट्री लगायत | ताप्लेजुङ कम्प्युटर एण्ड सप्लायर्स | १५४७०५.०० | |
| ३. | गाउँपालिका चालु | ५३५।२०८१।०३।१५ | विद्यालयका लागि आवश्यक सामाग्री खरिद | ताप्लेजुङ कम्प्युटर एण्ड सप्लायर्स | ९९९३९४.०० | |
| ४. | गाउँपालिका पूँजीगत | ४१।२०८०।१२।२५ | कम्प्युटर प्रिन्टर खरिद | ताप्लेजुङ कम्प्युटर एण्ड सप्लायर्स | ३४९८४८.०० | |
| ५. | गाउँपालिका चालु | १५५।२०८०।१०।१० | कार्यालय सामान | जनसेवा अफसेट प्रेस | ४४७११२.०० | |
| ६. | गाउँपालिका चालु | ५९९।२०८१।०३।१८ | कार्यालय सामान | जनसेवा अफसेट प्रेस | ४८८७९२.०० | |
| **जम्मा** | | | | | | **२२३२०९६.००** |

| | |
|---|---|
| अनियमित भएको | २२,३२,०९६ |

## ७३ सिमा भन्दा बढीको खरिद

सार्वजनिक खरिद नियमावलि,२०६४ को नियम ८ बमोजिम सार्वजनिक निकायले वार्षिक रु.१० लाख रुपैया भन्दा बढी रकमको खरिद गर्दा तोकीए बमोजिम खरिद योजना तयार गर्नुपर्ने र नियम ११ बमोजिम मालसामानको खरिद गर्नु पूर्व सो मालसामानको स्पेसिफिकेसन सहित लागत अनुमान तयार गरी सार्वजनिक खरिद ऐन,२०६३ को दफा ८ बमोजिम उपयुक्त खरिद विधिको छनौट गरी सार्वजनिक खरिद कार्य गर्नुपर्ने व्यवस्था गरेको छ।त्यस्तै सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ८५ को उपनियम १(ख) बमोजिम एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी उल्लेखित सिमा (दश लाख) भन्दा बढी रकमको एउटै व्यक्ति,फर्म,कम्पनि वा संस्थाबाट सोझै खरिद गर्न सकिने छैन भन्ने व्यवस्था रहेको छ ।कार्यालयले दहायका फर्म तथा सामानहरु विभिन्न मितिमा कोटेसन मार्फत एकै फर्म बाट पटक पटक खरिद गरेको देखिन्छ ।त्यसरी सार्वजनिक खरिद नियमावलीले तोकेको व्यवस्था विपरित एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी उल्लेखित सिमा (दश लाख) भन्दा बढी रकमको एउटै व्यक्ति,फर्म,कम्पनि वा संस्थाबाट सोझै खरिद गरेको रकम नियमसम्मत नदेखिएको रु.

| **भौ.न.र मिति** | **कार्य/ विवरण** | **आपुर्तिकर्ता/निर्माण कम्पनीको नाम** | **भुक्तानी रकम रु.** |
|---|---|---|---|
| ३,२०८०।८।१० | पहिरो हटाउने कार्य | तेल्लाबुङ्ग कन्स्ट्रक्सन एण्ड सप्लायर्स(६०६८६०६३५) | ८,४७,९४६.९४ |
| १३,२०८०।९।२४ | सशस्त्र वेश क्याम्प गेट निर्माण | तेल्लाबुङ्ग कन्स्ट्रक्सन एण्ड सप्लायर्स(६०६८६०६३५) | ४८५,४४०.०० |
| ८,२०८०।१०।१२ | सयावदान टोल विकास खेल मैदान निर्माण | तेल्लाबुङ्ग कन्स्ट्रक्सन एण्ड सप्लायर्स(६०६८६०६३५) | ७,४७,८६३.०० |
| २६,२०८०।१२।०५ | बाढी पहिरो क्षति | तेल्लाबुङ्ग कन्स्ट्रक्सन एण्ड सप्लायर्स(६०६८६०६३५) | ८,८९,०९१.०० |
| २८,२०८०।१२।०६ | गौतमडाँडा÷मनमायाखोला सडक मर्मत | तेल्लाबुङ्ग कन्स्ट्रक्सन एण्ड सप्लायर्स(६०६८६०६३५) | ७,५१,४०९.०० |
| | | **जम्मा रु.** | **३७२१७५०.००** |

| | |
|---|---|
| अनियमित भएको | ३७,२१,७५० |

७४ **साँघु प्रहरी प्रोटेक्सन वाल र सोलिङ्ग निर्माण कार्य**

९,२०८०।०८।२८ पालिकाले साँघु प्रहरी प्रोटेक्सन वाल र सोलिङ्ग निर्माण कार्यको लागि रु.१५,१०,६१८.८६ को लागत अनुमान गरी उक्त कार्य रमाइलो टोल विकास संस्था मार्फत कार्य गराएकोमा रु.१५,२४,६४४.१० को कार्य सम्पन्न भएको छ। जसमा पालिकाले रु.१२,५०,०००।०० भुक्तानी गरेको छ । प्रोटेक्सन वाल तथा सोलिङ्ग कार्यको लागि आवश्यक पर्ने ढुङ्गा खरिदको बिश्लेषण गर्दा नापी किताब अनुसार जम्मा १२३.४८ घनमिटर ढुङ्गा खरिद गरी प्रयोग गरेको देखिन्छ । तर ढुङ्गा खरिदको विल (भरपाई) बमोजिम १७५ घन मिटरको प्रति घन मिटर रु.२३००।०० को दरले रु.४,०२,५००।०० भुक्तानी भएको देखिन्छ । यसबाट टोल बिकास संस्थालाई नापी किताब बमोजिम प्रयोग भएको ढुङ्गा भन्दा ५१.५२ घनमिटरको प्रति घन मिटर रु.२३०० को दरले रु.१,१८,४९६।०० बढी परिमाणमा ढुङ्गाको विल पेश गरी सोहि बमोजिम रकम भुक्तानी भएकोले नापी किताबमा भन्दा विल (भरपाई) मा बढी परिमाण उल्लेख गरी भुक्तानी भएको रकमको सम्बन्धमा एकिन गरी सोको प्रमाण पेश गर्नुपर्नुपर्ने अन्यथा रमाइलो टोल विकास संस्थाबाट असूल गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,१८,४९६ |

७५ **फरक खर्च शीर्षक**

७४,२०८०।११।१५ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३८ मा तोकिएको खर्च शिर्षकमा मात्र वजेट खर्च गर्नुपर्ने व्यवस्था छ। साथै महालेखा नियन्त्रक कार्यालयद्वारा जारी एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ (दोस्रो परिमार्जन) मा समेत तोकिएको तथा सम्बन्धित खर्च शिर्षकमा मात्र बजेट खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्थानीय तहका स्वास्थ्य शाखा लगायतको तलब, मंहङ्गी भत्ता र पोषाक भत्ता शिर्षकमा विनियोजन भएको रकमबाट बाट स्वास्थ्य उपकरण खरिदको भुक्तानी गरेको छ । उक्त शिर्षकमा भएको रु.२,९९,६९४।०० फरक खर्च शिर्षकवाट खर्च गरको नियम सम्मत् नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २,९९,६९४ |

७६ **नर्म्स फरक पारी बढी भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई, कागजात समावेश रहे नरहेको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यहोरा उल्लेख छ। पालिकाले उपभोक्ता समिति वा लाभग्राही समितिबाट निर्माण कार्य भएका निम्नानुसारका योजनामा Stone Machinery कार्यको दर विश्लेषण गर्दा प्रति घन मिटर रु.१०,२२६।१३ कायम गर्नुपर्नेमा नर्म्स फरक पारी प्रति घन मिटर रु.१०,७२४।८८ कायम गरी भुक्तानी दिएको पाइयो। यसरी दर विश्लेषणवाट वास्तविक दरभन्दा बढी दर कायम गरी भुक्तानी दिंदा निम्नानुसारका निर्माण कार्यमा बढी भुक्तानी भएको रकम सम्बन्धितवाट असूल हुनुपर्ने रु.

| **क्रम संख्या** | **टोल विकास संस्था। लाभग्राहीको नाम** | **निर्माण कार्य** | **दर विश्लेषणवाट फरक परेको रकम** | **असूल हुने रकम(टोल विकास संस्थाको योगदान कट्टी गरेर)** |
|---|---|---|---|---|
| १. | रानीवन आधारभूत विद्यालय | रानीवन आधारभूत विद्यालय घेरावारा | २३६७० | १९,४०१.०० |
| २. | पाटीडाडा मा वि | पाटीडाँडा मा वि घेरावारा | ७३०१ | ६,०३६.०० |
| ३. | तुम्बेटोल विकास संस्था | सरस्वती आ.वि. गेट तथा घेरावारा | २२३४३ | १८,११७.०० |
| **जम्मा** | | | | **४३,५५४.००** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४३,५५४ |

७७ **लद्यु उद्यम विकास कार्यक्रम**

५६१,२०८१।३।१७ गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को बुँदा नं ४० र ४१ मा उद्यमीलाई उद्योगको प्रकृति, आवश्यकता र उद्योगबाट सिर्जना हुने रोजगारीका आधारमा प्रविधि उपलब्ध गराइने र प्रविधिको कुल लागतको कम्तिमा बीस प्रतिशत रकम उद्यमी स्वयंले व्यहोर्नुपर्ने व्यवस्था छ ।पालिकाले अल्लो कपडा तालिम तथा प्रविधि हस्तान्तरणको लागि वडा नम्बर २ र वडा नम्बर ६ मा विभिन्न १२ उद्यमिलाई तालिम प्रदान गर्दा रु. ५,००,०००।०० को प्रविधि(तान तथा सो संग सम्बन्धित अन्य सामाग्री) खरिद गरेकोमा सोमा उद्यमीको तर्फबाट २० प्रतिशतले हुने रु.१००,०००।०० बेहोर्नुपर्नेमा जम्मा रु.४२,९४०।०० मात्र बहोरेकोले बाकीँ रु. ५७,०६०।०० सम्वन्धितवाट असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५७,०६० |

७८ **सिकाई सुधार कार्यक्रम**

२११, २०८१।०३।१४ शिक्षा तथा मानव स्रोत विकास केन्द्रले प्रकाशित गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०/०८१ को क्रियाकलाप नं.२.७.१३.४९ कोभिड÷१९ बाट पुगेको शैक्षिक क्षतिको परिपुरण तथा अन्य विपद समयमा सिकाइ निरन्तरताको क्रियाकलाप र कार्यान्वयन प्रक्रियाको नं.४ मा शिक्षकले सिकाइस्तर परीक्षण साधनको प्रयोग गरी प्रत्येक विद्यार्थीको नतिजाको विश्लेषण गरी सिकाइ स्तर पहिचान गर्नुपर्ने व्यवस्था रहेको छ। यस वर्ष पालिकामा कक्षा ८ मा अनुतिर्ण विद्यार्थिहरुको लागि Post test कक्षा सञ्चालन गरे जनाई विभिन्न ७ विद्यालयको लागि रु.३,३४,०००।०० निकासा दिएको छ। उक्त रकम विद्यालयले कुन कुन क्रियाकलापमा खर्च गरेको र उक्त खर्च पश्चात पहिलेको नतिजामा के कस्तो परिवर्तन भएको हो सोको विश्लेषण गरेको देखिएन। पालिकाले विद्यालयमा रकम निकासा दिएकोमा उक्त रकमको खर्चको सम्बन्धमा कुनै खुलासा गरेको छैन । पालिकाले कक्षा ८ मा अधिकांस विद्यार्थि अनुतिर्ण भएको कारण अतिरिक्त कक्षा संञ्चालनको लागि विद्यालयमा निकासा दिएको भएता पनि उक्त रकम खर्चको सम्बन्धमा कुनै विल तथा भरपाई पेश गरेको देखिएन । तसर्थ उक्त खर्चको यथार्थताको सम्बन्धमा विश्वस्त हुन सकिएन। साथै शिक्षकले सिकाइस्तर परीक्षण साधनको प्रयोग गरी प्रत्येक विद्यार्थीको नतिजाको विश्लेषण गरी सिकाइस्तर पहिचान गरेको विवरण समेत पेश गरेको देखिएन ।विद्यालयले कार्यान्वयन पुस्तिकामा तोकिए बमोजिमका क्रियाकलापमा रकम खर्च गरी विद्यार्थिको सिकाइमा सुधार गर्न अभिकतम प्रयास गर्नुपर्ने देखिन्छ ।

७९ **बढी दरमा भुक्तानी**

५१,२०८०।१०।०८ अर्थ मन्त्रालयले जारी गरेको कार्य सञ्चालन निर्देशिका,२०७७ बमोजिम प्रत्येक सहभागिलाई खाजा खाना वापत प्रति सहभागि प्रति दिन रु.२०० को दरले खाजा खर्च उपलब्ध गराउने व्यवस्था रहेको छ । पालिकाले युवा क्लब गठन तथा नमुना संसद अभ्यास कार्यक्रम सत्र्चालन गर्दा रु.३,४५,५००।०० खर्च गरेको छ । उक्त कार्यक्रममा विभिन्न २८ जना सहभागि भएकोमा सहभागि भत्ता वापत प्रति व्यक्ति रु.५००।०० यातायात वापत प्रति व्यक्ति रु.१५००।००(आउँदा जादा) र ४ दिनको एकमुष्ट खाजा वापत रु.११३०४०।०० खर्च गरी अर्जुन कुमार घिमिरेको पेश्कि फर्छयौट भएको छ । उक्त कार्यक्रममा खाना तथा निर्देशिका बमोजिम २८ व्यक्तिको ४ दिनको प्रति दिन रु.८०० को दरले रु.८९६००।०० खर्च गर्नुपर्नेमा रु.११३०४०।०० खर्च गरेकोले बढी खर्च गरेको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २३,४४० |

८० **नमुना विद्यालय विकास कार्यक्रम (नारायणी माध्यमिक विद्यालय)**

८०.१ २२२,२०८१।०३।१७ कार्याक्रम कार्यान्वयन पुस्तिका २०८०/०८१ को क्रियाकलाप नं.९.८ मा नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वयन अनुदान रकम खर्च गर्दा विद्यालयले गुरुयोजना तयार गरी खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले नमुना विद्यालय विकासको लागि आर्थिक वर्ष २०७७/७८ देखि श्री नारायणी माध्यमिक विद्यालय,साँघु छनौट गरी प्रत्येक वर्ष रकम उपलब्ध गराउँदै आएकोमा यस वर्ष रु.३०,००,०००।०० भुक्तानी गरेको छ ।उक्त रकम खर्चको सम्बन्धमा विद्यालयले गुरु योजना तयार गर्ने र सो बमोजिम खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । उक्त रकम विद्यालयले तयार गरेको विद्यालय सुधार गुरु योजना(२०८०/०८१÷८३/८४) बमोजिम खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । सो बमोजिम विद्यालयले यस वर्ष शिक्षक सहजकर्ता वापत विभिन्न शिक्षकलाई अतिरिक्त समय शिक्षण गरे वापत रु.११,२२,०००।०० भुक्तानी गरेको भरपाई पेश गरेको छ । विद्यालयले तयार

गरेको विद्यालय सुधार गुरु योजना (२०८०/०८१÷८३/८४) मा प्रधानाध्यापकलाई मासिक तलबको एक तिहाई रकम भुक्तानी गर्ने गरी तयार गरेकोमा सो बमोजिम प्रधानाध्यापकलाई मात्र भुक्तानी गर्नुपर्ने वा अन्य शिक्षकलाई समेत रकम भुक्तानी गर्न मिल्ने हो सोको पुर्ण खुलासा गरेको देखिएन ।तर विद्यालयले तयार गरेको विद्यालय सुधार गुरु योजना बमोजिम चौथो वर्षमा अतिरिक्त कक्षा सञ्चालन वापत रु.१,५०,०००।०० मात्र खर्च गर्नुपर्नेमा रु.११,२२,०००।०० खर्च गरेको छ । नमुना विद्यालय विकास एवं सञ्चालन निर्देशिका,२०७४ को दफा ८.६ बमोजिम शिक्षक संग कार्यसम्पादन करार गर्नुपर्ने र शिक्षकको कार्यसम्पादन मूल्याङ्कनलाई प्रोत्साहनको आधार बनाईने व्यवस्था रहेकोमा शिक्षकसंग करार सम्बन्ध गरेको देखिएन । जसले गर्दा शिक्षकलाई भुक्तानी गरेको रकम कार्यसम्पादनमा आधारित भए नभएको सम्बन्धमा एकिन हुन सकिएन ।

८०.२ विद्यालयले तयार गरेको विद्यालय सुधार गुरु योजना(२०८०/०८१÷८३/८४) बमोजिम विद्यालयले खरिद कार्य गर्दा सार्वजनिक खरिद ऐन तथा नियमावलीको पालना गर्नुपर्ने व्यवस्था रहेको छ । सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ८५ को उपनियम १(ख) बमोजिम एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी उल्लेखित सिमा (दश लाख) भन्दा बढी रकमको एउटै व्यक्ति,फर्म,कम्पनि वा संस्थाबाट सोझै खरिद गर्न सकिने छैन भन्ने व्यवस्था रहेको छ। विद्यालयले विद्यायल सुधार गरु योजना बमोजिम विद्यायलाई आवश्यक पर्ने स्मार्ट बोर्ड ४ वटा,नोट रिडर ३ वटा र ल्यापटप १ वटा खरिद गरेकोमा उक्त खरिद कार्य २०८१ असार २५ मा श्री ताप्लेजुङ कम्प्युटर एण्ड सप्लायर्स(स्था.ले.न.६००१२९३८७) संग सम्झौता गरी २०८१ असार ३१ मा रु.१२,९२,४२४।०० भुक्तानी गरेको छ। यसरी सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ८५(१)(ख) विपरित खरिद गर्ने कार्यमा सुधार गर्नुपर्दछ ।

८१ **प्रकोप व्यवस्थापन कोष**

विपद व्यवस्थापन कोष सञ्चालन सम्बन्धीकार्यविधि,२०७९ को परिच्छेद ७ मा आपतकालिन राहत तथा उद्धार सम्बन्धमा व्यवस्था गरेको छ । उक्त व्यवस्था बमोजिम विपदको घटनाबाट भएको क्षतिको आधारमा तोकिए बमोजिमको रकम भुक्तानी गर्ने व्यवस्था रहेको छ ।पालिकाको वडा नं.४ ओदकमा २०८० असार २ मा गएको पहिरोको कारण विस्थापित ६४ घर परिवार र वडा नं.३ मा १ घरपरिवार सहित ६५ घरपरिवारको आपतकालिन उद्धारको लागि पालिका र अन्य सरकारी,निजि तथा अन्य संग संगठनको सहयोगमा मिति २०८० साउन ७ गते देखि कार्य प्रारम्भ गरेकोमा मंसिर ८ मा ६५ वटा अस्थायी आवास निर्माण गरी सम्बन्धित परिवारलाई हन्तान्तरण गरेको छ । जसको लागि पालिकाले यस वर्ष यस कोषबाट रु.२७,०७,९१५।०० खर्च गरेकोमा उक्क रकम काठ खरिद,ढुङ्गा सङ्कलनको लागि निर्माण कम्पनी,काठ चिरानको ज्याला भुक्तानी लगायतका विविध शिर्षकमा रकम खर्च गरेको छ । पालिकाले कार्यविधिले तोके बमोजिमको कार्य गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

८२ **आर्थिक सहयोग**

५१६,२०८१।०३।१२ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्य नियमावली, २०७७ को नियम ३९ (१० ) मा जिम्मेवार ब्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि आबश्क विल भरपाई वा कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने ब्यबस्था छ। पालिकाले विविध खर्च शिर्षकबाट महान शहिद स्मृति प्रतिष्ठानलाई नगद रु.२,००,०००।०० आर्थिक सहयोग गरेको उल्लेख गरेकोमा सोको आवश्यकता र खर्चको पुष्टाई हुने विल भरपाई पेश गरेको छैन। उक्त भुक्तानी आधार प्रमाण वेगर भुक्तानी गरेको नियम सम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २,००,००० |

८३ **विद्यालय व्यवस्थापन सम्बन्धी क्षमता विकास कार्यक्रम**

कार्यक्रम कार्यान्वयन पुस्तिका,२०८०/०८१ स्थानीय तहको साझेदारीमा विद्यालय व्यवस्थापन पदाधिकारीहरुको विद्यालय व्यवस्थापन सम्बन्धीक्षमता विकास कार्यक्रममा प्रति विद्यालय रु.२०००।०० खर्च गर्न पाउने व्यवस्था रहेको छ। पालिकाले यस कार्यक्रमा संघीय शसर्त शिर्षकबाट रु.५८,०००।०० खर्च गरेको छ र पालिकाको तर्फबाट रु.१,०४,९९०।०० खर्च गरेको छ ।अर्थ मन्त्रालयले जारी गरेको कार्य सञ्चालन निर्देशिका,२०७७ बमोजिम अधिकृत स्तरको तालिम स्थानीय स्तरमा सञ्चालन भएमा स्रोत व्यक्ति/प्रशिक्षकलाई कार्यपत्र वापत रु.१०००।०० र कक्षा सत्र्चालन वापत रु.४००।०० गरी प्रति कक्षा रु.१४००।०० सम्म भुक्तानी गर्न पाउने व्यवस्था रहेको छ। तर पालिकाले २०८१ असार १ र २ गतेको कार्यक्रमको लागि स्रोत व्यक्तिको रुपमा प्रशिक्षक श्री

टिकाराम घिमिरेलाई बाटो म्याद सहित प्रति दिन रु.१०,०००।०० को दरले ५ दिनको रु.५०,०००।०० भुक्तानी गरेको छ भने आउँदा जाँदा सवारी साधन रिजर्व गरी आएको जनाई रु.५०,०००।०० खर्च लेखेको छ । पालिकाले दुई दिनको कार्यक्रमको लागि ५ दिनको रकम भुक्तानी गरेकोमा थप ३ दिनको प्रतिदिन रु.१०,०००।०० को दरले सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३०,००० |

८४ **पुस्तक खरिद**

५३४,२०८१।०३।१५आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्य नियमावली, २०७७ को नियम ३९ (१० ) मा जिम्मेवार ब्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि आबश्क विल भरपाई वा कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने ब्यबस्था छ । कार्यालयले संसारमा समाजवाद नामक ९३ थान किताब वैचारिक बुक सेन्टरबाट खरिद गरेको छ । उक्त किताबको आवश्यकता र उपयोगको सम्बन्धमा कुनै खुलासा गरेको देखिएन । तसर्थ उक्त रकम खर्च गर्नुको औचित्व पुष्टि नभएकोले नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ९३,००० |

८५ **सफ्टवेयरको वार्षिक सेवा शुल्क**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई, कागजात समावेश रहे नरहेको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यहोरा उल्लेख छ। पालिकाले गो भौ नं २८९।२०८०।१२।२० वाट वडाको एकिकृत कर सङ्कलन सफ्टवेयरको आ.व. २०७९।८० र २०८०।८१ को वार्षिक मर्मत शुल्क भनी सफटेक इन्फोसिस प्रा.ली. सँग यस आ.व. मा सम्झौता गरी रु.१,७१,७६०।०० भुक्तानी गरेको पाइयो। वार्षिक सेवा शुल्क लगायतका कुराहरु खरिद सम्झौतामा उल्लेख हुने तथा खरिद सम्झौता लेखापरीक्षणमा पेश नभएकोले दुई आर्थिक वर्षको वार्षिक सेवा शुल्कवापत यस आर्थिक वर्षमा सम्झौता गरी भुक्तानी दिएको रकमको सम्वन्धमा एकीन हुन नसकिएको रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,७१,७६० |

८६ **नर्म्सभन्दा फरक दरमा भुक्तानी**

अर्थ मन्त्रालयद्वार जारी कार्य सञ्चालन निर्देशिका, २०७७ मा सार्वजनिक निकायले सञ्चालन गर्ने सबै प्रकारका तालिम गोष्ठी सेमिनार कार्यशालाको खर्चको मापदण्ड सम्बन्धी व्यवस्था छ। उक्त मापदण्ड अनुसार विभिन्न तालिम कार्यक्रममा प्रशिक्षकले पाउने भत्ताको दर तोकिएको छ भने लामो अवधिसम्म सञ्चालन हुने सीप विकास तालिमहरुको हकमा मासिक न्युनतम ६० कक्षा लिएका मुख्य प्रशिक्षक र सहायक प्रशिक्षकलाई मासिक क्रमशः रु.२०,०००।०० र रु.१४,०००।०० प्रशिक्षक भत्ता दिन मिल्ने उल्लेख छ। पालिकाले गो भौ नं ३४०।२०८१।१।२३ मा वडा नं ५ को ३ महिने बेसिक कम्प्युटर तालिम सञ्चालन वापत वडा सचिव टंकनाथ श्रेष्ठलाई रु.१,९९,१००।०० भुक्तानी दिएको पाइयो। तालिमा कायक्रममा दुई जना प्रशिक्षकको ७२ दिनको हाजिर संलग्न गरी दैनिक रु.८६१। १९ को दरले प्रशिक्षक भत्तामा मात्र रु.१,२४,३००।०० भुक्तानी दिएको पाइयो। कुन प्रशिक्षकले कति वटा कक्षा लिएको सो कुरा खुल्ने कागजात समेत संलग्न नगरी तथा कार्य सञ्चालन निर्देशिकामा उल्लेख भएको दरले भुक्तानी गर्दा तीन महिनामा मुख्य प्रशिक्षकलाई मासिक रु.१०,०००।०० को दरले रु.३०,०००।०० तथा सहायक प्रशिक्षकको मासिक रु.७.०००।०० को दरले रु.२१,०००।०० गरी कुल रु.५१,०००।०० खर्च लेख्न मिल्नेमा रु.१.२४.३००।०० खर्च लेखेको पाइएकोले बढी खर्च लेखेको रु.७३,३००।०० को कर कट्टी पछिको हुने रु.६२,३०५।०० सम्बन्धितवाट असूल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६२,३०५ |

८७ **नयाँ सोच निर्माणका लागि वृहत शिक्षा सम्मेलन**

सार्वजनिक निकायद्धारा संचालन गरिने तालिम, सेमिनार, गोष्ठी¸कार्यशाला लगायतका कार्यक्रममा खर्च गर्दा अर्थ मन्त्रालयद्वारा जारी कार्य संचालन निर्देशिका, २०७७ मा तोकिए वमोजिमको दरमा खर्च गर्नुपर्ने उल्लेख छ । सार्वजनिक निकायले यस किसिमका तालिम

गोष्ठी सेमिनार तथा अभिमुखीकरण तालिम लगायतका कार्यक्रम गर्दा निर्देशिकाले तोके अनुसारको दरमा सम्पूर्ण खर्च रकमको लागत लागत अनुमान तयार गरी कार्यालय प्रमुखवाट स्वीकृत गराई सोही अनुसार कार्यक्रम संचालन गर्नुपर्ने व्यवस्था छ। मिति २०८१।२। १८ र १९ गते सञ्चालन भएको नयाँ सोच निर्माणका लागि वृहत शिक्षा सम्मेलनको लागि गो.भौ.नं ४४१।२०८१।२।२९ बाट प्राविधिक सहायक अर्जुन घिमिरेले लिएको रु.५,००,०००।०० पेश्की फछ्यौंट गरी रु.९,१९,६८०।०० सोधभर्ना भुक्तानी दिएको पाइयो। यस शिक्षा सम्मेलनको लागि पालिकाले लागत अनुमान तयार गरी सोही बमोजिम खर्च गर्नुपर्नेमा लागत अनुमान तयार समेत नगरी खर्च गरेको पाइयो। यस सम्बन्धमा देखिएका थप व्यहोरा निम्नानुसार छन्।

८७.१ **स्टेशनरी खर्चः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई, कागजात समावेश रहे नरहेको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यहोरा उल्लेख छ। २०८१।२।१८ को सम्मेलन उद्घाटनमा जम्मा २६६ जनाको उपस्थित रहेकोमा स्टेशनरी खर्च वापत ६०० जनाको लागि वलपेन र स्पाइरल खरिद गरी प्रति व्यक्ति रु.११५ को दरले खर्च लेखेको पाइयो। यसरी कार्यक्रममा उपस्थितभन्दा ३३४ जनाको प्रतव्यक्ति रु.११५ को दरले बढी खर्च लेखेको रकम सम्बन्धितबाट असूल हुनुपर्ने रु.

| असुल गर्नुपर्ने | ३८,४१० |
|---|---|

८७.२ पालिकाले उक्त सम्मेलनको लागि सम्मेलन सञ्चालन हुनु अगाडी र पछाडी गरी ७ दिनको लागि ३ जना विज्ञ नियुक्त गरेको पाइयो। मिति २०८१।२।१८ र १९ गते सञ्चालन भएको यस कार्यक्रममा विज्ञहरुलाई भत्ता दिंदा कार्य सञ्चालन निर्देशिकाले तोकेकोभन्दा फरक दरमा भत्ता दिनेगरी नियुक्त गरेको पाइयो। हवाई टिकट, अन्य यातायात तथा वस्ने खाने व्यवस्था सहित नियुक्त विज्ञलाई निर्देशिकाले व्यवस्था गरेको भन्दा बढी भत्ता रकम भुक्तानी गरेको पाइयो। दुई दिने सम्मेलनका विज्ञलाई दैनिक रु.१०,०००।०० को दरले ६ दिनको पारिश्रमिक भुक्तानी भएको पाइएकोले ४ दिन बढीको निम्नानुसारको रकम सम्बन्धित विज्ञवाट असूल हुनुपर्ने रु.

| क्रम संख्या | विज्ञको नाम | भुक्तानी रकम | भुक्तानी हुनुपर्ने रकम | कर कट्टी पछिको बढी भुक्तानी |
|---|---|---|---|---|
| १. | विमल कुमार फुंयाल | ६०,००० | २०,००० | ३४,०००.०० |
| २. | टिकाराम घिमिरे | ६०,००० | २०,००० | ३४,०००.०० |
| ३. | राम कुमार ढुंगाना | ६०,००० | २०,००० | ३४,०००.०० |
| **जम्मा** | | | | **१,०२,०००.००** |

कुल रु.१४,७०,५७५।०० खर्च भएको यस सम्मेलनमा विभिन्न १० थान विलवाट खाजा खाना खर्चमा मात्र रु. १,७९,५७०।०० खर्च लेखेको पाइयो। साथै सम्मेलन स्थल निर्माणको लागि खरिद भएको रु.१,४१,०२४।०० को पाल जिन्सी दाखिला गरी आम्दानी बाँध्नुपर्ने देखिन्छ।

| असुल गर्नुपर्ने | १,०२,००० |
|---|---|

## ८८ मुर्रा जातको राँगा वितरण

वडा नं १ को २५ प्रतिशत लागत सहभागितामा मुर्रा जातको राँगा वितरण कार्यक्रम वापतको रु.१,४५,०००।०० गो भौ नं २६९। २०८०।१२।०६ बाट ताप्लेजुङ एग्रिकल्चर एण्ड रिसर्च सेन्टर फर्मलाई भुक्तानी गरेको पाइयो। राँगा खरिदको लागि दररेट माग गर्दा ढुवानी सहितको दररेट माग भएको तथा ताप्लेजुङ जिल्लाकै फर्मको प्रस्ताव स्वीकृत भएको अवस्थामा झापा जिल्लाको खुदुनावारीवाट राँगा ढुवानी गरेको देखाई राँगा खरिद वापत रु.१,४५,०००।०० तथा ढुवानी वापत रु.५५,०००।०० गरी कुल रु.२,००,०००।०० खर्च भएको पाइयो। यसरी ढुवानी सहितको दररेट माग गरेको तथा ताप्लेजुङको फर्मको दररेट स्वीकृत भएको अवस्थामा झापा देखिको ढुवानी खर्च लेखेको पाइएकोले ढुवानी खर्च लेख्न मिल्ने देखिंदैन। तसर्थ राँगा खरिद वापतको रु.१,४५,०००।०० को ७५ प्रतिशत हुने

रु.१,०४,४००।०० खर्च लेख्नुपर्नेमा ढुवानी खर्च रु. ५५००० कृषकले व्यहोरेको देखाईएको मनासिव देखिएन। प्रस्तावनामै ढुवानी सहितको प्रस्ताव मात्र गरिएको अवस्थामा ढुवानी खर्च वापत रु. ५५००० थाप गरेकोले पालिका स्रोतमा थप व्ययभार पर्न गएको रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४०,६०० |

८९ **नर्म्सभन्दा फरक दरमा भुक्तानी**

अर्थ मन्त्रालयद्वार जारी कार्य सञ्चालन निर्देशिका, २०७७ मा सार्वजनिक निकायले सञ्चालन गर्ने सबै प्रकारका तालिम, गोष्ठी, सेमिनार तथा कार्यशालाको खर्चको मापदण्ड सम्बन्धी व्यवस्था छ। उक्त मापदण्ड अनुसार विभिन्न तालिम कार्यक्रममा प्रशिक्षकले पाउने भत्ताको दर तोकिएको छ भने तालिम सञ्चालन गर्ने निकायको प्रशिक्षकले कक्षा लिएको खण्डमा कक्षा लिएको भत्ता नपाउने तर कार्यपत्रको पाउने व्यवस्था छ। गो भौ नं २७९।२०८०।१२।१५ वाट महिला वालवालिका तथा जेष्ठ नागरिकलाई जनचेतना कार्यक्रम वापतको पेश्की फछ्यौंट तथा सोधभर्ना भुक्तानी वापत वडा सचिव अनिल तामाङलाई रु.१,८१,९००।०० भुक्तानी दिएको पाइयो। तालिम कार्यक्रममा कार्य सञ्चालन निर्देशिकाले तोकेको दरभन्दा फरक दरमा प्रशिक्षक भत्ता भुक्तानी भएको पाइएकोले बढी दरमा भुक्तानी भएको निम्नानुसारको रकम सम्बन्धितवाट असूल हुनुपर्ने रु.

| क्रम संख्या | प्रशिक्षकको नाम | सेसन संख्या | भुक्तानी रकम | पाउने रकम | कर कट्टी पछिको बढी भुक्तानी |
|---|---|---|---|---|---|
| १. | डा नवराज चापागाई | १० | २०००० | १०००० | ८५००.०० |
| २. | सुनिता शेर्पा | ५ | ७५०० | ५००० | ४२५०.०० |
| ३. | फुर्वा शेर्पा | ५ | ७५०० | ५००० | ४२५०.०० |
| **जम्मा** | | | | | **१७०००.००** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १७,००० |

९० **खाजा खाना खर्च**

कोशी प्रदेशको गाउँ तथा नगरसभाका सदस्यहरुको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ८ अनुसार कार्यपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा सदस्यले गाउँपालिकाको क्षेत्र वाहिर बास वस्नु परेमा रु.१६००।०० का दरले दैनिक भ्रमण भत्ता सुविधा तोकिएको छ। यस गाउँपालिकाका अध्यक्ष विजय प्रकाश वनेमले विभिन्न मितिमा भ्रमण गर्दा ऐनले तोकेको सुविधाको अतिरिक्त विभिन्न स्थानको खाना तथा होटलवाट खर्च समेत भुक्तानी लिएको पाइयो। यसरी ऐनले तोकेको सुविधा लिइसकेको अवस्थामा पुनः दोहोरो हुनेगरी खाना तथा होटलवास खर्च वापत निम्नानुसारको भुक्तानी लिएको नियमसम्मत नदेखिएको रु.

| क्रम संख्या | गो भौ नं मिति | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|
| १. | २५४।२०८०।१२।१ | ८५३२७ | निजी सचिव सुक बहादुर वनेमलाई भुक्तानी |
| २. | ३८०।२०८१।२।७ | ८१८३० | विभिन्न ५ थान विजकवाट स्वयंलाई भुक्तानी |
| **जम्मा** | | **१६७१५७.००** | |

| | |
|---|---|
| अनियमित भएको | १,६७,१५७ |

९१ **सुन्तला प्रवर्द्धन कार्यक्रम**

वडा नं १ को सुन्तला प्रवर्द्धन कार्यक्रम अन्तर्गत तालिम तथा सुन्तला विरुवा वितरण कार्यक्रमको लागि ताप्लेजुङ एग्रीकल्चर एण्ड रिसर्च सेन्टर फर्मलाई गो भौ नं ४२७।२०८१।२।२७ वाट रु.१,९९,९८०।०० भुक्तानी दिएको पाइयो। सुन्तला विरुवा वितरण वापत रु.१,५३,६२५।०० तथा रु.४६,३५५।०० तालिमा कार्यक्रममा खर्च भएको यस कार्यक्रमको सम्बन्धमा देखिएका थप व्यहोरा निम्नानुसार छन्

९१.१

**प्राविधिकवाट प्रमाणित** - प्रतिगोटा रु.१२५।०० को दरले १२२९ विरुवा खरिद तथा वितरण वापत रु.१,५३,६२५।०० खर्च लेखेको पाइयो। ताप्लेजुङ जिल्लाको आ व २०८०।८१ को लागि स्वीकृत जिल्ला दररेटमा सुन्तलाको विजु विरुवा र कलमी विरुवाको फरक फरक दररेट कायम भएको अवस्थामा खरिद विरुवा कलमी हो भनी कृषि प्राविधिकवाट प्रमाणित गराएर मात्र वितरण गर्नुपर्नेमा कुन प्रकारको विरुवा हो प्रमाणित नगराई भुक्तानी दिएको पाइएकोले सो को प्रमाण पेश हुनुपर्ने देखिएको रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,५३,६२५ |

९१.२ **नर्म्स फरक-** अर्थ मन्त्रालयद्वार जारी कार्य सञ्चालन निर्देशिका, २०७७ मा सार्वजनिक निकायले सञ्चालन गर्ने सबै प्रकारका तालिम गोष्ठी सेमिनार कार्यशालाको खर्चको मापदण्ड सम्बन्धी व्यवस्था छ। जसमा प्रशिक्षकहरुको विभिन्न भत्ताको दरहरु तोकिएको छ भने एउटा कक्षा न्युनतम १ घन्टा ३० मिनेटको हुनुपर्ने उल्लेख छ। दुई दिन सञ्चालन भएको सुन्तला खेती सम्बन्धी तालिम कार्यक्रममा हरेक सेसन १ घन्टाको मात्र सञ्चालन गरी प्रति सेसन रु.१,५००।०० को दरले १२ सेसनको रु.१८,०००।०० खर्च लेखेको पाइएकोले ४ सेसनको प्रति सेसन रु.१,५००।०० को दरले बढी भुक्तानी भएको रकम सम्बन्धित फर्मवाट असूल हुनुपर्ने रु,

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,००० |

## ९२ रुख कटान

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई, कागजात समावेश रहे नरहेको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यहोरा उल्लेख छ। पालिकाले स्कुल नजिकैको वरको रुखले विद्यायलमा जोखिम भएको भनी उक्त रुख कटान कार्यको लागि गो भौ नं ४५३।२०८१।२।२३ वाट श्री मैवाखोला मा वि लाई रु.७०,०००।०० भुक्तानी दिएको पाइयो। संलग्न डोरहाजिर अनुसार कटान कार्यको लागि डोर हाजिर २० दिनको प्रतिदिन ८४५ ले रु.१६,९००।०० भुक्तानी हुनपर्नेमा प्रतिदिन रु.१५००।०० को दरले रु.३०,०००।०० भुक्तानी भएको पाइएकोले बढी भुक्तानी भएको रकम सम्बन्धित विद्यालयबाट असूल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १३,१०० |

## ९३ वितरण भरपाई

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई, कागजात समावेश रहे नरहेको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यहोरा उल्लेख छ । पालिकाले गो भौ नं १५३।२०८०।१०।०९ बाट जेष्ठ नागरिकलाई वितरणको लागि खरिद गरेको १२५ सेट First Aid Kit वापतको रु.३,९९,४०८।०० ड्रग इन्टरनेशनललाई भुक्तानी दिएको पाइयो। स्रेस्तासाथ उक्त सामाग्रीको वितरण भरपाई हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,९९,४०८ |

## ९४ खर्च विश्लेषण

पालिकाले खर्च गर्दा वजेटको स्रोतको आधारमा अधिकतम मितव्ययी तवरले वजेट विनियोजन तथा खर्च गर्नुपर्दछ । पालिकाले गत वर्ष र यो वर्ष विनियोजन गरेको बजेट र खर्चको उल्लेखित शिर्षकमा भएको विनियोजन तथा खर्चको अवस्था देहाय वमोजिम रहेको छ ।

९४.१

| विविरण | वजेट (२०७९।८०) | आ.व २०७९/८० खर्च | वजेट (२०८०/८१) | आ.व 2080/८१ खर्च | वजेट वृद्धि प्रतिशत | खर्च वृद्धि प्रतिशत |
|---|---|---|---|---|---|---|
| चालु खर्च | ३०१५२४४५५. | २५९१२७७६०.५ | २५९९३४८००. | २३०२४६६२७.०४ | -१३.७९ | -११.१५ |
| पूँजीगतखर्च | १३५४१८२०२. | १२५४४०८२३.५४ | ११३५००००००. | १०६७४७१८४. | -१६.१९ | -१४.९० |
| कार्यालय संचालन | ४५००००० | ३१५३७७६ | ३४९७००० | ३४४५४४८ | -२२.२९ | ९.२५ |
| इन्धन | २५००००० | १६३०००० | २१००००० | १९०८४५५ | -१६.०० | १७.०८ |
| विविध | ५२७६००० | ४७८६०६८ | ४१४४९९९ | ४०७५२३१ | -२१.४४ | -१४.८५ |
| मर्मत | ३०००००० | ३०००००० | ३५००००० | ३५००००० | १६.६७ | १६.६७ |

उल्लेखित विवरण अनुसार चालुखर्च गतवर्षको तुलनामा बजेट तथा खर्च दुवै घटेको देखिन्छ भने पूँजीगततर्फ बजेट विनियोजन रु १३ करोड ५४ लाख रहेकोमा यो वर्ष ११ करोड ३५ लाख मात्र भएको र खर्च समेत घट्न गै १० करोड ६७ लाख मात्र भएको छ ।यसवाट गाँउपालिकाको पूँजीगत खर्च न्युन हुदै गएको देखिन्छ। पालिकाले यो वर्ष कार्यालय सम्बन्धीखर्च ९.२५ प्रतिशतले वृद्धि भएको छ भने मर्मत खर्च र ईन्धन खर्च १७ प्रतिशतले वृद्धि भएको देखिन्छ।पालिकाले विविध खर्च तर्फ गतको तुलनामा १५ प्रतिशत न्यून खर्च गरेको भएतापनी कुल विविध खर्च ४० लाख ७६ हजार भएको छ । पालिकाले आफ्नो आन्तरीक आय तथा स्रोतको विश्लेषण गरी चालु तर्फका खर्चमा नियन्त्रण गर्दै पूँजीनिर्माण हुने क्षेत्रमा विनियोजन तथा खर्च गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

९४.२ **मर्मत खर्च** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १५(५) मा सार्वजनिक निकायले कुनै मालसामान मर्मत गर्दा सम्बन्धित विशेषज्ञबाट लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। त्यसैगरी सवारी साधन तथा मेशिन औजार मर्मत गर्दा म.ले.प.फा.नं.४१४ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण आवेदन फारम र म.ले.प.फा.नं.४१५ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण अभिलेख खाता राख्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष मर्मत तर्फ रु.३५,००,००० बजेट विनियोजन गरी रु. ३५,००,००० खर्च गरेको छ। सवारी साधन तथा मेशिन औजार मर्मत गर्दा लागत अनुमान, मर्मत संभार तथा संरक्षण आवेदन फारम तथा मर्मत संभार तथा संरक्षण अभिलेख खाता व्यवस्थित राखेको पाइएन। नियमावलीमा भएको व्यवस्थाको पालना गरी मर्मत खर्च गर्नुपर्दछ।

९४.३ **इन्धन खर्च**- कोशी प्रदेश, सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययीता सम्बन्धी निर्देशिका, २०७९ मा सवारी साधनको किसिम, इन्धन खर्च र मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई प्रयोगमा ल्याउनुपर्ने व्यवस्था छ। पालिकाको १ ब्याक्होलोडर, रोलर १,१९ मोटरसाइकल, ३ वटा २ पाँग्रे सवारीसाधन रहेकोमा सोमा ईन्धनको भुक्तानी गर्दा इन्धन खर्चको मापदण्ड तयार नगरी रु.१९,०८,४५५ खर्च गरेको छ। पालिकाले पदाधिकारी तथा कर्मचारीलाई मासिक रुपमा दिने इन्धनको मापदण्ड समेत तयार गरेको छैन। पालिकाले प्रत्येक सवारी साधन प्रयोगको लगबुक राखि सम्बन्धित पदाधिकारीले प्रमाणित गर्नुपर्नेमा लगबुक अद्यावधिक राखेको पाइएन। इन्धन खर्चलाई मितव्ययी बनाउन इन्धन खर्चको मापदण्ड बनाउने, लग बुक राख्ने र इन्धन प्रयोगको व्यवस्थित अभिलेख राख्ने व्यवस्था गर्नुपर्दछ।

९४.४ विविध खर्च स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। यस स्थानीय तहले यो वर्ष विविधतर्फ रु.४१,४४,९९९ बजेट विनियोजन गरी रु. ४०,७५,२३१ खर्च गरेको देखिन्छ ।पालिकाको आन्तरिक आय न्युन भएको अवस्थामा विविध खर्च न्युनिकरण गरी खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ।

९५ **निजी सचिव**

गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३(३) मा गाउँपालिकाको अध्यक्ष/उपाध्यक्षले कार्यालय प्रयोजनका लागि गाउँपालिकाको राजस्व र आन्तरिक आय एवं कार्यालयको कार्य बोझ समेतलाई ध्यानमा राखी कार्यालयको निर्णय बमोजिम एक जना कर्मचारीलाई निजी सचिवको रुपमा राख्न सक्ने व्यवस्था गरेको छ। तर यस पालिकाका अध्यक्ष तथा उपाध्यक्षले ऐनमा भएको व्यवस्था विपरित २०८० पौषसम्म १।१ जना गरी २ जना निजी सचिव राखी तलब भत्ता खर्च लेखेको पाइयो। यसरी ऐनले तोकेको भन्दा बढी संख्यामा निजी सचिव राखी श्रावण देखि पौषसम्म तथा चाडपर्व खर्च समेत १ जनाको बढी तलवभत्ता खर्च लेखेको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २,३०,३१४ |

९६ **बढी चाडपर्व खर्च**

स्वास्थ्य सेवा ऐन, २०५३ मा स्वाथ्य सेवातर्फका कर्मचारीलाई खाइपाई आएको एक महिनाको तलव वरावर चाडपर्व खर्च दिने उल्लेख छ। करार सेवामा कार्यरत मेडिकल अफिसर डा.नवराज चापागाईलाई करार सम्झौता गर्दा तलव स्केल रु.४८,७३०।०० तथा संचार, स्थानीय भत्ता लगायतका विभिन्न भत्ता थप गरी मासिक रु.१,३०,०००।०० भुक्तानी दिनेगरी करार सम्झौता गरेको पाइयो। पालिकाले गो भौ नं ८।२०८०।६।१८ वाट तलवभत्ता भुक्तानी गर्दा चाडपर्व खर्च वापत आधारभूत तलव स्केल वरावरको रु.४८,७३०।०० मात्र भुक्तानी दिन मिल्नेमा रु.१,३०,०००।०० भुक्तानी दिएको पाइएकोले बढी भुक्तानी भएको रकम सम्बन्धितवाट असूल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८१,२६३ |

९७ **स्थानीय भत्ता**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई, कागजात समावेश रहे नरहेको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यहोरा उल्लेख छ। अर्थ मन्त्रालयको च नं ५।२०७१।०४।०२ को नयाँ तलबमान, सुविधा सम्बन्धमा भएको परिपत्रमा स्थानीय स्तरमा स्थानीय निकाय वा समितिहरुले नियुक्त गरेका कर्मचारीहरुले स्थानीय भत्ता पाउने छैनन् भनी उल्लेख छ। पालिकाले निम्नानुसारका कर्मचारीलाई दिन नमिल्ने भनी उल्लेख भएको स्थानीय भत्ता वापतको रकम भुक्तानी दिएको पाइएको उक्त रकम सम्बन्धित कर्मचारीबाट असूल हुनुपर्ने रु.

| क्रम संख्या | कर्मचारीको नाम | स्थानीय भत्ता रकम | कैफियत |
|---|---|---|---|
| १ | निजी सचिव स्मारिका लिम्बु | १५,९६०.०० | |
| २ | निजी सचिव सुक वहादुर वनेम लिम्बु | ३१,९२०.०० | |
| ३ | असई पेमा शेर्पा | ३१,९२०.०० | |
| ४ | खापासटे रोसन चोङवाङ | ३१,९२०.०० | |
| ५ | सहायक चौथो सुजन लिम्बु | १६,५००.०० | माघ देखि असारसम्म |
| ६ | सुरेन्द्र राई | १६,५००.०० | माघ देखि असारसम्म |
| जम्मा | | १,४४,७२०.०० | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,४४,७२० |

९८ **नपाउने स्थानीय भत्ता**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई, कागजात समावेश रहे नरहेको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यहोरा उल्लेख छ। अर्थ मन्त्रालयको च नं ५।२०७१।०४।०२ को नयाँ तलबमान, सुविधा सम्बन्धमा भएको परिपत्रमा स्थानीय स्तरमा स्थानीय निकाय वा समितिहरुले नियुक्त गरेका कर्मचारीहरुले स्थानीय भत्ता पाउने छैनन् भनी उल्लेख छ। स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) को मिति च.नं. १५६ मिति २०७५।०६।११ सवै स्थानीय तहहरुलाई गरिएको परिपत्रमा सूचना प्रविधि अधिकृतको स्थानीय भत्ता ग वर्गमा कार्यरतलाई मासिक रु.२,५००।०० तोकिएको छ। पालिकाले यस पालिकामा कार्यरत सूचना प्रविधि अधिकृत मदन तिवारीलाई स्थानीय भत्ता वापत मासिक रु.३,९४०।०० भुक्तानी दिएको पाइएकोले मासिक रु.१,४४०।०० को दरले ९ महिनाको रु. १२९६० सम्बन्धित कर्मचारीबाट असूल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १२,९६० |

९९ **विल भरपाई**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१५** को निर्णयले रू **१३५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

### १०० महिला स्वास्थ्य स्वयंसेविका प्रोत्साहन भत्ता

राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रम रणनीति, २०६७ (पहिलो संशोधन २०७६) को बुँदा नं २.३.२ मा महिना स्वास्थ्य स्वयंसेविकालाई ६० वर्षको उमेरसम्म काममा लगाउनसक्ने त्यसपश्चात निस्चित रकम प्रोत्साहन दिई अवकाश दिनसक्ने उल्लेख छ। पालिकाले मैवाखोला गाउँपालिकाको आधारभूत स्वास्थ्य सेवा व्यवस्थित गर्न वनेको ऐन, २०७९ जारी गरी महिला स्वास्थ्य स्वयंसेविकालाई ५० वर्षमै अवकाश दिनेगरी प्रावधान राखेको पाइयो। पालिकाले गो भौ नं १४४।२०८०।१०।०८ वाट पालिकाका १७ जना ५० वर्ष नाघेका महिला स्वास्थ्य स्वयंसेविकालाई प्रोत्साहन भत्ता वितरण तथा विदाई कार्यक्रम वापतको रु.३,६०,०००।०० खर्च लेखेको पाइयो। यसरी संघीय ऐन, नियम तथा कार्यविधिको प्रावधान विपरित हुनेगरी स्थानीय निकायले ऐन, नियम, कार्यविधि वनाउँदा पालिकालाई थप दायित्व तथा आर्थिक भार समेत पर्ने हुँदा संघीय ऐन, नियम तथा कार्यविधिको विपरित हुनेगरी ऐन, नियम तथा कार्यविधि नवनाउनेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।

### १०१ सामाजिक सुरक्षातर्फ

सामाजिकसुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ।यो वर्ष पालिकाले सामाजिक सुरक्षा तथा संरक्षण शिर्षकवाट रु.४,०६,५४,०१५ खर्च भुक्तानी गरेको छ। यस सम्वन्धमा देखिएका व्यहोराहरु देहाय वमोजिम रहेका छन् ।

१०१.१ लगत कट्टाको अभिलेखः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं ११ मा मृत्यू भएमा, बसाइँ सरी गएमा, एकल वा विद्यवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाँच बर्ष (साठी महिना) उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आर्थिक बर्षको कुनै पनि किस्ता रकम नबुझेमा बा बैंक मार्फत वितरण भएकोमा लगातार एक बर्षसम्म खाता निष्क्रिय भएमा वा अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएमा त्यस्ता लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहको मूल अभिलेखबाट कट्टा गर्नुपर्ने तथा लगत कट्टा गरिएको व्यहोरा अभिलेखमा स्पष्ट जनाई सम्बन्धित स्थानीय तहको वडाका सचिब वा निजले तोकेको जिम्मेवार पदाधिकारीले प्रमाणीत गर्नुपर्ने व्यवस्था छ। लेखापरीक्षणको क्रममा मुल अभिलेख खाता र आर्थिक वर्ष २०८०।८१ को लगत कट्टाको विवरण माग भएकोमा मृत्यु भएका, वसाईसराई भए गएका तथा आएका नागरिकहरुको अभिलेख प्रणालीमा जनाएको विवरण मात्र तयार गरेको छ ।पालिकाले मुल अभिलेख खाता र लगत कट्टाको स्पष्ट अभिलेख नभएकाले कार्यविधिको बुँदा नं. १२ बमोजिम लगत कट्टा गर्नुपर्ने लाभग्राहीको लगत कट्टा भए नभएको र लगत कट्टा गर्नुपर्ने व्यक्तिलाई समेत भुक्तानी भएको छैन भनी एकीन गर्न सकिएन। आगामी दिनमा पालिकाले कार्यविधिको पालिना गर्दै सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको विवरण अध्यावधिक गरी भत्ता वितरण गर्नुपर्दछ।

१०१.२ पारदर्शिता र जवाफदेहिताः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं ३२ अनुसार स्थानीय तहहरुको कार्यालयले सामाजिक सुरक्षा भत्ता सम्वन्धी जानाकारी (लाभग्राहीको नाम दर्ता तथा नविकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने वैक र लाभग्राहिले पुरा गर्नुपर्ने प्रकृया) स्थानीय सामाजिक सस्था, गैरसरकारी सस्था, सामाजिक परिचालनमा संलग्न संस्थाहरुको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने र यस सम्बन्धीसुचना स्थानीय एफ एम लगायतका संचार माध्यमहरुबाट प्रचार प्रसार गर्नुपर्ने व्यवस्था मिलाउनुपर्ने र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसी सम्वन्धीत स्थानीय तहको वेभ साइटमा राख्नुपर्नेमा सो पालना गरेको पाइएन । यसले गर्दा भत्ता वितरण पारदर्शी ढङ्गबाट भएको छ भनि एकीन हुने अवस्था देखिएन।कार्यविधिमा भएको व्यवस्थाको पालना गर्नेगराउने तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।

१०१.३ सार्वजनिक सुनुवाईः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं ३४ मा स्थानीय तहले भुक्तानी गरेको रकम र बुझिलिनेहरुको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एक पटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्नेछ। सार्वजनिक सुनुवाईमा

प्राप्त गुनासा तथा सुझावहरु मध्ये आफुले सक्ने कुराहरु सम्बोधन गरी नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनु पर्नेमा सो गरेको पाइएन। सुनवाई नगरी लाभग्राही सुची अनुसार भत्ता वितरण गरेको छ।आगामी दिनमा कार्यविधिको पालना गरी भत्ता वितरण गर्नुपर्दछ ।

१०१.४ **एम.आई.एस विवरणः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ मा लाभग्राहीको विवरण एम=आई=एस. अद्यावधिक लगतको आधारमा भत्ता रकम निकासा गर्नुपर्ने व्यवस्था रहेको छ। गउँपालिकाबाट प्राप्त एम.आई.एस मूल अभिलेखसँग भत्ता वितरण गर्न बैंकमा पठाईएको नामावली बराबर रहेको पाइयो। एम.आई.एस विवरणको मूल अभिलेखमा लाभग्राहीहरुको विवरण पूर्ण रुपमा भरेको देखिएन। नमुना छनौट गरी परीक्षण गरिएकोमा केही लाभग्राहीको नागरिकता प्रमाण पत्र नं नभएको, ना.प्र.नं दोहोरिएको तेहरिएको वा सो भन्दा बढी रहेको, ना.प्र.नं जारी मिति उल्लेख नगरेको, लाभग्राहीको बाबु, आमा, बाजेको नाम उल्लेख नगरेको पाइयो। एम.आई.एस विवरण अद्यावधिक नहुँदा एकै नामथर भएको व्यक्तिलाई दोहोरो भत्ता जान सक्ने नाम समावेश भई भत्ता भुक्तानी हुन सक्ने जोखिम रहेको हुँदा गाउँपालिकाले एम=आई=एस लगत अद्यावधिक गरेर मात्र भत्ता वितरण गर्नुपर्दछ।

१०१.५ सामाजिक सुरक्षा भत्ता वितरणः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं २२ अनुसार अनुसूची १० बमोजिमको ढाँचामा गाउँपालिकाले वैङ्क सँग सम्झौता गरी गाउँपालिकामा रहेकोमा ६ वडाहरुको सामाजिक सुरक्षा भत्ता लक्ष्मी सनराइज बैङ्कबाट वितरण गराउदै आएको छ। पालिकाबाट तयार गरेको फरवार्ड फिड अनुसार यस वर्ष जेष्ठ नागरिक, जेष्ठ नागरिक दलित, एकल महिला, विधवा, पूर्ण अपाङ्ग, अतिअसक्त अपाङ्ग, वालपोषण दलित बर्गमा सामाजिक सुरक्षा भत्ता वितरण गर्नको लागि बैंकलाई पठाएको तथ्याङ्क देहाय अनुसार छ ।

| **लाभग्राहीको प्रकार जेष्ठ नागरिक** | **प्रथम त्रैमासिक** | | **दोस्रो त्रैमासिक** | | **तेस्रो त्रैमासिक** | | **चौथो त्रैमासिक** | | **जम्मा खर्च रकम** |
|---|---|---|---|---|---|---|---|---|---|
| | **संख्या** | **रकम** | **संख्या** | **रकम** | **संख्या** | **रकम** | **संख्या** | **रकम** | |
| जेष्ठ नागरिक | ६२१ | ७३६७९०० | ६१२ | ७३२७६६५ | ६२४ | ७३४६३७३ | ६३० | ७४५१७९० | २९४९३७२८ |
| जेष्ठ दलित | २१ | १६४९२० | २२ | १७०२४० | २२ | १७५५६० | २४ | १८८८६० | ६९९५८० |
| जेष्ठ एकल महिला | ९९ | ७९००२० | ९६ | ७६६०८० | ९२ | ७३३२७३ | ९२ | ७३४१६० | ३०२३५३३ |
| विधवा | ११६ | ९०४४०० | १२० | ९५२२८० | १२८ | १०००१६० | १३० | १०२१४४० | ३८७८२८० |
| क वर्ग | २७ | ३२३१९० | २५ | २९९२५० | २५ | २०९२५० | २४ | २७२९४१ | ११९४६३१ |
| ख वर्ग | ८२ | ५२१३६० | ८२ | ५२३४८८ | ८३ | ५२७७४४ | ८३ | ५२९८७२ | २१०२४६४ |
| दलित बालबालिका | ४२ | ६५९८६ | ४१ | ६३४८२ | ४४ | ६५८३१ | ४४ | ६६५०० | २६१७९९ |
| **जम्मा** | **१००८** | **१०१३७७७६** | **१०००** | **१०१०२४८५** | **१०१८** | **१०१४८१९१** | **१०२७** | **१०२६५५६३** | **४०६५४०१५** |

१०२ **लामो समयसम्म गयल**

नारायणी मा.वि. कि वाल विकास सहजकर्ता अनुपा योञ्जन आ.व. २०७९।८० को चौथो त्रैमासिक देखि यस आ.व. सम्म नै विद्यालयमा हाजिर भएको पाइएन। विद्यालयमा हाजिरी भएको पाइएन भने निजलाई नियमिति रुपमा तलवभत्ता भुक्तानी भए रहेको पाइयो। निजलाई यस आर्थिक वर्षमा तलवभत्ता तथा पोशाक भत्ता समेत रु.२,३१,०००।०० भएको पाइयो। यस विषयमा सोधपुछ गर्दा निज शिक्षक आफन्त विरामी भई उपचारमा तथा रेखदेखमा संलग्न भएको तथा निजको सट्टामा निजको आफन्तले कक्षा नियमित रुपमा लिइरहेको जवाफ प्राप्त भयो । यसरी वालविकास सहजकर्ताले सट्टा शिक्षक राख्ने प्रावधान नभएको हुँदा लामो अवधिदेखि विद्यालयमा अनुपस्थित शिक्षिकालाई तलवभत्ता वापत भुक्तानी भएको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २,३१,००० |

१०३ **शिक्षक दरबन्दी र पदपूर्ती**

१०३.१ शिक्षा तथा मानवश्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।८१ मा स्थानीय तहले दरबन्दी मिलानबाट कायम भएको दरबन्दी, शिक्षक अनुदान कोटा, प्राविधिक धार, प्रारम्भिक बाल विकास सहजकर्ता र विद्यालय कर्मचारी अनुदानमा कार्यरत शिक्षक, प्रशिक्षक तथा कर्मचारीको विद्यालयबाट प्राप्त मागफारम रुजुगरी निर्धारीत तलब, भत्ता, पोशाक खर्च, चाडपर्ब खर्च अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाको क्षेत्रभित्र रहेका विद्यालयको दरबन्दी मिलान नगरी तलब भत्तामा अनुदान खर्च लेख्ने गरेको छ । साथै नेपाल सरकार मन्त्रिपरिषदबाट साविकमा नेपाल सरकारले जिल्लागत रुपमा उपलब्ध गराएको प्राथमिक, निम्न माध्यामिक तहका शिक्षक दरबन्दी तथा राहतकोटालाई स्थानीय तहगत रुपमा बाँडफाँड भए बमोजिमको शिक्षक दरबन्दी तथा पदपूर्ति देहाय वमोजिम रहेको र सोही बमोजिम अनुदान निकाशा भएको छ। विद्यालयमा शिक्षक विद्यार्थी अनुपात एकीन गरी नियम बमोजिम विद्यालय व्यवस्थापन र शिक्षक दरबन्दी मिलान हुनुपर्दछ ।

| **विद्यालयको संख्या** | **बाल विकास दरबन्दी** | **स्थायी कार्यरत दरबन्दी** | **करार** | **राहात** | **संघिय अनुदान** | **अस्थायी लियन** | **रिक्त दरबन्दी** | **जम्मा दरबन्दी** | **विद्यालय कर्मचारी** | **विद्यार्थी सं.** |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २८ | २१ | ९३ | ४० | १९ | ४ | ० | ० | १५२ | ४ | २८८७ |

१०३.२ **विद्यालय अनुदान निकासाको अनुगमनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२)मा सर्वमान्यतामा असर नपर्नेगरी पालिकाको काम कर्तव्य अधिकारको खण्ड (ज) (२१) मा सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सो को बजेट व्यवस्थापन, विद्यालयको आयव्ययको लेखा, अनुशासन कायम र नियमन गर्नुपर्ने व्यवस्था छ ।पालिकाले अन्तरगतका आफ्नो क्षेत्रभित्रका विद्यालयहरुले विद्यालय लेखमान दिग्दर्शन बमोजिम नगदी तथा जिन्सीको लेखा राखे नराखेको, कट्टी गरेको कर , नागरिक लगानी कोष, कर्मचारी सञ्चयकोष सम्बन्धित खातामा दाखिला गरे नगरेको, र नेपाल सरकारको २०७५।३।३२ को निर्णय बमोजिम विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारी पारीश्रमिक सुविधा अनिवार्य रुपमा बैक खाता मार्फत भुक्तानी भए नभएको, विद्यालय सुधार योजना, सामाजिक परीक्षण र आर्थिक लेखापरीक्षण गरे नगरेको जस्ता विषयहरु समेतलाई ध्यान दिई विद्यालय अनुगमन मापदण्ड निर्धारण गरी विद्यालयको अनुगमन गरेको प्रतिवेदन देखिएन। साथै लेखापरीक्षण अवधिसम्म विद्यालयहरुको लेखापरीक्षण भएको देखिएन। पालिकाले उल्लेखित विषयहरुलाई समेत आधार लिई अनुगमन मापदण्ड तयार गरी नियमित अनुगमन गरिनुपर्दछ ।

१०३.३ **विद्यालयहरुको शैक्षिक गुणस्तरको अनुगमनः** कार्यक्रम कार्यान्वयन पुस्तिका,२०८०।८१ मा सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर स्थितिको नियमित रुपमा अनुगमन गरी सो को एक प्रति प्रतिवेदन शिक्षा तथा मानवस्रोत विकास केन्द्रमा पठाउने र सोको कार्यान्यिन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने व्यवस्था छ। यस पालिकाले आ.व.२०८०।८१ मा विद्यालयको शैक्षिक गुणस्तर बारे मापदण्ड निर्धारण गरी अनुगमन गरेको प्रतिवेदन नदेखिएकोले आफ्नो पालिका क्षेत्रभित्रका विद्यालयहरूको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिन मापदण्ड निर्धारण गरी नियमित अनुगमन गर्नुपर्दछ ।

१०४ **शिक्षातर्फ:बढी तलवभत्ता निकासा**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई, कागजात समावेश रहे नरहेको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यहोरा उल्लेख छ। पालिकाले विभिन्न मितिमा त्रैमासिक रुपमा शिक्षकहरुको तलवभत्ता निकासा गरेकोमा राजीनामा दिएका, विद्यालयमा हाजिर नभएका तथा वर्खास्तीमा परेका समेत गरी निम्नानुसारका शिक्षकलाई भुक्तानी हुनुपर्नेभन्दा बढी भुक्तानी गरेको तथा विद्यालयको खातामा निकासा गरेको पाइएकोले बढी भुक्तानी तथा निकासा भएको रकम

सम्बन्धित विद्यालय तथा शिक्षकवाट असूल हुनुपर्दछ। यस सम्बन्धी देखिएका थप व्यहोरा निम्नानुसार छन्

१०४.१ पालिकाले गो.भौ.नं. ६।२०८०।६।१८ वाट प्रथम त्रैमासिक निकासा गरेकोमा श्री नारायणी मा.वि.का नि.मा.वि करार शिक्षक सिद्धार्थ दाहालले २०८०।०६।०१ वाट राजिनामा दिएको पत्र संलग्न गरी श्रावण र भाद्र २ महिनाको तलव भत्ता वापत रु.७३,४६०।०० भुक्तानी गरेको पाइयो। तर निज शिक्षक २०८०।५।१५ सम्ममात्र विद्यालयमा हाजिर भएको पाइएकोले १५ दिनको बढी निकासा भएको तलव भत्ता वापतको रु.१८,३६५।०० सम्वन्धितबाट असूल गरी संघीय संचितकोष फिर्ता गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १८,३६५ |

१०४.२ पालिकाले गो.भौ.नं. ६।२०८०।६।१८ वाट प्रथम त्रैमासिक निकासा गरेकोमा श्री मैवाखोला मा.वि.का मा.वि द्वित्तीय करार(प्राविधिक धारतर्फ) करार शिक्षक निसन भण्डारीलाई प्रथम त्रैमासिक वापत चाडपर्व खर्चसमेत रु.२,०९,९४८।०० भुक्तानी भएको पाइयो। निज शिक्षकले मिति २०८०।६।८ देखि राजिनामा दिएको भएता पनि विद्यालयमा २०८०।६।१ सम्ममात्र हाजिर भएको पाइएकोले श्रावण¸भाद्र तथा आश्विन १ दिनको गरी कुल रु.१,०९,२६५।०० मात्र भुक्तानी हुनुपर्नेमा रु.१,००,६८३।०० बढी भुक्तानी भएको पाइएकोले बढी भुक्तानी भएको रकम सम्बन्धितवाट असूल गरी संघीय संचितकोष फिर्ता हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,००,६८३ |

१०४.३ पालिकाले गो.भौ.नं. ४४।२०८०।९।२३ वाट दोस्रो त्रैमासिक निकासा गरेकोमा श्री मैवाखोला मा.वि.का मा.वि तृतीय करार सेवाका शिक्षक पदम कुमार वनेमलाई ५१ दिनको तलवभत्ता वापत रु.७७,६७१।०० भुक्तानी गरेको पाइयो। निज शिक्षक २०८०।८।१२ सम्ममात्र विद्यालयमा हाजिर भएको पाइएकोले ४२ दिनको रु.६३,९६५।०० भुक्तानी हुनुपर्नेमा रु.१३,७०६।०० बढी निकासा भएको पाइएकोले बढी निकासा भएको रकम सम्बन्धितवाट असूल गरी संघीय संचितकोष फिर्ता हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १३,७६० |

१०४.४ पालिकाले गो.भौ.नं. ४४।२०८०।९।२३ वाट दोस्रो त्रैमासिक निकासा गरेकोमा श्री मैवाखोला मा.वि.का मा.वि द्वितीय (प्राविधिक धार) करार सेवाका शिक्षक सन्तोष राजवंशीलाई मासिक रु.५३,७३७।०० (महङ्गी भत्ता तथा प्राविधिक भत्ता समेत) को दरले २०८०।०९।११ सम्मको तलवभत्ता निकासा भएको पाइयो। निज शिक्षक २०८०।०८।२५ सम्ममात्र विद्यालयमा हाजिर भएको पाइएकोले ११ दिनको बढी निकासा भएको रकम रु.२८,६५६।०० सम्बन्धितवाट असूल गरी संघीय संचितकोष फिर्ता हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २८,६५६ |

१०४.५ पालिकाले श्री जनकल्याण मा.वि.का मा.वि तृतीय करार सेवाका शिक्षक संजय कुमार शाहलाई प्रथम त्रैमासिकको गो.भौ.नं. ६।२०८०।६।१८ वाट चाडपर्व खर्चसमेत रु.१,८०,७५६।०० तथा दोस्रो त्रैमासिकको १ महिना १८ दिनको गो भौ नं ४४।२०८०।९।२३ वाट रु.७३,०००।०० निकासा गरेको पाइयो। निज शिक्षक विद्यालयमा २०८०।०५।०५ सम्ममात्र हाजिर भएको पाइएकोले विद्यालय छाडेको अवधिको प्रथम त्रैमासिकमा चाडपर्व खर्च समेत रु.१,२७,४५२।०० तथा दोस्रो त्रैमासिकमा १ महिना १८ दिनको रु.७३,०००।०० गरी कुल रु.२,००,४५२।०० बढी भुक्तानी भएको पाइएकोले बढी भुक्तानी रकम सम्बन्धितवाट असूल गरी संघीय संचितकोष फिर्ता हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,००,४५२ |

१०५ **पाठ्यपुष्तक वितरण**

कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं २.८.३ को उपक्रियाकलाप ३.१ मा स्थानीय तहले IEMIS मा प्रविष्ट तथ्याङ्कलाई स्थानीय तह अन्तरगत सञ्चालित सामुदायिक विद्यालयमा कक्षा १-१२ सम्मका विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग

सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्यपुस्तकको सङ्ख्या यकिन गर्ने तथा विद्यालयलाई पाठ्यपुस्तक व्यवस्थाका लागि कक्षा ११-१२ का लागि आर्थिक वर्षको प्रथम त्रैमासिक तथा कक्षा १-१० का लागि तेस्रो त्रैमासिक भित्र अनुदान दिने व्यवस्था छ। साथै यसरी अनुदान दिँदा पहिलो पटकमा विद्यार्थी सङ्ख्याको ७५ प्रतिशत लाई मात्र अनुदान दिने तथा शैक्षिक सत्रमा भएको नयाँ विद्यालय भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र दोश्रो पटक अनुदान दिने व्यवस्था छ। पालिकाले गो.भौ.नं ९४।२०८०।१२।२० बाट रु.१,२५,५९३।०० तथा गो.भौ.नं.१८०।२०८१।३।४ वाट रु.२,५०,९३३।०० समेत गरी कुल रु.१५,०६,५२६।०० विभिन्न २८ विद्यालयको नाममा पठाएको छ। दोस्रो पटक निकासा गर्दा शैक्षिक सत्रमा भएको नयाँ विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको भरपाईको आधारमा यकिन गरेर मात्र निकासा दिनु पर्नेमा नयाँ विद्यार्थी भर्नाको यकिन गरेको पाइएन भने अधिकांश विद्यालयको पाठ्यपुस्तक वितरण गरेको भरपाई समेत संलग्न गरेको पाइएन। अतः पाठ्यपुस्तक खरिद गरेको विललाई मात्र आधार मानी निःशुल्क पाठ्यपुस्तक अनुदान वापत विभिन्न २८ विद्यालयहरुको नाममा पाठ्यपुस्तकको लागि निकासा गरिएको रु.१५,०६,५२६।०० बमोजिमको पाठ्यपुस्तक खरिद गरी EMIS प्रणालीमा व्यवस्थित विद्यार्थीहरुलाई वितरण गरे नगरेको सम्बन्धमा पालिकाबाट प्रभावकारी अनुगमन गरिनुपर्दछ।

१०६ **वितरण भरपाई**

कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।८१ मा निशुल्क पाठ्यपुस्तकको अनुदान दिँदा पहिलो पटकमा विद्यार्थी सङ्ख्याको ७५ प्रतिशतलाई मात्र अनुदान दिने तथा शैक्षिक सत्रमा भएको नयाँ विद्यालय भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र दोश्रो पटक अनुदान दिने व्यवस्था छ। पालिकाले मैवाखोला मा.वि. लाई पाठ्यपुस्तक खरिद वापत प्रथम किस्तामा रु.१,६२,३०२।०० तथा दोस्रो किस्तामा रु.३७,७८८।०० गरी कुल रु.२,००,०९०।०० भुक्तानी दिएकोमा कार्यक्रमा कार्यान्वयन पुस्तिकामा भएको व्यवस्था अनुसार पाठ्यपुस्तक वितरणको भरपाई संलग्न नगरी भुक्तानी दिएको पाइयो। यसरी वितरण भरपाई वेगर भुक्तानी दिएको पाठ्यपुस्तक वितरणको भरपाई पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,००,०९० |

१०७ **मागभन्दा बढी भुक्तानी**

नारायणी मा.वि. लाई पाठ्यपुस्तकको पहिलो किस्ता वापत गो भौ नं ९४।२०८०।१२।२० वाट रु.२,६०,३४३।०० भुक्तानी भएकोमा दोस्रो किस्ताको नपुग रु.६७,१३६।०० भुक्तानीको लागि विद्यालयले माग गरेकोमा रु.८३,९००।०० अर्थात मागभन्दा रु.१६,६६४।०० बढी विद्यालयलाई भुक्तानी भएको पाइयो। विद्यालयले पाठ्यपुस्तक वितरण गरेको भरपाई समेत पेश नगरेको अवस्थामा मागभन्दा बढी निकासा दिएको रकम सम्बन्धित विद्यालयवाट असूल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १६,६६४ |

१०८ **दिवा खाजा कार्यक्रम**

कार्याक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को २.८.७ क्रियाकलापको बुँदा नं ङ मा विद्यालय सञ्चालन हुनासाथ दिवा खाजा व्यवस्थापन गर्नुपर्ने भएकाले आर्थिक वर्षको सुरुमै शैक्षिक व्यवस्थापन सूचना प्रणाली IEMIS मा समावेश भएको प्रारम्भिक बाल विकासदेखि कक्षा ५ सम्मको विद्यार्थी सङ्ख्यालाई आधार मानी प्रति विद्यार्थीका लागि दैनिक रु.१५ का दरले पहिलो त्रैमासिकको बजेट निकासा गर्ने तथा बुँदा नं (घ) मा दोस्रो त्रैमासिकदेखि स्थानीय तहले विद्यालय भौतिक रुपमा पूरा चलेको दिन (परीक्षामा सामेल भएको दिनसमेत) खाजा उपलब्ध गराईएका विद्यालयको प्राधानाध्यापक र विद्यालग व्यवस्थापन समिति अध्यक्षबाट विधार्थीको सङ्ख्यात्मक विवरण प्रमाणित गराई स्थानीय तहमा सङ्कलन गरी सङ्ख्या यकिन भए पश्चात मात्र थप अनुदान दिने व्यवस्था मिलाउने व्यवस्था छ। साथै प्रत्येक त्रैमासिकमा निकासा गर्दा उक्त समयभन्दा अगाडि निकासा गरिएको रकम सदुपयोग भएको सुनिश्चत गर्ने व्यवस्था भएकोमा पालिकाले दिवा खाजा वापत रु.३७,३६,३८०।०० विभिन्न २८ विद्यालयको नाममा निकासा गर्दा कार्यान्वयन पुस्तिकामा भएको व्यवस्था बमोजिम विद्यालयको प्राधानाध्यापक र विद्यालय व्यवस्थापन समिति अध्यक्षबाट विद्यार्थीको सङ्ख्यात्मक विवरण प्रमाणित गराएर पेश भए तापनि विद्यार्थी उपस्थिति अस्वभाविक तथा कक्षाका सम्पूर्ण विद्यार्थी विद्यालय खुलेको पुरै दिन उपस्थित देखाउने गरेको पाइयो। थप निकासा दिनुभन्दा अगाडि पहिलो त्रैमासिकमा निकासा गरिएको रकम सदुपयोग भयो भएन बारे

कुनै प्रतिवेदन जारी नगरी निकासा गरेको कार्य विश्वसनीय नभएको हुँदा कार्यक्रम कार्यान्वयन पुस्तिकाले व्यवस्था गरेको कुराको कार्यान्वयन गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।

१०९ **बढी भूक्तानी**

पालिकाले पाटीडाँडा मा.वि. लाई दिवा खाजा वापत चार त्रैमासिकमा गरी कुल रु.३,०९,९३०।०० भुक्तानी दिएको पाइयो। कक्षा १-५ का विद्यार्थीको वार्षिक उपस्थित दिन १७३९६ को प्रतिदिन प्रतिविद्यार्थी रु.१५ को दरले रु.२,६०,९४०।०० भुक्तानी हुनुपर्नेमा २०६६२ दिन अर्थात विद्यार्थी हाजिर भएको दिनभन्दा ३२६६ दिन बढीको प्रतिदिन रु.१५ को दरले रु.४८,९९०।०० बढी निकासा भएको पाइएकोले बढी निकासा भएको रकम सम्बन्धित विद्यालयवाट असूल गरी संघीय संचितकोष दाखिला हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४८,९९० |

११० **प्रधानाध्यापक भत्ता**

मैवाखोला गाउँपालिका नमूना विद्यालय एवं विकास सञ्चालन कार्यविधि २०७९ को बुँदा नं ८.१.१ मा गाउँपालिकाले छनौट गरेको नमूना विद्यालयक प्रधानाध्यापकलाई निजले खाइपाई आएको तलब स्केलको १० प्रतिशत बराबरको रकम प्रधानाध्यापक भत्ता उपलब्ध गराइनेछ भन्ने उल्लेख छ। पालिकाले छनौट गरेको नमूना विद्यालय मैवाखोला मा.वि. का प्रधानाध्यापक निमावि तृतीय शिक्षक भक्त बहादुर लिम्बुलाई तेस्रो त्रैमासिक निकासा गर्दा प्र.अ. भत्ता वापत मासिक रु.१६,५००।०० को दरले १२ महिनाको रु.१,९८,०००।०० भुक्तानी दिएको पाइयो। कार्यविधिले तोके अनुसार तलब स्केलको १० प्रतिशतले भुक्तानी गर्दा निजलाई मासिक तलब रु.३४,७३० को १० प्रतिशतले हुने रु.३,४७३।०० को दरले १२ महिनाको रु.४१,६७६।०० मात्र भुक्तानी दिनुपर्नेमा पाउनेभन्दा रु.१,५६,३२४।०० बढी भुक्तानी दिएको पाइएकोले बढी भुक्तानी भएको रकम सम्बन्धित शिक्षकवाट असूल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,५६,३२४ |

१११ **इन्टरनेट व्यवस्थापन अनुदान**

१७६,२०८१।०३।१९ कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को बुँदा नं ५.५ मा सुचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण सिकाई व्यवस्थापन गर्ने सबै सामुदायिक विद्यालयलहरुमा इन्टरनेट जडान गर्ने र जडित इन्टरनेट शुल्क भुक्तानी गर्ने प्रयोजनको लागि प्रति विद्यालय वार्षिक रु.१२ हजार अनुदान उपलब्ध गराउने व्यवस्था छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्य नियमावली, २०७७ को नियम ३९ (१० ) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि आवश्यक विल भरपाई वा कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। पालिकालले गो.भौ.नं ९५।२०८०।१२।२० वाट पालिकाभरिका निम्नानुसारका २८ वटा विद्यालयलाई प्रति विद्यालय रु.१२,०००।०० को दरले रु.३,३६,०००।०० भुक्तानी गरेकोमा महशूल तिरेको विल भरपाई स्रेस्तासाथ संलग्न गरेको पाइएन। इन्टरनेट महशूल भुक्तानीको लागि विद्यालयलाई निकासा भएको निम्नानुसारको रकमको महशूल तिरेको विल पेश हुनुपर्ने अन्यथा सम्बन्धित विद्यालयवाट असूल हुनुपर्ने रु.

| क्रम संख्या | विद्यालयको नाम | भुक्तानी रकम |
|---|---|---|
| १ | नारायणी मा.वि | १२,०००.०० |
| २ | मैवाखोला मा.वि | १२,०००.०० |
| ३ | महेन्द्र मा.वि. | १२,०००.०० |
| ४ | जनकल्याण मा.वि | १२,०००.०० |
| ५ | पाटीडाँडा मा.वि. | १२,०००.०० |
| ६ | ठोट्नेसिंहराज मनरानी आ.वि | १२,०००.०० |
| ७ | सरस्वती आ.वि चित्रे | १२,०००.०० |
| ८ | गंगा आ.वि | १२,०००.०० |
| ९ | सरस्वति आ.वि | १२,०००.०० |
| १० | नवज्योति आ.वि | १२,०००.०० |
| ११ | रानीवन आ.वि | १२,०००.०० |
| १२ | साहजित आ.वि | १२,०००.०० |
| १३ | महाविर आ.वि | १२,०००.०० |
| १४ | लोकतान्त्रिक आ.वि | १२,०००.०० |
| १५ | सिहं आ.वि | १२,०००.०० |
| १६ | सौरेनीडाँडा आ.वि | १२,०००.०० |
| १७ | मालिङ्गेनी आ.वि | १२,०००.०० |
| १८ | मानेडाँडा आ.वि | १२,०००.०० |
| १९ | सागफारा आ.वि | १२,०००.०० |
| २० | असाङलुङ | १२,०००.०० |

| | | |
|---|---|---|
| | आ.वि | |
| २१ | मूलपानी आ.वि | १२,०००.०० |
| २२ | मदनस्मृति आ.वि | १२,०००.०० |
| २३ | पाटी आ.वि | १२,०००.०० |
| २४ | जनप्रिय आ.वि. | १२,०००.०० |
| २५ | हिमालय आ.वि | १२,०००.०० |
| २६ | महादेव आ.वि | १२,०००.०० |
| २७ | मंगलादेवि आ.वि | १२,०००.०० |
| २८ | सागादिकी आ.वि | १२,०००.०० |
| जम्मा | | ३,३६,०००.०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,३६,००० |

१९२ **औषधी खरिद**

पालिकाकालाई आवश्यक पर्ने औषधी पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ती व्यवस्थापन गर्नु पर्दछ । आपूर्ती हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ती भएका औषधीको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यस वर्ष पालिकाले देहाय बमोजिमका शिर्षकबाट देहायबमोजिमको रु.३८,२५,८८७।०० को औषधी तथा औषधीजन्य सामाग्री खरिद गरेको देखिन्छ । आपूर्ती हुने औषधी तथा औषधीजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधीको प्रयोग र मौज्दात समेत यकिन भएन ।त्यसैगरी औषधी दाखिला गर्दा खरिद ईकाइका पदाधिकारी एवम् विज्ञ सहितको टोलीबाट स्पेशिफिकेशन बमोजिम भए नभएको मुचुल्का खडा गर्ने गरेको समेत देखिएन । अत: पालिकाले औषधी खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधी खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

| **भौ.नं/मिति** | **फर्मको नाम** | **भुक्तानीरकम रु.** | **स्रोत** |
|---|---|---|---|
| १०४,२०८०।१२।२६ | अंसु आयुर्वेद सप्लायर्स | ४४९५००.०० | संघीय सशर्त चालु |
| २२५,२०८१।३।१९ | ड्रग इन्टरनेशनल फार्मेसि | १७८५६११.०० | संघीय सशर्त चालु |
| ५३२,२०८१।०३।२४ | पराजुलि प्रिन्टिङ्ग प्रेस | ३९८३१७.०० | गाउँपालिका चालु |
| ५८१,२०८१।०३।१९ | जनकल्याण मार्फेसी | ११९२४५९.०० | गाउँपालिका चालु |
| | **जम्मा रु.** | **३८२५८८७.००** | |

१९३ **स्यानिटरी प्याड**

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरुलाई तोकिए बमोजिम वार्षिक १० महिनाको प्रति महिना १६ पिसको दरले वितरण गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष तेल्लाबुङ्ग सेनिटरी प्याड उत्पादन तथा टेलरिङ्ग उद्योग ( स्था.ले.न.६२०९०५८००) बाट २२७० थान सेनिटरी प्याड प्रति प्याक रु.१८५ को दरले रु. ४,१९,९५० भुक्तानी गरेको छ । पालिकाले गत वर्षको मौज्दात कति रहेको र यस वर्षको खरिद मध्ये कति वितरण गरी कति परिमाणमा बाँकी रहेको सोको विवरण तयार गरेको देखिएन । पालिकाले विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरी मौज्दातमा राखेको देखिन्छ। खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन।तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

११४ **न्योनो झोला कार्यक्रम**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८०।८१ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका दुई बर्थिङ सेन्टर रहेका छन् ।पालिकाले गत वर्ष बाँकि झोला मौज्दात विवरण पेश गरेको छैन । यस वर्ष ५०० थान न्यानो झोला रु.८८४ को दरले खरिद गरेकोमा यस वर्ष १६७ जना मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ । पालिकाको भण्डारमा खरिद गरिएका मध्ये ३३३ थान न्यानो झोला मौज्दातमा रहेका खरिद गरेको विवरण र सुत्केरी आमाको विवरणबाट देखिन्छ। खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

११५ **औषधी खरिद**

पालिकाकालाई आवश्यक पर्ने औषधी पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ती व्यवस्थापन गर्नु पर्दछ । आपूर्ती हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ। आपूर्ती भएका औषधीको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यस वर्ष पालिकाले खरिद गरेका औषधी तथा औषधीजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधीको प्रयोग र मौज्दात समेत यकिन भएन। त्यसैगरी औषधी दाखिला गर्दा खरिद ईकाइका पदाधिकारी एवम् विज्ञ सहितको टोलीबाट स्पेशिफिकेशन बमोजिम भए नभएको मुचुल्का खडा गर्ने गरेको समेत देखिएन । अत: पालिकाले औषधी खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधी खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

११६ **कार्यक्रम संचालनमा सिमा भन्दा बढीको खरिद**

स्थानीय तहहरुबाट सञ्चालन गरिने स्वास्थ्य तर्फका सशर्त कार्यक्रम सञ्चालन सम्बन्धीमार्गदर्शन, २०८०/८१ को क्रियाकलाप १.१ मा आइएमएनसिआई (IMNCI) कार्यक्रमको पालिकाको हकमा समिक्षाको लागि चाहिने औषधी खरिद वापत रु.५०,०००।०० र कोचिङको लागि आवश्यक पर्ने औषधी खरिद खरिद वापत रु.५०,०००।०० सम्म बजेट खर्च गर्न सक्ने व्यवस्था रहेको छ । तर पालिकाले समिक्षाको लागि रु.९९,९३३।०० र कोचिङ्गको लागि रु.९४,९२०।०० को औषधी खरिद गरेको छ । यसबाट पालिकाले समिक्षाको लागि रु.४९,९३३।०० र कोचिङ्गको लागि रु.४४,९२०।०० सहित जम्मा रु.९४,८५३।०० तोकिए भन्दा बढीको औषधी खरिद गरेको छ । कार्यक्रमको लागि तोकिएको रकमको भन्दा बढी रकमको औषधी खरिद गरेको रकम नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ९४,८५३ |

११७ **अग्रिम कर कट्टी**

६,२०८१।०३।१६ आयकर ऐन, २०५८ को दफा ८८ (१) अनुसार बासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको ब्याज, प्राकृतिक स्रोत,भाडा,रोयल्टी, सेवा शुल्क, कमिशन, बिक्रि बोनस, अवकाश भुक्तनी र अन्य कुनै प्रतिफल तथा अवकाश भुक्तानी गर्दा कुल भुक्तानी रकमको पन्ध्र प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ। पशु स्वास्थ्य कार्यक्रम कार्यान्वियन कार्याविधि,२०७५ को दफा १८ बमोजिम विभिन्न प्रकारका खोप कार्य गर्दा प्रत्येक भ्याक्सिनेटरलाई तोकिए बमोजिमको दरमा सेवा शुल्क दिनु पर्ने व्यवस्था बमोजिम निम्न भ्याक्सिनेटर (कर्मचारी) लाई एभिआर, पिपिआर, खोरेत, रानिखेत, लम्पि स्किन लगायतका खोप कार्य गरे वापत देहाय बमोजिमको सेवा शुल्क भुक्तानी गर्दा १५ प्रतिशतको दरले कर कट्टी गर्नुपर्नेमा १ प्रतिशत मात्र कर कट्टी गरेकोले बाँकी १४ प्रतिशत कर कट्टी गरी सम्बन्धित कर्मचारी (भ्याक्सिनेटर) बाट असूल गर्नुपर्न रु

| **सि.न.** | **कर्मचारीको नाम** | **भुक्तानी रकम रु.** | **१४ प्रतिशत कर रु.** |
|---|---|---|---|
| १ | तुलसी भट्टराई | २६,९०० | ३,७६६ |
| २ | सुजन लिम्बु | १९,४४० | २,७२२ |
| ३ | पासाङ्ग शेर्पा | २९,९१० | ४,१८७ |
| | **जम्मा रु.** | **७६,२५०** | **१०,६७५** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,६७५ |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : मैवाखोला गाउँपालिका, ताप्लेजुङ , मैवाखोला गाउँपालिका , ताप्लेजुङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | लक्ष्मी माया गोम्देन | २०७९-७-२३ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ३९,०३९,२९१.९७ | १६,९६२,४८८.१ | १४,०९३,६८१ | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ७०,०९५,४६१.०७ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | १३५,००० |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ६९,९६०,४६१.०७ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ५१४२२४८६.२२ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३३४२१७२०८.१२ | **चालु खर्च** | २७१११०६४२.०४ |
| **प्रदेश सरकारबाट अनुदान** | १६२७९९८९ | **पूँजीगत खर्च** | १३९०२४४४८ |
| **राजश्व बाँडफाँट** | ५८०६४६७५.७७ | **वित्तीय/अन्य व्यवस्था** | ३५८०४३५.९ |
| **आन्तरिक आय** | ६५२८७५८.८६ | | |
| **अन्य आय** | ०.० | | |
| **कुल आय** | ४१५०९०६३१.७५ | **कुल खर्च** | ४१३७१५५२५.९४ |
| **बाँकी मौज्दात** | | ५२७९७५९२.०३ | |

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।

- आन्तरिक लेखापरीक्षण नुहने, भएकोमा प्रतिवेदन नदिने, प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पताल लगायत सम्पुर्ण अन्तरसरकारी वित्तीय हस्तानतरणबाट भएको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।